# प्रदेश सरकार

# शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय

# गण्डकी प्रदेश

## गण्डकी प्रदेश उच्च शिक्षा पूर्वाधार विकास एवं अनुदान प्रणालीका लागि मानक विकास तयार गर्ने विषयमा गठित कार्यदल

# प्रतिवेदन, २०७९

## प्रतिवेदक

**समिति**

| | | |
|---|---|---|
| १. संयोजक | - | प्रा. डा. इन्द्र प्रसाद तिवारी |
| २. सदस्य | - | सहप्राध्यापक डा. सूर्य बहादुर जि.सी. |
| ३. सदस्य | - | श्री ऋषिराम बुढाथोकी |
| ४. सदस्य | - | श्री बुद्धि बहादुर राना |
| ५. सदस्य सचिव | - | श्री भोजराज न्यौपाने |

# आभार

गण्डकी प्रदेशमा सञ्चालित उच्च शिक्षा प्रदायक सामुदायिक क्याम्पसहरूको भौतिक एवम् शैक्षिक पूर्वाधारहरूको विकास गर्न विद्यार्थी सङ्ख्या, सञ्चालन गरेको विषय, शुल्कको सिमा, छात्रवृत्ति, आर्थिक कारोबारमा पारदर्शीता, भौतिक पूर्वाधार, सेवा पुऱ्याएको क्षेत्र र समुदाय, समाजमा पुऱ्याएको योगदान लगायतका मापदण्डका आधारमा सामुदायिक क्याम्पसहरूको वर्गीकरण गरी सामुदायिक क्याम्पसहरूको भौतिक एवम् शैक्षिक पूर्वाधार विकास तथा क्षमता अभिवृद्धिको हेतु प्रदेश सरकारबाट दिइने अनुदान प्रणाली व्यवस्थित गर्ने उदेश्यका साथ मानक विकास गर्न शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय अन्तर्गत यो अध्ययन गरिएको छ ।

यस अध्ययनलाई नीतिगत रूपमा स्वीकृति दिई अध्ययनको सिलसिलामा आवश्यक मार्ग निर्देशन र सारगर्भित सुझाव दिनु हुने शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास मन्त्री माननीय श्री मेखलाल श्रेष्ठज्यू प्रति यो कार्यदल सादर आभार व्यक्त गर्दछ । त्यस्तै अध्ययनको प्रकृयालाई मूर्त रूप दिन स्वीकृति दिनु हुने साथै अध्ययनको सिलसिलामा पूर्ण सहयोग र सारगर्भित सुझाव दिनु हुने शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक मन्त्रालयका सचिवज्यू श्रीमान् देवेन्द्र लामिछाने प्रति यो कार्यदल आभार व्यक्त गर्दछ ।

अध्ययनकै क्रममा शैक्षिक सूचना सङ्कलन एवम् विश्लेषण पश्चात् विज्ञहरूसँग मानक सम्बन्धमा गरिएको अन्तरक्रिया एवम् सुझाव सङ्कलनमा आफ्ना सारगर्भित सुझाव दिई सहयोग गर्नु हुने गण्डकी प्रदेश मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवज्यू श्रीमान् मनमाया भट्टराई पगेनी प्रति पनि यो कार्यदल आभार प्रकट गर्दछ । त्यस्तै अध्ययनको सिलसिलामा मन्त्रालय भित्र भएका सूचना सङ्कलन, कार्यशाला गोष्ठी तथा सुझाव सङ्कलनमा सक्रिय भइ सहयोग गर्ने शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक मन्त्रालयका उपसचिव श्री तोयानाथ लम्साल, शाखा अधिकृतहरू श्री टंक प्रसाद ढकाल, श्री मन कुमारी पौडेल, श्री शुसिला अधिकारीलाई कार्यदल विशेष धन्यवाद प्रकट गर्दछ ।

त्यस्तै अध्ययनका लागि सूचना तथा सुझाव सङ्कलनका सिलसिलामा विभिन्न शैक्षिक संस्थाबाट प्रतिनिधित्व गरी सहयोग गर्नु हुने प्राध्यापकहरू, संकाय डीनहरू, आङ्गिक क्याम्पसका क्याम्पस प्रमुखहरू, कार्यालय प्रमुखहरू, सामुदायिक क्याम्पसका क्याम्पस प्रमुखहरू तथा पदाधिकारीहरू र सम्पूर्ण सरोकारवालाहरूमा यो कार्यदल ससम्मान धन्यवाद ज्ञापन गर्दछ ।

गण्डकी प्रदेश  
उच्च शिक्षा पूर्वाधार विकास एवं अनुदान प्रणालीका लागि  
मानक विकास तयार गर्ने विषयमा गठित कार्यदल

# कार्यकारी सारांश

कुनै पनि राष्ट्रको समग्र विकासका निम्ति शिक्षा आधारभूत तथा महत्त्वपूर्ण पूर्वाधार मानिन्छ । शिक्षाले विकासको निमित्त आवश्यक क्षमतावान, असल, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार गर्दछ । राष्ट्रको आर्थिक, सामाजिक, सांस्कृतिक र पूर्वाधार विकासका लागि त्यस्तो जनशक्तिको योगदान महत्त्वपूर्ण हुन्छ । वैज्ञानिक, व्यावहारिक, सीपमूलक, एवं गुणस्तरीय शिक्षाको विकास समृद्ध नेपालको आधारशिला हो । देशको समग्र विकासको आधारभूत माध्यम शिक्षा नै रहेकाले गुणस्तरीय शिक्षामा सबै नागरिकको समतामूलक र न्यायोचित पहुँच स्थापित गर्नु आजको आवश्यकता हो । तसर्थ, राज्यले शिक्षाको विकास, पहुँच तथा गुणस्तर अभिबृद्धिको निमित्त आवश्यक नीति, कार्यक्रम र अनुदान प्रणालीको निर्माण गर्नु अपरिहार्य रहन्छ ।

नेपालले गुणस्तरीय शिक्षा उपलब्ध गराई एक्काइसौं शताब्दीको लागि प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न उच्च शिक्षा क्षेत्रमा समय सापेक्ष सुधार गर्दै जानु पर्दछ । राज्यको पुनर्संरचना, शासकीय पद्धति परिवर्तन र सामाजिक रूपान्तरणका लागि सङ्घीयता सहितको नयाँ संविधान कार्यान्वयन भइरहेको छ । संविधानले सङ्घ, प्रदेश र स्थानीय तहमा राज्यशक्तिको बाँडफाँट गरेको छ । यसै अनुरूप आफ्नो अधिकार उपयोग गरी समय सापेक्ष उच्च शिक्षा उपलब्ध गराई आवश्यक पर्ने जनशक्ति उत्पादन गर्ने नीति प्रदेश सरकारले पनि अङ्गीकार गर्नु पर्दछ । नेपालको संविधानले सरकारका कार्यहरूको सङ्घ, प्रदेश र स्थानीय तहका अधिकार सूची तयार गर्दा उच्च शिक्षा सङ्घ र प्रदेशको अधिकार अन्तर्गत राखेको हुनाले गुणस्तरीय शिक्षा विकासका लागि सबै तहले कार्य गर्न सक्ने र खासगरी उच्च शिक्षाका हकमा सङ्घ र प्रदेशले सहकार्य गर्न सक्ने अवस्था छ ।

पछिल्ला केही वर्षहरूमा उच्च शिक्षाका विषयमा विभिन्न कमी-कमजोरीहरू औंल्याइएका छन् जसमध्ये ठूलो सङ्ख्यामा स्थापना गरिएका उच्चशिक्षा संस्थाहरूमा भौतिक संरचनाको अपर्याप्तता तथा कमसल गुणस्तर देखि पढाइको न्यून स्तर, कमजोर तथा अपर्याप्त सिकाइका प्रविधि, पढाइकासाथै हुनु पर्ने व्यावहारिक ज्ञानको ज्यादै कमी, अनुसन्धानमूलक सिकाइको प्रारम्भनै नभएको अवस्था तथा विद्यार्थीको उत्तीर्ण प्रतिशत कमजोर रहेको प्रमुख विषय छन् । साथै उच्च शिक्षा प्रतिस्पर्धी, उत्पादनमुखी र अनुसन्धानमूलक हुन नसक्नू, पर्याप्त लगानी नहुनु, शिक्षाको गुणस्तर अनपेक्षित रूपमा न्यून हुनु, विज्ञान तथा प्रविधिमा आधारित शिक्षा र प्राविधिक शिक्षाको पहुँच र विस्तार पर्याप्त मात्रामा हुन नसक्नू, शिक्षण प्रक्रिया अधिक परीक्षामुखी हुनु, शिक्षकको पेसागत सक्षमता, नैतिकता र उत्प्रेरणामा कमी हुनु लगायतका समस्याहरू नेपालको शिक्षा प्रणालीले भोगिरहेका प्रमुख सवाल हुन् । विश्वविद्यालय अनुदान आयोगको रिपोर्ट अनुसार गण्डकी प्रदेशमा

जम्मा १५१ क्याम्पसहरू सञ्चालनमा रहेका छन् जसमध्ये १७ आङ्गिक, ५१ निजी तथा संस्थागत र ८३ सामुदायिक क्याम्पस रहेको पाइन्छ । त्यसैले गण्डकी प्रदेशमा उच्च शिक्षाको सम्बोधन गर्दा सामुदायिक क्याम्पसलाई विशेष महत्त्व दिनु पर्ने देखिन्छ ।

गण्डकी प्रदेशमा सञ्चालित उच्च शिक्षा प्रदायक सामुदायिक क्याम्पसहरूका विषयमा आवश्यक समस्या र चुनौतीहरूको अध्ययन, तिनिहरूको भौतिक एवम् शैक्षिक पूर्वाधारहरूको विकास गर्न विद्यार्थी सङ्ख्याको आधारमा नपुग संरचना विकास, प्रयोगशालाको सुदृढीकरण, सूचना तथा सञ्चार प्रविधिको विकास तथा विस्तार, संलग्न जनशक्तिको क्षमता विकास, विद्यार्थीहरूको इन्टर्नशीप तथा एपरेन्टसशीप, विद्यार्थीहरूको सिकाइका सन्दर्भमा गरिने योजना विकास तथा अनुसन्धानमा आधारित गुणस्तरीय शिक्षा प्रदान गर्न सहयोग पुर्‍याउन आवश्यक भएकोले गण्डकी प्रदेश शिक्षा नीति, २०७८ जारी भइसकेको छ । विद्यार्थी सङ्ख्या, सञ्चालन गरेको विषय, शुल्कको सिमा, छात्रवृत्ति, आर्थिक कारोबारमा पारदर्शीता, भौतिक पूर्वाधार, सेवा पुर्‍याएको क्षेत्र र समुदाय, समाजमा पुर्‍याएको योगदान लगायतका मापदण्डका आधारमा सामुदायिक क्याम्पस/कलेजहरूको वर्गीकरण गरी आर्थिक तथा अन्य आवश्यक सहयोग उपलब्ध गराइने विषय गण्डकी प्रदेश उच्च शिक्षा सम्बन्धमा उल्लिखित कार्यनीतिमा उल्लेख समेत गरिएको छ । उपरोक्त पृष्ठभूमिमा गण्डकी प्रदेश सरकारले सामुदायिक क्याम्पसहरूको भौतिक एवम् शैक्षिक पूर्वाधार विकासको निमित्त अनुदान प्रणाली व्यवस्थित गर्नु पर्ने आवश्यकता महसुस गरी सो सम्बन्धमा अध्ययन गरी सामुदायिक क्याम्पसहरूको भौतिक एवम् शैक्षिक पूर्वाधार विकास तथा क्षमता अभिवृद्धिको हेतु प्रदेश सरकारबाट दिइने अनुदान प्रणाली व्यवस्थित गर्ने उदेश्यका साथ मानक विकास गर्न शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय अन्तर्गत यो अध्ययन गरिएको छ ।

तसर्थ, यस अध्ययनको मूल लक्ष्य सामुदायिक क्याम्पसहरूको भौतिक एवम् शैक्षिक पूर्वाधारको विकास गर्न र शैक्षिक गुणस्तरको अभिवृद्धि गर्न प्रदेश सरकारले दिने अनुदान प्रणालीको निर्माण र मानकहरूको विकास रहेको छ । अध्ययनको क्रममा शैक्षिक सूचना सङ्कलन एवम् विश्लेषण, प्रदेशमा सञ्चालित उच्च शिक्षा प्रदायक सरकारी/सामुदायिक संस्थाहरूको शैक्षिक एवम् भौतिक अवस्थाको विषयमा सूचना सङ्कलन एवम् विश्लेषण, सरोकारवाला एवम् विज्ञहरूसँग मानक सम्बन्धमा आवश्यकता अनुसार अन्तरक्रिया एवम् सुझाव सङ्कलन, तथा सरोकारवालाहरूबाट प्राप्त सुझावहरू उपयुक्तानुसार समावेश गरी मानकको मसौदा तयार गरिएको छ ।

गण्डकी प्रदेश उच्च शिक्षा पूर्वाधार विकास तथा अनुदान प्रणालीका लागि मानक विकास गर्ने उदेश्य सहित प्रदेशका सामुदायिक क्याम्पसहरूमा गुणात्मक (Qualitative) तथा गणनात्मक (Quantitative) अनुसन्धान विधि प्रयोग गरि अध्ययन गरिएको छ । अनुसन्धान सर्वेक्षणको लागि सामुदायिक क्याम्पसहरूमा शैक्षिक तथा अन्य भौतिक पूर्वाधारको वर्तमान अवस्था साथै शिक्षण, सिकाई, अनुसन्धान र अन्य शैक्षिक गुणस्तर सुधारको लागि अनुदानको आवश्यकता रहेका क्षेत्रहरू

तथा मानक विकासको बारेमा जानकारी तथा सुझाव सङ्कलनगर्न अध्ययन प्रश्नावली तयार गरि जानकारी सङ्कलन गरिएको छ । गुणात्मक विधिका लागि सामुदायिक क्याम्पसहरूको स्थलगत अवलोकन अध्ययन, गण्डकी प्रदेश नेपाल पब्लिक क्याम्पस सङ्घ सँग अन्तरक्रिया एवम् सुझाव सङ्कलन गोष्ठी र सरोकारवाला, नीति निर्माणकर्ता तथा विज्ञहरूसँग सुझाव सङ्कलन गोष्ठी जस्ता विधिहरू प्रयोग गरिएको छ।

अध्ययन मार्फत प्राप्त सूचना तथा तथ्याङ्कहरूको विश्लेषण गरि आएका नतिजाको आधारमा गण्डकी प्रदेशमा उच्च शिक्षा पूर्वाधार विकास, कार्यक्रम/क्याम्पस सञ्चालन तथा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि प्रदेश सरकारसँग रहेको सीमित स्रोत-साधन प्रयोगका लागि क्याम्पसहरूको वर्गीकरण गरी त्यसका आधारमा अनुदान प्रवाह गर्न उपयुक्त देखिन्छ । क्याम्पसहरूको वर्गीकरण गर्ने आधारहरू अन्तर्राष्ट्रिय प्रचलनमा रहेका गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रदान गर्ने संस्थाहरूले प्रयोग गर्ने सूचकहरू, अनुदान प्रणालीमा प्रयोग गरिएका सूचकहरू र अध्ययन बाट प्राप्त नतिजाको आधारमा निर्माण गरिएको छ। गण्डकी प्रदेश उच्च शिक्षा अनुदान प्रणालीका लागि मानक विकास गर्ने प्रयोजनका लागि क्याम्पसहरूको भौतिक पूर्वाधार, कार्यक्रम सञ्चालन, विद्यार्थी तथा शिक्षक कर्मचारीको अवस्था, सिकाई, अनुसन्धान तथा प्रकाशन, मानव संसाधन विकास, कार्यक्रम विस्तार, विद्यार्थी सहयोग, क्याम्पसहरूको वित्तीय अवस्था, गुणस्तर सुनिश्चितता तथा प्रत्यायन समेतका मुख्य क्षेत्र र ती अन्तर्गतका प्रमुख उपक्षेत्रहरूको यथेष्ट, निर्वाह, र अपुग अवस्थालाई निश्चित अङ्क प्रदान गरी क्याम्पसहरूको वर्गीकरण गर्ने आधारहरू तय गरिएको छ ।

नेपालमा उच्च शिक्षाको लगानी अनुदान प्रदान गर्ने निकाय विश्वविद्यालय अनुदान आयोगको कार्यक्षेत्र फराकिलो छ र यसले देशकै सम्पूर्ण उच्च शिक्षाका संस्थाहरूको व्यवस्था गर्ने भएकोले र लामो संस्थागत अनुभव रहेकाले नीतिगत तथा कार्यगत रूपमा विश्वविद्यालय अनुदान आयोगको सम्पूर्ण प्रावधानहरू जस्ताको त्यस्तै कार्यान्वयनमा ल्याउन कठिनाइ हुने र वित्तीय साधन पनि अपूर्ण हुने भएकोले गण्डकी प्रदेश सरकारसँग भएको बजेटको सिमा अनुरूप अनुदानका प्रावधानहरू विकास गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकोले यस अध्ययनले प्रदान गरेको सुझाव अनुसार अनुदान प्रदान गर्न उपयुक्त देखिन्छ । यस अध्ययन रिपोर्टले निर्धारण गरेको सूचकहरूको आधारमा सामुदायिक क्याम्पसहरूको वर्गीकरण गरी अध्ययनले निर्धारण गरेका आवश्यक क्षेत्रहरूमा अनुदान प्रदान गर्न उपयुक्त देखिन्छ। अन्त्यमा, यस अध्ययन रिपोर्टमा प्रदान गरिएको सुझाव अनुसार गण्डकी प्रदेश सरकारले सामुदायिक क्याम्पसहरूलाई अनुदान दिने निर्देशिका निर्माण गरि उल्लिखित व्यवस्था अनुसार आवश्यक क्षेत्रहरूमा मौजुदा नीति, नियम र प्रक्रिया अवलम्बन गरी अनुदान प्रदान गर्न सुझाव प्रदान गरिन्छ ।

# विषय सूची

## Contents


आभार ....................................................................................... ii
कार्यकारी सारांश ........................................................................... iii
विषय सूची ................................................................................... vi
तालिका सूची ............................................................................... viii
चित्रहरूको सूची ............................................................................... ix
परिच्छेद १ ..................................................................................... १
गण्डकी प्रदेश उच्च शिक्षा पूर्वाधार विकास एवं अनुदान प्रणालीका लागि मानक विकास ..................... १
१.१. पृष्ठभूमि ....................................................................................... १
१.२. अध्ययनको कार्यदिश/कार्यशर्त ........................................................... ४
१.३. अध्ययन विधि ................................................................................ ५
परिच्छेद २ ...................................................................................... ६
नेपालको परिप्रेक्षमा गण्डकी प्रदेशको उच्च शिक्षाको अवस्था ................................................ ६
२.१. विद्यालय शिक्षा ............................................................................. ६
२.२. उच्च शिक्षाको अवस्था ..................................................................... ९
परिच्छेद ३ .................................................................................... १७
उच्च शिक्षा पूर्वाधार विकास एवं अनुदान प्रणालीका लागि वर्तमान मानकको अवस्था ...................... १७
३.१. उच्च शिक्षामा अनुदान प्रणालीको मोडल र प्रयोग हुने सूचकहरूको अन्तरराष्ट्रिय अभ्यासको समीक्षा १७
३.२. अनुदान प्रणालीहरूको मोडालिटी ........................................................ १७
३.३. अनुदानको सिमा निर्धारण विधि **(Determining the level of subsidy)** ........................ २०
३.४. सञ्चालन खर्चको निमित्त अनुदानको विनियोजन **(Allocation of fund for operations of HEI)** ........................ २०
३.५. अनुदान फर्मुलामा प्रयोग गरिएका सूचक तथा मानकहरू **(Parameters and Indicators Used in Funding Formula)** ........................ २१
३.६. अनुदान प्रणालीमा प्रचलित सूचक र मानकहरू ......................................... २१
३.८. उच्च शिक्षाको अनुदान प्रणालीमा नेपालको मौजुदा व्यवस्था ............................ २६
३.९. नेपालमा प्रयोग भएका उच्च शिक्षा अनुदान प्रणालीका सूचकहरुको संक्षिप्त विवरण .................. २६
परिच्छेद ४ .................................................................................... ३०
गण्डकी प्रदेश उच्च शिक्षा पूर्वाधार विकास एवं अनुदान प्रणालीका लागि मानक विकासको लागि प्राप्त सुझावहरूको विश्लेषण ........................ ३०
४.१. गण्डकी प्रदेश उच्च शिक्षा पूर्वाधार विकास एवं अनुदान प्रणालीका लागि मानक विकासको निमित्त सामुदायिक क्याम्पसहरूमा गरिएको अनुसन्धान सर्वेक्षणको नतिजा विश्लेषण ........................ ३०
*४.१.१. अध्ययन विधि* ........................................................................ ३०

*४.१.२. तथ्याङ्क प्रस्तुतीकरण तथा विश्लेषण* ........ ३१
*४.१.३. सर्वेक्षणमा सहभागी क्याम्पसहरूको शैक्षिक विवरण* ........ ३१
*४.१.४. गण्डकी प्रदेशका सामुदायिक क्याम्पसहरूमा मानव संसाधन, शैक्षिक र भौतिक पूर्वाधारको अवस्था* ........ ३५
४.२. गण्डकी प्रदेश उच्च शिक्षा पूर्वाधार विकास एवं अनुदान प्रणालीका लागि मानक विकासको निमित्त सामुदायिक क्याम्पसहरूमा गरिएको स्थलगत अवलोकन अध्ययन, गण्डकी प्रदेश नेपाल पब्लिक क्याम्पस सङ्घ सँग गरिएको अन्तरक्रिया एवम् सुझाव सङ्कलन / फोकस समूह छलफल तथा पदाधिकारी र विज्ञहरूसँग मानक सम्बन्धमा गरिएका अन्तरक्रिया एवम् सुझाव सङ्कलनका नतिजा विश्लेषण ........ ३९
*४.२.१. अध्ययन बिधि* ........ ३९
*४.२.२. क्याम्पसहरूको स्थलगत अवलोकन अध्ययनः* ........ ४१
*४.२.३. नेपाल पब्लिक क्याम्पस सङ्घ सँग गरिएको अन्तरक्रिया एवम् सुझाव सङ्कलनः* ........ ४३
*४.२.४. शिक्षा विषयका पदाधिकारीहरू र विज्ञहरूसँग मानक सम्बन्धमा प्राप्त सुझाव सङ्कलनको नतिजा विश्लेषण* ........ ४५
४.३. गण्डकी प्रदेश उच्च शिक्षा पूर्वाधार विकास एवं अनुदान प्रणालीका लागि मानक विकासको निमित्त सामुदायिक क्याम्पसहरूमा गरिएको सर्वेक्षण तथा सम्बन्धित पक्षहरू सङ्ग गरिएको सुझाव सङ्कलनको सारांश ४८
*४.३.१. क्याम्पसहरूको स्थिति* ........ ४८
*४.३.२. क्याम्पस अवलोकन अध्ययन र सरोकारवालाहरूसँगको छलफल, नेपाल पब्लिक* ........ ४९
परिच्छेद ५ ........ ५१
गण्डकी प्रदेश उच्च शिक्षा पूर्वाधार विकास एवं अनुदान प्रणालीका लागि मानक विकासको आधार तथा विश्लेषण ........ ५१
५.१ क्याम्पसहरूको वर्गीकरण ........ ५१
परिच्छेद ६ ........ ५७
गण्डकी प्रदेश उच्च शिक्षा पूर्वाधार विकास एवं अनुदान प्रणालीका लागि प्रयोग गरिने मानक ........ **५७**
६.१ गण्डकी प्रदेश क्याम्पसहरूलाई दिइने अनुदान आधार ........ ५९
६.२ गण्डकी प्रदेश क्याम्पसहरूलाई दिइने अनुदान रकम निर्धारण गर्ने सूत्र ........ ६०
६.३ गण्डकी प्रदेशका सामुदायिक क्याम्पसहरू र गण्डकी विश्वविद्यालयको सम्बन्ध ........ ६२
परिच्छेद ७ ........ ६३
उपसंहार ........ ६३
सन्दर्भहरू ........ ६६
अनुसूचीहरू ........ ६७

# तालिका सूची


तालिका २.१: नेपालको उच्च शिक्षामा विभिन्न किसिमका उच्च शिक्षा प्रदायक संस्थाहरूको अवस्था .......... १०
तालिका २.२: नेपालको उच्च शिक्षा प्रदायक संस्थाहरूमा औसत विद्यार्थी सङ्ख्याको स्थिति............... १०
तालिका २.३ नेपालको उच्च शिक्षामा सामुदायिक क्याम्पसको तुलनात्मक स्थिति ......................... ११
तालिका २.४: गण्डकी प्रदेशमा उच्च शिक्षामा तहगत विद्यार्थी भर्नाको समुच्च नेपालसंगको तुलनात्मक स्थिति ........................................................................................................ १२
तालिका २.५: गण्डकी प्रदेशमा संकाय तहमा उच्च शिक्षा प्रदान गर्ने संस्थाहरूको समुच्च नेपालसंगको तुलनात्मक स्थिति.................................................................................. १३
तालिका २.६: गण्डकी प्रदेशमा उच्च शिक्षामा संकायगत विद्यार्थी भर्नाको समुच्च नेपालसंगको तुलनात्मक स्थिति.......................................................................................... १४
तालिका २.७ गण्डकी प्रदेशमा सामुदायिक क्याम्पसको वर्तमान अवस्था.................................... १५
तालिका २.८: गण्डकी प्रदेशमा सामुदायिक क्याम्पसको जग्गाको वर्तमान अवस्था ......................... १६
तालिका २.९: गण्डकी प्रदेशका सामुदायिक क्याम्पसहरूमा विभिन्न भौतिक पूर्वाधारको वर्तमान अवस्था ........ १६
तालिका ३.१: गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रदान गर्ने संस्थाहरूले प्रयोग गर्ने सूचकहरू...........२२
तालिका ३.२: अनुदान प्रणालीमा प्रयोग गरिएका सूचकहरू ..................................................२३
तालिका ३.३ अनुदान प्रणालीमा प्रचलित सूचक र मानकहरू ...........................................................२४
तालिका ४.१: सर्वेक्षणमा सहभागी सामुदायिक क्याम्पसहरूको शैक्षिक विवरण ....................................३१
तालिका ४.२: ग्रामीण र सहरी क्षेत्रमा रहेका सामुदायिक क्याम्पसमा विद्यार्थी सङ्ख्या......................३३
तालिका ३.३: अनुदान प्रणालीमा प्रचलित सूचक र मानकहरू..................................................३३
तालिका ४.४: सामुदायिक क्याम्पसहरूमा रहेका शिक्षकहरूको विवरण ....................................३५
तालिका ४.५: अवलोकन अध्ययन, सामुदायिक क्याम्पस सङ्घ र शिक्षाका पदाधिकारी तथा विज्ञहरूबाट अनुदानका लागि प्राप्त सुझावहरूको सारांश.........................................................................४९
तालिका ५.१: क्याम्पस वर्गीकरण गर्ने आधार......................................................................५२
तालिका ५.२: क्याम्पस वर्गीकरण गर्ने आधारहरूको सारांश....................................................५६
तालिका ६.१: गण्डकी प्रदेश क्याम्पसहरूलाई दिइने अनुदान आधार तालिका ............................५८
तालिका ६.२ गण्डकी प्रदेश क्याम्पसहरूलाई दिइने अनुदान रकम निर्धारण गर्ने फर्मुलाको विवरण....६१

# चित्रहरूको सूची


**चित्र ३.१: अनुदान निर्धारण विधिका प्रकारहरू.................................................................. १९**

**चित्र ४.१: गण्डकी प्रदेशको सामुदायिक क्याम्पसहरूमा विद्यार्थी सङ्ख्या.................................... ३२**

चित्र ४.२: **गण्डकी प्रदेशका सामुदायिक क्याम्पसहरूमा सञ्चालित शैक्षिक कार्यक्रमको विवरण........... ३४**

चित्र ४.३: **सामुदायिक क्याम्पसहरूमा सञ्चालित कार्यक्रमको शैक्षिक तह.................................. ३५**

चित्र ४.४: **सामुदायिक क्याम्पसहरू सञ्चालनमा रहेको जमिनको स्वामित्व.................................. ३६**

चित्र ४.५: **सामुदायिक क्याम्पसहरू सञ्चालनमा रहेको भवनको स्वामित्व.................................. ३६**

**चित्र ४.६: सामुदायिक क्याम्पसहरूमा भौतिक पूर्वाधारको पर्याप्तता............................................ ३७**

**चित्र ४.७: सामुदायिक क्याम्पसहरूलाई आवश्यक अनुदानका क्षेत्रहरूको पहिचान.......................... ३८**

# परिच्छेद १

# गण्डकी प्रदेश उच्च शिक्षा पूर्वाधार विकास एवं अनुदान प्रणालीका लागि मानक विकास

## १.१. पृष्ठभूमि

नेपालका सबै जसो विश्वविद्यालयहरूको गुणस्तरका सम्बन्धमा नियमित रूपमा प्रश्नहरू उठिरहेका छन्, तथापि वर्तमानमा विश्वविद्यालय अनुदान आयोगले ठूलो स्तरमा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन कार्यक्रम सञ्चालनमा ल्याइसकेको छ । तदनुरूप नेपालमा मौजुदा १४३७ उच्च शिक्षा संस्थाहरू मध्ये हालसम्म ७० उच्चशिक्षा संस्थाहरूले गुणस्तर सुनिश्चितता तथा प्रत्यायनको प्रमाणपत्र प्राप्त गरिसकेको र थप २७७ गुणस्तर सुनिश्चितता तथा प्रत्यायनको प्रक्रियामा रहेको अवस्था छ ।

नेपालको संविधानले सरकारका कार्यहरूको सङ्घ, प्रदेश र स्थानीय तहका अधिकारका सूची तयार गर्दा उच्च शिक्षा सङ्घ र प्रदेशको अधिकार अन्तर्गत राखेको र विशेष गरी केन्द्रीय विश्वविद्यालय, केन्द्रीय स्तरका प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन, केन्द्रीय पुस्तकालय केन्द्र सरकारको अधिकार र प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, सङ्ग्रहालय प्रदेश सरकारको अधिकार भित्र राखेको पाइन्छ । त्यस्तै वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव संसाधन विकास, केन्द्र र प्रदेश सरकारको साझा अधिकार सूची भित्र पर्छन् भने आधारभूत र माध्यामिक शिक्षा स्थानीय तहको अधिकार सूची भित्र राखिएका छन् । साथै, शिक्षा, खेलकुद र पत्रपत्रिका सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारका सूची भित्र समावेश गरिएकोले शिक्षा क्षेत्रमा आ-आफ्ना विशेष जिम्मेवारी भएपनि गुणस्तरीय शिक्षा विकासका लागि सबै तहले कार्यगर्न सक्ने र खासगरी उच्च शिक्षाका हकमा सङ्घ र प्रदेशले सहकार्य गर्न सक्ने अवस्था छ ।

पछिल्ला केही वर्षहरूमा उच्च शिक्षाका विषयमा विभिन्न कमी-कमजोरीहरू औंल्याइएका छन् जसमध्ये ठूलो सङ्ख्यामा स्थापना गरिएका उच्चशिक्षा संस्थाहरूमा भौतिक संरचनाको अपर्याप्तता तथा कमसल गुणस्तर देखि पढाइको न्यून स्तर, कमजोर तथा अपर्याप्त सिकाइका प्रविधि, पढाइका साथै हुनु पर्ने व्यावहारिक ज्ञानको ज्यादै कमी, अनुसन्धानमूलक सिकाइको प्रारम्भनै नभएको अवस्था तथा विद्यार्थीको उत्तीर्ण प्रतिशत कमजोर रहेको प्रमुख विषय छन् ।

यसै सन्दर्भमा नेपालमा १३ विश्वविद्यालय र ६ वटा स्वास्थ्य विज्ञान प्रतिष्ठान समेतमा उच्च शिक्षामा भर्ना दर करिब १५ प्रतिशत पुगेको छ जुन दक्षिण एसियामा सबैभन्दा कममा पर्दछ । साथै उच्च शिक्षा "प्रतिस्पर्धी, उत्पादनमुखी र अनुसन्धानमूलक हुन नसक्नू, पर्याप्त लगानी नहुनु, शिक्षाको गुणस्तर अनपेक्षित रूपमा न्यून हुनु, विज्ञान तथा प्रविधिमा आधारित शिक्षा र प्राविधिक शिक्षाको पहुँच र विस्तार पर्याप्त मात्रामा हुन नसक्नू, .... शिक्षण प्रक्रिया अधिक परीक्षामुखी हुनु, शिक्षकको पेसागत सक्षमता, नैतिकता र उत्प्रेरणामा कमी हुनु, लगायतका समस्याहरू नेपालको शिक्षा प्रणालीले भोगिरहेका प्रमुख सवाल हुन् ।" (शिक्षा नीति, २०७६) "सार्वजनिक शिक्षामा गुणस्तर अभिबृद्धि गर्नु, शैक्षिक सुधारका लागि सरोकारवालाहरू बीच अपनत्व सिर्जना गर्नु, सबै तहको शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु, शिक्षक तथा शिक्षा क्षेत्रको जनशक्तिमा पेसागत जवाफदेहीता सुनिश्चित गर्नु, शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्नु, साथै शिक्षा र रोजगारी बीच तालमेल कायम गर्नु, प्रतिभा पलायन रोक्नु, सार्वजनिक शिक्षामा सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्नु र संविधान प्रदत्त मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्नु शिक्षा क्षेत्रका प्रमुख चुनौती" भएको शिक्षा नीति, २०७६ ले उल्लेख गरेको छ ।

नेपालको संविधानको धारा ३१ ले शिक्षा सम्बन्धी हकको व्यवस्था गरेको छ । नेपालमा आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क, माध्यामिक तह सम्मको शिक्षा निःशुल्क साथै उच्च शिक्षा अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क साथै स्नातक तहसम्मको उच्चशिक्षा सर्वशुलभ बनाउने राज्यको योजना र सर्वसाधारणको चाहना भएको अवस्था छ ।

नेपालमा विभिन्न विश्वविद्यालय अन्तर्गत उच्च शिक्षा प्रदायक संस्थाहरू मुख्य गरी ७ प्रकारका छन् ।

१. उपाधि प्रदान गर्ने शैक्षिक प्रतिष्ठान

२. स्कूल (महाविद्यालय) तथा केन्द्रीय विभाग

३. आङ्गिक क्याम्पस

४. संयुक्त आङ्गिक क्याम्पस

५. सम्बन्धन प्राप्त सामुदायिक क्याम्पस

६. सम्बन्धन प्राप्त प्राइभेट क्याम्पस

७. विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेज

पहिलो ३ प्रकारका उच्च शिक्षा संस्थाहरू विश्वविद्यालयका अङ्ग भएकोले विश्वविद्यालयले भौतिक संरचना विकास, पठन-पाठन, गुणस्तर अभिबृद्धि र आर्थिक व्यवस्थापन लगायत सबै व्यवस्था गर्छन् र संस्थागत रूपमा विश्वविद्यालय अनुदान आयोगका सबै अनुदान कार्यक्रमहरूमा प्राथमिकाता साथ भागलिन पाउँछन् । उसैपनि पूर्वाञ्चल, पोखरा र काठमाण्डौ विश्वविद्यालय बाहेक सबै विश्वविद्यालयहरू र शैक्षिक प्रतिष्ठानहरूले आफ्नो सम्पूर्ण बजेट नेपाल सरकारबाट प्राप्त गर्छन् । निजी/प्राइभेट कलेज/क्याम्पसहरूले आफ्नो भौतिक संरचना विकास, पठन-पाठन, गुणस्तर अभिबृद्धि र आर्थिक व्यवस्थापन लगायतका विषयहरू निजी स्रोतबाट व्यवस्था गर्नु पर्ने हुन्छ । त्यस्तै विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजहरूको सम्पूर्ण व्यवस्थापन नेपाली कलेज सञ्चालक तथा सम्बन्धित विश्वविद्यालयको आधिकारिक संस्थाले नै गर्दछ र नेपालको शिक्षा मन्त्रालयले तिनिहरूको अनुगमन मात्र गर्दछ ।

सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरू कुनै एक विश्वविद्यालयबाट सम्बन्धन लिई सामान्यतया सानो भूगोलमा केन्द्रित हुँदै सीमित विषयको पठन-पाठन गराउने गर्छन् । तिनिहरूको भौतिक संरचना विकास, पठन-पाठन, गुणस्तर अभिबृद्धि र आर्थिक व्यवस्थापन भने स्थानीय समुदायले गर्ने गरी सञ्चालन भएका हुन्छन् । त्यसता सामुदायिक कलेज/क्याम्पसहरू सीमित स्रोत साधनबाट सञ्चालित भएको पाइन्छ । समुदायबाट सञ्चालन व्यवस्थापनमा रहेका साथै प्रदेशका विभिन्न क्षेत्र, खासगरी दूर-दरारका गाउँ-ठाउँमा आङ्गिक क्याम्पस सञ्चालन गर्न सरकारले बजेट सहित स्वीकृत नदिने र निजी तथा संस्थागत क्षेत्रले लगानी फल दायी नहुने हुनाले सञ्चालन नगर्ने भएकोले त्यसता ठाउँहरूमा समुदायले स्थानीय तहबाटै विभिन्न माध्यम जस्तो महायज्ञ लगाई तथा चन्दा सङ्कलन गरी सीमित स्रोत र साधन परिचालन गरी सञ्चालन गरेको पाइन्छ ।

गण्डकी प्रदेशमा पनि सात वटै किसिमका उच्च शिक्षा प्रदायक शैक्षिक संस्थाहरू विद्यमान छन् । उच्च शिक्षा प्रदायक संस्थाहरूको कडीमा गण्डकी प्रदेश आफ्नै प्रदेश विश्वविद्यालय 'गण्डकी विश्वविद्यालय' स्थापना गर्ने पहिलो प्रदेश बनेको छ र यस विश्वविद्यालयले विज्ञान र प्रविधि, व्यावसायिक तथा रोजगारमूलक विषयहरूमा केन्द्रित रहेर शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने निर्णयकासाथ आफ्ना सीमित शैक्षिक कार्यक्रमहरू सञ्चालन समेत गरीसकेको छ ।

विश्वविद्यालय अनुदान आयोग को EMIS Report २०१९-२० AD (२०७६/७७ B.S.) अनुसार गण्डकी प्रदेशमा जम्मा १५१ क्याम्पसहरू थिए जसमध्ये १७ आङ्गिक, ५१ निजी तथा संस्थागत र ८३ सामुदायिक क्याम्पस सञ्चालनमा रहेको पाइन्छ । त्यसैले गण्डकी प्रदेशमा उच्च शिक्षाको सम्बोधन गर्दा सामुदायिक क्याम्पसलाई विशेष महत्त्व दिनु पर्ने देखिन्छ ।

"गण्डकी प्रदेशमा सञ्चालित उच्च शिक्षा प्रदायक सामुदायिक संस्थाहरू (क्याम्पसहरू) का विषयमा आवश्यक समस्या र चुनौतीहरूको अध्ययन तिनिहरूको भौतिक एवम् शैक्षिक

पूर्वाधारहरूको विकास गर्न विद्यार्थी सङ्ख्याको आधारमा नपुग संरचना विकास, प्रयोगशालाको सुदृढीकरण, सूचना तथा सञ्चार प्रविधिको विकास तथा विस्तार, संलग्न जनशक्तिको क्षमता विकास, विद्यार्थीहरूको इन्टर्नशीप तथा एपरेन्टसशीप, विद्यार्थीहरूबाट सिकाइका सन्दर्भमा गरिने योजना विकास तथा अनुसन्धानमा आधारित गुणस्तरीय शिक्षा प्रदान गर्न सहयोग पुऱ्याउन" आवश्यक भएकोले गण्डकी प्रदेश शिक्षा नीति, २०७८ जारी गरिसकेको छ । विद्यार्थी सङ्ख्या, सञ्चालन गरेको विषय, शुल्कको सिमा, छात्रवृत्ति, आर्थिक कारोवारमा पारदर्शीता, भौतिक पूर्वाधार, सेवा पुऱ्याएको क्षेत्र र समुदाय, समाजमा पुऱ्याएको योगदान लगायतका मापदण्डका आधारमा सामुदायिक क्याम्पस/कलेजहरूको वर्गीकरण गरी आर्थिक तथा अन्य आवश्यक सहयोग उपलब्ध गराइने विषय गण्डकी प्रदेश उच्च शिक्षा सम्बन्धमा उल्लिखित कार्यनीतिमा उल्लेख समेत गरिएको छ । उपरोक्त पृष्ठभूमिमा गण्डकी प्रदेश सरकारले सामुदायिक क्याम्पस/कलेजहरूको भौतिक एवम् शैक्षिक पूर्वाधार विकासलाई र अनुदान प्रणाली व्यवस्थित गर्नु पर्ने आवश्यकता महसुस गरी सो सम्बन्धमा अध्ययन गरी सामुदायिक क्याम्पस/कलेजहरूको भौतिक एवम् शैक्षिक पूर्वाधार विकासका लागि गण्डकी प्रदेश सरकारबाट दिइने अनुदान प्रणाली व्यवस्थित गर्ने मानक विकास गर्न शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयले एक ५ सदस्यीय कार्यदल निर्माण गरेको छ।

## १.२. अध्ययनको कार्यदिश/कार्यशर्त

कार्यदलले कार्यारम्भ गरेको मितिले तीन महिना भित्र "**गण्डकी प्रदेश उच्च शिक्षा पूर्वाधार विकास एवं अनुदान प्रणालीका लागि मानक विकास**" गरी प्रतिवेदन पेस गर्नेछ ।

उपरोक्त अनुसारको कायदिश पुरा गर्न कार्यदलले गण्डकी प्रदेशको उच्च शिक्षा सम्बन्धमा निम्न कार्यहरू गर्ने छ।

(१)शैक्षिक सूचना सङ्कलन एवम् विश्लेषण गर्ने,

(२)प्रदेशमा सञ्चालित उच्च शिक्षा प्रदायक सरकारी/सामुदायिक संस्थाहरूको शैक्षिक एवम् भौतिक अवस्थाको विषयमा सूचना सङ्कलन एवम् विश्लेषण गर्ने,

(३)सरोकारवाला एवम् विज्ञहरूसँग मानक सम्बन्धमा आवश्यकता अनुसार अन्तरक्रिया एवम् सुझाव सङ्कलन गर्ने,

(४)सरोकारवालाहरूबाट प्राप्त सुझावहरू उपयुक्तानुसार समावेश गरी मानकको मस्यौदा तयार गर्ने,

(५)मानकको मस्यौदा उपर प्रदेश स्तरमा छलफल गर्ने र अध्ययनको प्रतिवेदनलाई अन्तिम रूप दिई शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास मन्त्रालयमा पेस गर्ने।

## १.३. अध्ययन विधि

कार्यदलले निम्न विधि अपनाएको छ ।

१. विद्यमान नेपाल सरकार, विश्वविद्यालय अनुदान आयोग र अन्य विश्वविद्यालयका शैक्षिक ऐन, नियम, विनियम र निर्देशिकाको पुनरावलोकन ।
२. नेपालका सन्दर्भमा कार्यान्वयन हुन सक्ने अन्तर्राष्ट्रिय अभ्यासको पुनरावलोकन ।
३. विद्यमान नेपाल सरकार र विश्वविद्यालय अनुदान आयोगको मौजुदा गुणस्तर सुनिश्चितता सम्बन्धी व्यवस्थाको अध्ययन ।
४. प्रदेशमा सञ्चालित उच्च शिक्षा प्रदायक सामुदायिक संस्थाहरूको शैक्षिक एवम् भौतिक अवस्थाको विषयमा सूचना सङ्कलन एवम् विश्लेषण ।
५. गण्डकी प्रदेश नेपाल पब्लिक क्याम्पस सङ्घ सँग अन्तरक्रिया एवम् सुझाव सङ्कलन/ फोकस समूह छलफल ।
६. विज्ञहरूसँग मानक सम्बन्धमा अन्तरक्रिया एवम् सुझाव सङ्कलन ।
७. सरोकारवालाहरू सँग मानक सम्बन्धमा अन्तरक्रिया एवम् सुझाव सङ्कलन ।
८. उच्च शिक्षा प्रदायक सामुदायिक संस्थाहरूको विभिन्न विधिबाट सङ्कलित तथ्य, तथ्याङ्क एवं सुझावको स्थलगत वस्तुस्थितिको अवलोकन, निरीक्षण एवं प्रमाणीकरण ।

कार्यदलले अनुसूची तालिका १ मा उल्लिखित समयमा उपरोक्त अध्ययन विधि पुरा गरी प्रतिवेदन पेस गरेको छ।

# परिच्छेद २

# नेपालको परिप्रेक्षमा गण्डकी प्रदेशको उच्च शिक्षाको अवस्था

गण्डकी प्रदेशले नेपालको कुल क्षेत्रफल १,४७,५१६ वर्ग कि.मि. मध्ये २१,७३३ वर्ग कि.मि. अर्थात् १४.७३ प्रतिशत क्षेत्रफल ओगटेको छ । भौगोलिक रूपमा यस प्रदेशले हिमाल, पहाड र तराई गरी तीनै धरातलीय स्वरूपलाई समेटेको छ । नेपालमा विद्यमान ७ प्रदेशहरू मध्ये गण्डकी प्रदेश देशको मध्य भागमा अवस्थित छ नेपालको मध्य बिन्दु यसै प्रदेश अन्तर्गत पर्दछ। देशका ७७ जिल्ला मध्ये साबिक पश्चिमाञ्चल क्षेत्रका १५ जिल्लाहरू मध्ये साबिकका १० जिल्लाहरू पुरै र साविक नवलपरासी जिल्लाको बर्दघाट सुस्ता पूर्वको भू-भाग समेटी बनाइएको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला समेत गरी कुल ११ जिल्लाको गण्डकी प्रदेश बनेको छ। नेपालका छ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका गरी जम्मा ७५३ नगर/गाउँ पालिका र ती अन्तर्गतका जम्मा ६७४३ वडाहरू मध्ये गण्डकी प्रदेशमा एक महानगरपालिका, २६ नगरपालिका र ५८ गाउँपालिका गरी जम्मा ८५ स्थानीय तह र ती अन्तर्गत जम्मा ७५९ वडाहरू रहेका छन् ।त्यस्तै यस प्रदेशबाट प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि १८ निर्वाचन क्षेत्र र प्रदेश सभा सदस्य निर्वाचनका लागि ३६ निर्वाचन क्षेत्र रहेका छन् । प्रदेश सभामा समानुपातिक सहित कूल ६० सदस्य रहेका छन्। यो प्रदेशको २०७८ को जनगणना अनुसारको जनसङ्ख्या २४,७९,७४५ छ जुन नेपालको समुच्च जनसङ्ख्याको ८.४९ प्रतिशत हो र यो प्रदेश नेपालको सबभन्दा कम जनसङ्ख्या बृद्धि (०.३ प्रतिशत) भएको प्रदेश हो ।

## २.१. विद्यालय शिक्षा

गण्डकी प्रदेशका सबै जिल्लाहरू साक्षर घोषणा भइसकेका छन् र प्रदेशको औसत साक्षरता प्रतिशत ९६.५७ प्रतिशत रहेकाले तथा १५ देखि ६० वर्ष उमेर समूहका ९५ प्रतिशतभन्दा बढी नागरिक साक्षर भएको सुनिश्चित भएकाले २०७८ सालमा यस प्रदेशलाई साक्षर प्रदेश घोषणा गरिएको छ।

नेपालमा औपचारिक शिक्षा विकासको इतिहास ज्यादै छोटो । वि.सं. १८५४ मा दरबार हाइस्कूलको स्थापना तथा वि.सं. १९७५ मा त्रिचन्द्र कलेजको स्थापना भएपनि वि.सं. २००७ सालको परिवर्तन पश्चात् मात्र विद्यालय तहको शिक्षा र वि.सं. २०१६ मा त्रिभुवन विश्वविद्यालयको स्थापना पश्चात् उच्च शिक्षाको सीमित पहुँच सर्वसाधारण सम्म पुगेको हो ।

नेपालमा केहि अपवाद बाहेक सबैजसो शैक्षिक संस्थाहरू सामुदायिक क्षेत्रबाट स्थापना गरिएको पाइन्छ चाहे ती विद्यालय हुन वा कलेज । गण्डकी प्रदेशमा पनि २००७ को परिवर्तन पश्चात् शिक्षण संस्थाहरू स्थापनाको लहर समुदायबाटै चलाइयो र तिनिहरूलाई पछि नयाँ शिक्षा योजना, २०२८ अन्तर्गत सरकारले आफ्नो नियन्त्रणमा लियो र शिक्षाको विकास तथा सञ्चालनको व्यवस्थापनको जिम्मा लियो ।

उपरोक्त प्रवृत्ति गण्डकी प्रदेशमा पनि लागू भयो र प्रदेशको पहिलो उच्च शिक्षा प्रदायक संस्था वि.सं. २०१७ सालमा पोखरामा स्थापित पृथ्वी नारायण कलेज हो, जुन समुदायको पहल र स्रोत साधन प्रयोग गरी सञ्चालनमा आएको थियो । यो लगायत नयाँ शिक्षा योजना, २०२८ लागू हुनु भन्दा अगाडी स्थापना भएका सबै क्याम्पसहरू समुदायबाटनै स्थापना गरिएका थिए ।

सुरुका वर्षहरूमा विद्यालय शिक्षा कक्षा १० सम्म मानिन्थ्यो र तत्पश्चात्को ११औं र १२औं वर्षका शिक्षालाई प्रवीणता प्रमाणपत्र तह (Intermediate Level) को उच्च शिक्षा मानिन्थ्यो भने तत्पश्चात्को २ वर्षे डिग्रीलाई स्नातक तह मानिने व्यवस्था थियो।

समय-समयमा विभिन्न देशले शिक्षालाई सर्व सुलभ, वैज्ञानिक, सरल, सहज र दक्षतापूर्ण बनाउन आफ्नो आवश्यकता अनुसार परिवर्तन गर्दै गरेको पाइन्छ । त्यसता परिवर्तनहरू केही आफ्ना मौलिक हुन्छन् भने केही आयातित गरी आफ्नो समय अनुकूल परिवर्तन गरेको पाइन्छ । नेपालले पनि समय समयमा शिक्षा नीति परिवर्तन गर्ने गरेको र तदनुरूप शिक्षा प्रणालीको स्वरूपमा फेर बदल गरेको पाइन्छ । वि. सं. २०२८ सम्म नेपालमा शिक्षाको विशेष नीति थिएन भन्दा अत्युक्ति हुँदैन यद्यपि शिक्षालाई समाज परिवर्तनको महत्त्वपूर्ण कारक मानिएको थियो । वि. सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजना अन्तर्गत विकास गरिएको नयाँ शिक्षा नीतिले शिक्षाको विकास र सञ्चालनमा व्यापक फेर बदल गर्‍यो भने त्यस पछिका परिवर्तनहरू अन्तर्राष्ट्रिय परिवेशमा भरसक मिल्ने गरी बनाउने प्रयासहरू भए ।

बि.सं. २०४७ मा विद्यालय शिक्षालाई १२ वर्ष पुर्‍याउने गरी उच्च माध्यमिक शिक्षा ऐन पारित भयो । सोही सिद्धान्त अनुसार उच्च शिक्षा स्नातक तह र सो भन्दा माथिको शैक्षिक कार्यक्रमलाई बुझिन्छ, यद्यपी प्राविधिक धारको रूपमा १० कक्षा पछिको तीन वर्षे कार्यक्रमहरू प्रमाणपत्र तह (Certificate Level) को रूपमा आजसम्म सञ्चालनमा छन् । तदनुरूप पछिल्लो समयमा बि. सं. २०७२ मा शिक्षा प्रणालीको स्वरूपमा केही परिवर्तन भए र हाल तल दिए अनुसारको ४ तहको शिक्षा संरचना विद्यमान छ ।

क) **प्रारम्भिक बाल विकास शिक्षा तथा पूर्व प्राथमिक शिक्षा** (३-६ वर्ष)

ख) **आधारभूत शिक्षाः** आधारभूत तह (कक्षा १ देखि कक्षा ८ सम्म) — ६ वर्ष भन्दा माथि

ग) **माध्यामिक शिक्षाः** माध्यामिक तह (कक्षा ९ देखि कक्षा १२ सम्म)

(१) साधारण विद्यालयमा सञ्चालित साधारण माध्यामिक शिक्षा (कक्षा ९-१२); प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्‌बाट सञ्चालित;

(२) प्राविधिक माध्यामिक शिक्षा (कक्षा ९-१०); र

(३) कक्षा १० उत्तीर्णका लागि लिइने SEE (Secondary Education Examination) पछि तीन वर्षे प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम (Technical Education and Vocational Training, TEVT) ।

**घ) उच्च शिक्षाः**

(क) स्नातक तह (३ देखि ६ वर्ष);

(ख) Post Graduate Diploma (पी.जी.डी.) (१ देखि १.५ वर्ष);

(ग) स्नातकोत्तर तह (२ वर्ष);

(घ) एम्फील (MPhil) (१-१.५ वर्ष); र

(ङ) विद्यावारिधि (PhD) (३ वर्ष)

नेपालको संविधान, २०७२ ले सम्पूर्ण नागरिकले शिक्षा प्राप्तगर्ने अधिकारलाई सुनिश्चित गरेको छ र आधारभूत शिक्षा मौलिक हकमा समावेश गरी निःशुल्क तथा अनिवार्य गरिएको छ, माध्यामिक शिक्षा नि:शुल्क साथै स्नातक तह सम्मको उच्च शिक्षा ऐक्षिक तर अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम नि:शुल्क र सर्वशुलभ बनाएको छ ।

बि.सं. २०७६ को शैक्षिक सत्रमा गण्डकी प्रदेशमा ३,७२८ सामुदायिक विद्यालय र ५८९ संस्थागत विद्यालय गरी जम्मा ४,३१७ विद्यालय र ती विद्यालयहरूमा पूर्वप्राथमिक तर्फ १०२,६०६ जना, आधारभूत तर्फ ३२०,९८८ जना र माध्यमिक तर्फ १७१,६५८ जना विद्यार्थी अध्ययनरत छन् (स्रोत :फ्ल्यास रिपोर्ट २०७६, शिक्षा तथा मानव स्रोत विकास केन्द्र)।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम तर्फ CTEVT बाट सम्बन्धन प्राप्त १२ वटा आङ्गिक विद्यालय, ५६ वटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECs), ३२ वटा सामुदायिक विद्यालयमा प्राविधिक धार सञ्चालन भएका छन् र ती विद्यालयहरूमा ७,९९१ जना विद्यार्थीहरू अध्ययनरत छन् (CTEVT & CEHRD, २०७६) ।

## २.२. उच्च शिक्षाको अवस्था

विश्वविद्यालय अनुदान आयोग को EMIS Report २०१९-२० AD (२०७६/७७ B.S.) अनुसार गण्डकी प्रदेशमा १५१ उच्चशिक्षा प्रदायक संस्थाहरू विद्यमान छन् जसमध्ये त्रिभुवन विश्वविद्यालय, पोखरा विश्वविद्यालय, गण्डकी विश्वविद्यालय साथै पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका जम्मा १७ आङ्गिक संस्थाहरू, विभिन्न विश्वविद्यालयबाट सम्बन्धन प्राप्त ५१ निजी/संस्थागत तथा ८३ सामुदायिक क्याम्पस रहेको पाइन्छ । यी शिक्षण संस्थाहरूमा कूल ३९,६८० जना विद्यार्थीहरू अध्ययनरत छन् । (EMIS Report on Higher Education २०१९/०२०)

उच्च शिक्षाको विषयमा ती संस्थाहरू सञ्चालनको कुरा गर्दा वास्तवमा नयाँ शिक्षा योजना, २०२८ भन्दा अगाडी स्थापना भएका सबै कलेजहरू राष्ट्रियकरण गरी त्रिभुवन विश्वविद्यालयका आङ्गिक क्याम्पसको रूपमा परिणत भए । तर ती क्याम्पसहरूले उच्च शिक्षाको आवश्कतालाई पुरा गर्ने सकेनन् र सो पुरा गर्न तत्कालमा रहेको एकल विश्वविद्यालय, त्रिभुवन विश्वविद्यालयले थप क्याम्पसहरू सञ्चालन समेत गर्न सकेन । त्यस्तो माग पुरा गर्न समुदायले २०४० पछिका दिनहरूमा पुनः पहल गरी सामुदायिक क्याम्पसको स्थापना सुरु भयो भने उच्च शिक्षाको मागलाई पुरा गर्न निजी क्षेत्रबाट समेत कलेज स्थापना गरी सञ्चालन गर्ने कार्य सुरु भयो । गण्डकी प्रदेशमा हाल सञ्चालित १३४ क्याम्पसहरू तदनुरूप स्थानीय आवश्यकतालाई मध्यनजर गर्दै समुदाय (८३) र निजी क्षेत्र (५१) ले जन्माएका तुलनात्मक रूपमा नयाँ क्याम्पस/कलेजहरू हुन्।

वि.सं. २०७७ देशमा सञ्चालिन १२ विश्वविद्यालय र छ विश्वविद्यालय सरहका एकेडेमीको केही तथ्याङ्कगत विवरण तालिका २.१ दिइएको छ । तालिकामा देखाए अनुसार अधिकांश उच्च शिक्षा प्रदायक संस्थाहरूमा स्नातक तहमात्र सञ्चालनमा रहेको देखिन्छ । ध्यानदिनु पर्ने विषय के देखियो भने प्राविधिक विषयमा भर्ना भने ज्यादै कम रहेछ । साथै संस्थाहरूको किसिमलाई हेर्दा आङ्गिक, सामुदायिक र निजी उच्च शिक्षा प्रदायक संस्थाहरूको सङ्ख्यामा व्यापक भिन्नता भएपनि ती संस्थाहरूमा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्यामा तात्विक भिन्नता देखिदैन ।

*तालिका २.१: नेपालको उच्च शिक्षामा विभिन्न किसिमका उच्च शिक्षा प्रदायक संस्थाहरूको अवस्था*

| विवरण | एकाइ | विद्यार्थी सङ्ख्या | विद्यार्थी प्रतिशत |
|---|---|---|---|
| विश्वविद्यालयको सङ्ख्या (सञ्चालन भइरहेका) | १२ | ४,६६,८२८ | १००.०० |
| स्थापना भइसकेका तर सञ्चालन हुन बाँकी | २ | - | - |
| विश्वविद्यालय सरहका एकेडेमी | ६ | २२६८ | ०.४९ |
| नेपालमा उच्च शिक्षा संस्थाहरू (२०७७/७८) | १४३७ | ४,६६,८२८ | १००.०० |
| आङ्गिक क्याम्पस | १५२ | १,६७,१०७ | ३५.८० |
| सम्बन्धन प्राप्त सामुदायिक क्याम्पस | ५३६ | १,३३,१३५ | २८.५२ |
| सम्बन्धन प्राप्त निजी क्षेत्रका क्याम्पस | ७४९ | १,६६,५८६ | ३५.६८ |
| स्नातक तह मात्र सञ्चालन गर्ने संस्था | | | ९१.२ |
| स्नातक तह र सो भन्दा माथिका कार्यक्रम सञ्चालन गर्ने संस्थाहरू (स्नातक तह समेतगरी) | | | २२.९ |
| टेक्निकल विषयहरूमा भर्ना | | | २२.१७ |

स्रोतः EMIS Report on Higher Education २०१९/०२०

नेपालमा सञ्चालिन १४३७ उच्च शिक्षा प्रदायक संस्थाहरू मा औसत ३२५ विद्यार्थीहरू अध्ययनरत देखिन्छन् भने आङ्गिक, सामुदायिक र निजी संस्थाहरूको अवस्था तालिका २.२ मा दिइएको छ । तालिका अनुसार उच्च शिक्षा प्रदायक संस्थाहरूमा औसत विद्यार्थी सङ्ख्यामा आङ्गिक क्याम्पसहरू सामुदायिक भन्दा ४ गुणा र निजी भन्दा ५ गुणा ठूला छन् । वास्तवमा निजी क्याम्पसहरूको सङ्ख्या सामुदायिक क्याम्पसहरू भन्दा धेरै भएपनि औसत विद्यार्थी सङ्ख्याका आधारमा साना छन्।

*तालिका २.२: नेपालको उच्च शिक्षा प्रदायक संस्थाहरूमा औसत विद्यार्थी सङ्ख्याको स्थिति*

| विवरण | आङ्गिक क्याम्पस | सामुदायिक क्याम्पस | निजी क्याम्पस | औसत |
|---|---|---|---|---|
| **क्याम्पसहरूमा औसत विद्यार्थी सङ्ख्या** | १००३.१ | २५२.८ | २०२.७ | ३२४.९ |

स्रोतः EMIS Report on Higher Education २०१९/०२०

नेपालको उच्च शिक्षामा सामुदायिक क्याम्पसको विद्यार्थी सङ्ख्याको २८.५१ प्रतिशत रहे पनि संस्थाहरूको कोषको मामलामा ज्यादै साना देखिए (तालिका २.३) । त्यस्तै प्रति विद्यार्थी लागत पनि ज्यादै न्यून रहेको देखिन्छ । त्यस्तो लागत उच्च शिक्षाको प्रति विद्यार्थी औसत लागतको जम्मा १८.८४ प्रतिशतमात्र देखिन्छ।

*तालिका २.३ नेपालको उच्च शिक्षामा सामुदायिक क्याम्पसको तुलनात्मक स्थिति*

| **विविरण** | **विद्यार्थी सङ्ख्या** | **कोष (लाखमा)** | | | **बजेट अंश** | **प्रति विद्यार्थी लागत** |
|---|---|---|---|---|---|---|
| | | **सञ्चालन** | **पूँजी** | **जम्मा** | | |
| उच्च शिक्षामा जम्मा | ४६६८२८ | १२०१४९ | ४४४६५ | १६४६१४ | १०० | ३७२५८ |
| सामुदायिक क्याम्पस | १३३१३५ | ४५०० | ४००० | ८५०० | ५.१६ | ७०१९ |
| सामुदायिक कलेज/ क्याम्पसको समुच्चमा अनुपात (%) | २८.५१ | ३.७४ | ९.० | ४.८६ | - | १८.८४ |

स्रोतः EMIS Report on Higher Education २०१९/०२०

उपरोक्त तीन तालिकाहरूबाट नेपालको वर्तमानमा उच्च शिक्षाको आधारभूत जानकारी देखिन्छ र यस अध्ययनको क्षेत्र सामुदायिक क्याम्पसको तुलनात्मक स्थिति समेत स्पष्ट देखिन्छ ।

जहाँसम्म उच्च शिक्षामा गण्डकी प्रदेशको स्थितिको विषय छ, वि.सं. २०७७ मा देशभरका १४३७ उच्चशिक्षा संस्थाहरूमा अध्ययनरत ४६६,८२८ विद्यार्थीहरू मध्ये गण्डकी प्रदेशका १५१ उच्चशिक्षा संस्थाहरूमा ४०,२९१ विद्यार्थीहरू अध्ययनरत भएको पाइन्छ । समुच्च देशको तुलनामा गण्डकी प्रदेशको उच्च शिक्षामा तहगत विद्यार्थी भर्नाको स्थिति तालिका २.४ मा प्रदान गरिएको छ । तालिका २.४ बाट देखिएको स्थिति अनुसार गण्डकी प्रदेशको तुलनात्मक स्थिति स्नातक तहमा राष्ट्रिय औसतको तुलनामा उच्च छ भने अन्य तहमा न्यून देखिन्छ ।

*तालिका २.४: गण्डकी प्रदेशमा उच्च शिक्षामा तहगत विद्यार्थी भर्नाको समुच्च नेपालसंगको तुलनात्मक स्थिति*

| **क्रम सङ्ख्या** | **तह** | **विद्यार्थी भर्ना सङ्ख्या (वि.सं. २०७७)** | | | | **समुच्च नेपालमा गण्डकी प्रदेशको प्रतिशत** |
|---|---|---|---|---|---|---|
| | | **समुच्च नेपाल** | | **गण्डकी प्रदेश** | | |
| | | **विद्यार्थी सङ्ख्या** | **प्रतिशत** | **विद्यार्थी सङ्ख्या** | **प्रतिशत** | |
| १. | स्नातक | ४१६४२६ | ८९.२ | ३७२९८ | ९२.६ | ९.० |
| २. | पोष्ट ग्रयाजुयट डिप्लोमा | २१४ | ०.०४ | ० | - | - |
| ३. | स्नातकोत्तर | ४७२४२ | १०.६ | २९६६ | ७.४ | ६.३ |
| ४. | एम्फील | १३३३ | ०.३ | ० | - | - |
| ५. | विद्यावारिधि | १६१३ | ०.३ | २७ | ०.०७ | १.७ |
| | जम्मा | **४६६८२८** | **१००.०** | **४०२९१** | **१००.०** | ८.६ |

स्रोतः EMIS Report on Higher Education २०१९/०२०

गण्डकी प्रदेशमा रहेका १५१ उच्चशिक्षा संस्थाहरूमा कुल २३० संकायका कार्यक्रमहरू सञ्चालन भएको पाइन्छ । यो सङ्ख्या देशमा सञ्चालित कुल २१४९ संकायहरूको १०.७ प्रतिशत हुन आउछ । विभिन्न विश्वविद्यालय अन्तर्गत सञ्चालित संकाय मध्ये व्यवस्थापन, शिक्षा, इन्जिनियरिङ्ग, वन विज्ञान, कृषि, र संस्कृत संकायमा औसतमा भन्दा बढि संकायहरू सञ्चालनमा छन् भने अन्य संकायको औसत राष्ट्रिय औसत भन्दा कम छ । गण्डकी प्रदेशको संकायगत स्थिति तालिका २.५ मा दिइएको छ ।

*तालिका २.५: गण्डकी प्रदेशमा संकाय तहमा उच्च शिक्षा प्रदान गर्ने संस्थाहरूको समुच्च नेपालसंगको तुलनात्मक स्थिति*

| क्रम सङ्ख्या | संकायहरू | वि.सं. २०७७ | | |
|---|---|---|---|---|
| | | समुच्च नेपाल | गण्डकी | गण्डकीको प्रतिशत |
| १. | व्यवस्थापन | ८२७ | १०० | १२.१ |
| २. | शिक्षा | ५६९ | ७४ | १२.० |
| ३. | मानविकी तथा सामाजिक शास्त्र | ३७३ | २४ | ६.४ |
| ४. | विज्ञान तथा प्रविधि | १३२ | ८ | ६.१ |
| ५. | चिकित्सा | ८२ | ८ | ९.८ |
| ६. | इन्जिनियरिङ्ग | ४८ | ५ | १०.४ |
| ७. | कानुन | १३ | १ | ७.७ |
| ८. | संस्कृत | १६ | ५ | ३१.३ |
| ९. | बुद्धिजम | ६ | ० | - |
| १०. | भेटनरी, मत्स्य | १ | ० | - |
| ११. | कृषि | २५ | ३ | १२.० |
| १२. | वन विज्ञान | ६ | २ | ३३.३ |
| १३. | आयुर्वेद | ६ | ० | - |
| | **कुल जम्मा** | **२१४९** | **२३०** | **१०.७** |

स्रोतः EMIS Report on Higher Education २०१९/०२०

त्यस्तै संकायगत विद्यार्थी भर्नाको समुच्च नेपालसंगको तुलनात्मक स्थिति तालिका २.६ मा प्रस्तुत गरिएको छ । संकायगत रूपमा केहि अपेक्षा गरिएका विषयहरूमा विद्यार्थी भर्ना अनुपात समुच्च नेपालको तुलनामा अधिक देखिन्छ । त्यस्ता विषयहरू व्यवस्थापन, शिक्षा, चिकित्सा, इन्जिनियरिङ्ग, वन विज्ञान, कृषि, र संस्कृत पर्दछन् भने विज्ञान तथा प्रविधिमा तुलनात्मक रूपमा कम देखिन्छ।

*तालिका २.६: गण्डकी प्रदेशमा उच्च शिक्षामा संकायगत विद्यार्थी भर्नको समुच्च नेपालसंगको तुलनात्मक स्थिति*

| क्रम सङ्ख्या | संकाय | विद्यार्थी भर्ना सङ्ख्या (वि.सं. २०७७) | | | | समुच्च नेपालमा गण्डकी प्रदेशको प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | समुच्च नेपाल | | गण्डकी प्रदेश | | |
| | | विद्यार्थी सङ्ख्या | प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत | |
| १. | व्यवस्थापन | २०२७५६ | ४३.४ | १९०३१ | ४७.२ | ९.३९ |
| २. | शिक्षा | ८९१४९ | १९.१ | ८३८६ | २०.८ | ९.४१ |
| ३. | मानविकी तथा सामाजिक शास्त्र | ५८८८९ | १२.६ | २७८० | ६.९ | ४.७२ |
| ४. | विज्ञान तथा प्रविधि | ३७३४२ | ८.० | १९७३ | ४.९ | ५.२८ |
| ५. | चिकित्सा | २७७७४ | ५.९ | २६९० | ६.७ | ९.६९ |
| ६. | इन्जिनीयरिङ्ग | २९८०० | ६.४ | ३१५६ | ७.८ | १०.५९ |
| ७. | कानुन | ९८१९ | २.१ | ३१२ | ०.८ | ३.१८ |
| ८. | संस्कृत | २४४९ | ०.५ | ३९७ | १.० | १६.२१ |
| ९. | बुद्धिजम | २६९ | ०.१ | - | - | ० |
| १०. | भेटनरी, मत्स्य | ६४४ | ०.१ | - | - | ० |
| ११. | कृषि | ५४८३ | १.२ | ५७२ | १.४ | १०.४३ |
| १२. | वन विज्ञान | १९२१ | ०.४ | ९९४ | २.५ | ५१.७४ |
| १३. | आयुर्वेद | ५३३ | ०.१ | - | | ० |
| **जम्मा विद्यार्थी भर्ना** | | **४६६८२८** | **१००.०** | **४०२९१** | **१००.०** | **८.६** |

स्रोतः EMIS Report on Higher Education 2018/019

गण्डकी प्रदेश शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक मन्त्रालयमा उपलब्ध तथ्याङ्क अनुसार गण्डकी प्रदेश अन्तर्गतका कलेजका आधारमा विद्यार्थी सङ्ख्या तथा शिक्षण र प्रशासनिक कर्मचारीको विवरण तालिका २.७ मा उल्लेख गरिएको छ ।

*तालिका २.७ गण्डकी प्रदेशमा सामुदायिक क्याम्पसको वर्तमान अवस्था*

| विवरण | तथ्याङ्कमा संलग्न कलेज सङ्ख्या | न्यूनतम | अधिकतम | जम्मा | औसत |
|---|---|---|---|---|---|
| स्नातक तह (पुरुष) | ७० | २ | ११९४ | ५४४४ | ७८ |
| स्नातक तह (महिला) | ७० | ९ | १६८२ | ११६६४ | १६७ |
| स्नातकोत्तर तह (पुरुष) | १० | १२ | ९८ | ३२३ | ३२ |
| स्नातकोत्तर तह (महिला) | १० | १० | ४१ | २५२ | २३ |
| कुल (पुरुष विद्यार्थी) सङ्ख्या | ९५ | ० | ५८१ | ४६९८ | ४९ |
| कुल (महिला विद्यार्थी) सङ्ख्या | ९५ | ० | १८४१ | १२१७६ | १२८ |
| कुल विद्यार्थी सङ्ख्या | ९५ | ० | ३०८४ | १७९९३ | १८९ |
| शिक्षण स्टाफ | ६८ | ५ | ११५ | १३४८ | २० |
| प्रशासनिक स्टाफ | ६८ | १ | ४० | २७३ | ४ |
| कुल स्टाफ | ९५ | ० | १५५ | १६२१ | १७ |

स्रोतः गण्डकी प्रदेश, शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, डाटाबेस ।

तालिका २.७ ले देखाए अनुसार स्तातक तहमा महिला विद्यार्थीहरूको औसत सङ्ख्या पुरुषको तुलनामा दोब्बरभन्दा बढि छ जवकि स्नातकोत्तर तहमा पुरुषको औसत सङ्ख्या ठूलो छ । तैपनि समुच्चमा महिला विद्यार्थीहरूको औसत सङ्ख्या पुरुषको तुलनामा डेढी बढि छ । कर्मचारीको सङ्ख्याको हकमा भने कलेजहरूको विचमा ठूलो अन्तर देखिन्छ र शिक्षण कर्मचारीको अनुपातमा प्रशासनिक कर्मचारीको औसत सङ्ख्या ज्यादै कम छ । यस्तो कमिले ती कर्मचारीहरूले कसरी विद्यार्थीहरूको सेवा तथा शिक्षकहरूलाई सहयोग गर्न सक्छन् भन्ने प्रश्न खडागरेको देखिन्छ ।

कलेज स्थापना र सञ्चालनका लागि कलेजहरू सँग रहेको जग्गाको अवस्था हेर्दा अधिकांश कलेजहरूको आफ्नो जग्गा भएको देखिन्छ जबकी १० प्रतिशत कलेजहरूले अन्यको जग्गा तथा संरचनामा कक्षा सञ्चालन गरेको पाइन्छ र केवल २ वटा कलेज भाडामा सञ्चालन गरेको पाइन्छ (तालिका २.८) ।

*तालिका २.८: गण्डकी प्रदेशमा सामुदायिक क्याम्पसको जग्गाको वर्तमान अवस्था*

| जग्गाको स्वामित्वको किसिम | आवृत्ति | प्रतिशत |
|---|---|---|
| आफ्नो | ६१ | ८५.९ |
| आश्रित | ८ | ११.३ |
| भाडामा | २ | २.८ |
| जम्मा | ७१ | १००.० |

स्रोतः गण्डकी प्रदेश, शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, डाटाबेस ।

अर्को महत्त्वपूर्ण विषय प्रयोगशाला लगायतका विभिन्न भौतिक पूर्वाधारहरूको अवस्था हो । त्यसता भौतिक पूर्वाधारहरूमा प्रयोगशाला, पुस्तकालय भवन तथा मिटिङ्गहलहरू केवल दुइ-तिहाई कलेजमा मात्र रहेको पाइएको छ (तालिका २.९) । जबकी खेलकुद मैदान भने करिब ९० प्रतिशत कलेजहरूमा रहेको पाइएको छ ।

*तालिका २.९: गण्डकी प्रदेशका सामुदायिक क्याम्पसहरूमा विभिन्न भौतिक पूर्वाधारको वर्तमान अवस्था*

| विभिन्न भौतिक पूर्वाधारको वर्तमान अवस्था | तथ्याङ्क उपलब्ध कलेज | छ | | छैन | |
|---|---|---|---|---|---|
| | | आवृत्ति | प्रतिशत | आवृत्ति | प्रतिशत |
| प्रयोगशाला | ६९ | ३९ | ६०.९ | २५ | ३९.१ |
| पुस्तकालय भवन | ६९ | ४१ | ५९.४ | २८ | ४०.६ |
| मिटिङ्ग हल | ६९ | ४० | ५८.० | २९ | ४२.० |
| खेलकुद मैदान | ६९ | ६१ | ८८.४ | ८ | ११.६ |

स्रोतः गण्डकी प्रदेश, शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, डाटाबेस।

मन्त्रलयमा उपलब्ध डेटाबेस अनुसार गण्डकी प्रदेश अन्तर्गत स्थापित सामुदायिक कलेज/ क्याम्पसहरूक न्यूनतम सून्य देखि अधिकतम १५ सम्म फिडर स्कुलहरू रहेको पाइएको छ र तिनिहरूको औसत सङ्ख्या ६.१३ देखिन्छ ।

हाल सञ्चालनमा रहेका ७३ सामुदायिक क्याम्पसहरू मध्ये ९५.८ प्रतिशतले प्राविधिक विषय सञ्चालन गर्ने सकिने र त्यसकालागि ८८.७ प्रतिशत क्याम्पस सँग जमिन उपलब्ध रहेको बताएका छन्।

# परिच्छेद ३

# उच्च शिक्षा पूर्वाधार विकास एवं अनुदान प्रणालीका लागि वर्तमान मानकको अवस्था

## ३.१. उच्च शिक्षामा अनुदान प्रणालीको मोडल र प्रयोग हुने सूचकहरूको अन्तरराष्ट्रिय अभ्यासको समीक्षा

शिक्षा कुनै पनि राष्ट्रको विकासको लागि आवश्यक सबै भन्दा महत्त्वपूर्ण पूर्वाधार हो । यसमा पनि उच्च शिक्षाको गुणस्तर तथा विकास राष्ट्रको समृद्धिको लागि अपरिहार्य रहन्छ । सरकारी निकायहरू उच्च शिक्षाको क्षेत्रमा प्रमुख लगानीकर्ता तथा दाताको रूपमा यस छेत्रको आर्थिक दिगोपन र विकासको लागि उत्तरदायी रहन्छन् । उच्च शैक्षिक संस्थाहरूले आफ्नो आम्दानीको क्षेत्रहरूमा विविधीकरण गर्नु आवश्यक छ तर सरकारी अनुदान अन्य स्रोतहरूको विकल्प हुन सक्दैन । तसर्थ, वैज्ञानिक अनुदान प्रणालीको विकास तथा कार्यान्वयन उच्च शिक्षा क्षेत्रको सबलीकरण र गुणस्तरको लागि आवश्यक छ । यस अनुच्छेदमा संसारमा प्रचलित अनुदान प्रणालीहरूको वर्णन र समीक्षा गरिएको छ ।

## ३.२. अनुदान प्रणालीहरूको मोडालिटी

संसारभरि नै धेरै जसो उच्च शैक्षिक संस्थाहरूमा सरकारी अनुदान (direct government funding) आम्दानीको प्रमुख श्रोत रहेको हुन्छ । सरकारले शिक्षामा अनुदान यस क्षेत्रले समाज र राष्ट्रलाई प्रदान गर्ने फाइदाको लागि गर्नु पर्दछ । उच्च शिक्षामा सरकारी अनुदान विशेषता मूल अनुदान (core funding) को रूपमा सञ्चालन खर्चको लागि प्रदान गरिन्छ । यसै गरी, अनुसन्धान, नवपर्वर्तन, सुधार आदिका लागि छुट्टै लक्षित अनुदान प्रदान गरिन्छ । विश्वभरि प्रचलनमा रहेका अधिकांश अनुदान प्रणालीमा उच्च शैक्षिक संस्थाहरूलाई block grant प्रदान गरिन्छ (Chevaillie & Eicher, २००२) । ब्लक अनुदान विभिन्न प्रकारले निर्धारण गरिन्छ - आपसी सम्झौता, पूर्व प्रचलन अथवा कुनै अनुदान फर्मुला प्रयोग गरेर । धेरैजसो प्रणालीमा यी तीनै तरिकाको मिश्रण गरिन्छ, ब्लक अनुदानको केही अंश सम्झौताद्वारा, अर्को अंश पूर्व प्रचलनद्वारा र बाकी अनुदान फर्मुला प्रयोग गरेर । उल्लिखित तीन प्रकार लाई राष्ट्रिय अनुदान प्रणालीको उदेश्य अनुसार फरक-फरक महत्त्व प्रदान गर्ने गरिन्छ ।

उच्च शिक्षामा अनुदान प्रदानको प्रणाली विकास गर्दा केही मूल्य मान्यता (principles of funding) का आधारमा गरिन्छ (Maria & Bleotu, २०१४) । यी मान्यताहरूले उच्च शैक्षिक संस्थाहरूले निम्न कुराहरूमा ध्यान दिन प्रोत्साहन गर्छन् :

- गुणस्तरीय शिक्षा प्रदान गरि राष्ट्र र समाजको आवश्यकता परिपूर्ति गर्ने
- उच्च शिक्षामा समान पहुँचको प्रवर्धन गर्ने
- क्षेत्रीय र राष्ट्रिय आवश्यकता तथा महत्त्वको कार्यक्रम प्रदान गर्ने
- उच्च गुणस्तर तथा सामाजिक आवश्यकताको अनुसन्धान प्रवर्द्धन गर्ने

**(क)ब्लक अनुदान (Block Grant):**

धेरै जसो अनुदान प्रणालीमा शैक्षिक संस्थाहरूले आधारभूत अवार्तक अनुदान (recurrent funding) को स्वरूपमा शिक्षण, सञ्चालन खर्च र केही सन्दर्भमा मूल अनुसन्धान कार्यहरूको लागि ब्लक अनुदान प्राप्त गर्छन्। उक्त ब्लक अनुदानलाई केही प्रणालीमा उच्च शैक्षिक संस्थाहरूले आफ्नू अनुकूलले विनियोजन गरेर खर्च गर्छन् भने अन्य प्रणालीमा ब्लक अनुदान विनियोजन गर्ने शीर्षकहरू तोकिएको हुन्छ । संस्थाहरूले ब्लक अनुदानलाई शिक्षण र अनुसन्धान, पूर्वाधार विकास, तलव तथा सञ्चालन खर्च आदिमा प्रयोग गर्न सक्छन् ।

**(ख)प्रोजेक्टमा आधारित अनुदान (Project-based funds):**

ब्लक अनुदानको अतिरिक्त प्रतिस्पर्धामा आधारित र कुनै लक्षित कार्यहरूको लागि जस्तै — अनुसन्धान प्रोजेक्ट, अनुसन्धान पूर्वाधारको विकास, नवप्रवर्तन आदि जस्ता प्रोजेक्टमा आधारित अनुदान प्रदान गर्ने प्रचलन रहेको छ । यस्ता प्रतिस्पर्धी अनुदानको लागि अनुदान प्रदान गर्ने संस्थाको निष्पक्षता अपरिहार्य रहन्छ । यस प्रकृतिका अनुदानहरू अल्पकालीन हुन्छन् र शैक्षिक संस्थाहरूको प्राथमिकताका क्षेत्रहरू तर्फ लक्षित रहन्छन् ।

**(ग) कार्य-सम्पादनमा आधारित अनुदान (Performance contracts/Performance based fund):**


उच्च शैक्षिक संस्थाहरूले निर्धारित गुणस्तरमा आधारित लक्ष्य प्राप्त गरेको प्रमाणित भएपछि कार्य-सम्पादनमा आधारित अनुदान प्रदान गरिन्छ । धरै राष्ट्रहरूमा दाता संस्था र उच्च शैक्षिक संस्था बिच कार्य सम्पादन करार गरि निर्धारित लक्ष्य प्राप्तिलाई अनुदान सँग संयोजन गरिएको पाइन्छ । कुनै प्रणालीमा लक्षित सूचकहरू शैक्षिक संस्थाहरूको रणनैतिक योजना सँग आधारित हुन्छन् भने अन्यमा राष्ट्रको शैक्षिक नीति तथा योजना सँग संयोजित गरिन्छ । उच्च शैक्षिक

संस्थाहरूको प्राप्त गर्नु पर्ने लक्षित सूचकहरूको छनौट तथा लक्ष्य प्राप्तिको समय सीमाको निर्धारणको निर्णय गर्ने अधिकार सामान्यतया शैक्षिक संस्थाहरूलाई नै प्रदान गर्ने प्रचलन रहेको छ । यी सूचकहरू गुणात्मक (जस्तैः उच्च शिक्षामा महिलाको समान पहुँच) अथवा गणनात्मक (जस्तैः विद्यार्थी उत्तीर्ण प्रतिशत) हुन सक्छन् ।

कार्य सम्पादनमा आधारित अनुदानलाई विभिन्न तरिकाले बुझिन्छ । धेरै जसो अवस्थामा यसलाई फर्मुलामा आधारित अनुदानको रूपमा लिने गरिन्छ, जसमा इन्पुट अथवा आउटपुट सूचकहरूको भिन्नतालाई पूर्णरूपमा समाहित गरिँदैन । अनुदान फर्मुला प्रयोग गरि ब्लक अनुदान निर्धारण गर्दा धेरै जसो इन्पुट सूचकहरूको प्रयोग गरिएको पाइएको छ । आउटपुट सूचकहरूको प्रयोग कम वा यी सूचकहरूलाई फर्मुलामा काम भार दिइएको देखिन्छ । स्थानीय र राष्ट्रिय नीति तथा महत्त्वका कार्यक्रमहरूलाई अनुदान फर्मुलामा स्थान दिइएको हुन्छ ।

चित्र १ मा उच्च शिक्षामा प्रचलित अनुदान प्रणालीहरूको विवरण प्रस्तुत गरिएको छ । शैक्षिक संस्थाहरूलाई प्रदान गरिने ब्लक अनुदानका विभिन्न अंशहरूमा माथि उल्लिखित तिन प्रकार कार्य-सम्पादनमा आधारित, फर्मुलामा आधारित र सम्झौतामा आधारित अनुदान प्रमुख रूपमा प्रचलनमा रहेको छ । यसै गरि प्रोजेक्टमा आधारित अनुदान र उत्कृष्टतामा आधारित अनुदान पनि प्रचलनमा रहेको पाइन्छ ।

*चित्र ३.१: अनुदान निर्धारण विधिका प्रकारहरू*



## ३.३. अनुदानको सिमा निर्धारण विधि (Determining the level of subsidy)

शैक्षिक संस्थालाई प्रदान गरिने कुल ब्लक अनुदान रकम अनुदान प्रदान गर्ने संस्थाको बजेट सिलिंङ्को आधारमा निम्न प्रकारबाट निर्धारण गरिन्छ (OECD, २०२०) :

**क) ऐतिहासिक प्रवृत्ति (Historical Trend):** यस विधिमा ब्लक अनुदान संस्थालाई अघिल्ला वर्षहरूमा प्रदान गरिएको तथा संस्थाले प्रयोग गरेको रकमको आधारमा निर्धारण गरिन्छ।

**ख) सम्झौतामा आधारित (Negotiation)** : सरकारी अनुदान प्रदान गर्ने संस्था र उच्च शैक्षिक संस्था बीचको आपसी छलफल तथा सम्झौताको आधारमा अनुदान रकम निर्धारण गरिन्छ । यी सम्झौता कार्य सम्पादन करारको स्वरूपमा पनि रहन सक्छन् ।

**ग) अनुदान फर्मुला (Formula Funding)** : पूर्व निर्धारित मानक तथा सूचकहरूको आधारमा एक वा बढी फर्मुलाको प्रयोग गरी अनुदानको रकम निर्धारण गरिन्छ ।
फर्मुलामा आधारित अनुदान (formula based grants) धेरै प्रचलनमा रहेको विधि भए पनि सम्झौतामा आधारित र ऐतिहासिक प्रवृत्तिमा आधारित अनुदान केही राष्ट्रहरूमा प्रयोगमा रहेका छन् (Layzell, २००७)। केही अनुदान मोडलमा यी प्रणालीहरूको मिश्रित स्वरूप प्रयोग गरिन्छ।

## ३.४. सञ्चालन खर्चको निमित्त अनुदानको विनियोजन (Allocation of fund for operations of HEI)

उच्च शैक्षिक संस्थाहरूको सञ्चालन खर्चको निमित्त प्रदान गरिने मूल अनुदान (core funding) को डिजाइन गर्दा निम्न छ आयामहरूलाई ध्यान राख्ने गरिन्छ (Lepori et al., 2007):

- अनुदानको सीमा (Scope of funding) – अनुदानका क्षेत्रहरूको पहिचान
- अनुदानको अवधि (Duration of funding allocations) — वार्षिक अथवा बहु-वार्षिक
- अनुदानको विनियोजन (Delivery mechanism) — संस्थाहरूलाई अनुदान प्रदान गर्ने व्यवस्था (line-item, block grant, targeted, competitive funding or performance contracts)
- अनुदान निर्धारण पद्धति (Determining level of subsidy)
- विशिष्ट सूचकहरू (Specific parameters) — फर्मुला अनुदानको निमित्त
- कार्य सम्पादनको आधारमा प्रदान गरिने अनुदान पद्धति (Effect of performance-related funding mechanism)

## ३.५. अनुदान फर्मुलामा प्रयोग गरिएका सूचक तथा मानकहरू (Parameters and Indicators Used in Funding Formula)

अनुदान फर्मुलाको स्वरूपमा राष्ट्र अनुसार धेरै विविधीकरण रहेको पाइएको छ । यी फरक निम्न अनुसारका छन् :

**क) सूचकका प्रकार** : अनुदान फर्मुलामा इन्पुट सूचक (Input indicators) जस्तै - विद्यार्थी भर्ना सङ्ख्या, शिक्षक सङ्ख्या, पूर्वाधार आदि वा आउटपुट सूचक (Output indicators) जस्तै — विद्यार्थी उत्तीर्ण प्रतिशत, अनुसन्धान प्रकाशन, उत्तीर्ण विद्यार्थीको रोजगारी आदि प्रयोग गरिन्छ । यी सूचकहरूको प्रयोगमा प्रणाली अनुसार विविधता पाइन्छ ।

**ख) प्राथमिकता** : उच्च शैक्षिक संस्थाहरूको प्राथमिकताका चार क्षेत्र — शिक्षण, अनुसन्धान र नवप्रवर्तन, उद्यमशीलता तथा सामाजिक सेवा रहेका छन् । राष्ट्रिय उच्च शिक्षा नीति अनुसार अनुदान फर्मुलामा यी मध्य कुनै प्राथमिकताका क्षेत्रहरूलाई बढि महत्व दिएको पाइन्छ ।

**ग) भारित सूचकहरू** : अनुदान फर्मुलामा प्रयोग गरिने विभिन्न इन्पुट तथा आउटपुट सूचकहरूलाई प्रदान गरिने भार वा महत्त्वमा अनुदान प्रणाली अनुसारको भिन्नता पाइन्छ । कुनै प्रणालीमा इन्पुट सूचकहरूलाई धेरै भार प्रदान गरिएको हुन्छ भने अन्यमा आउटपुट सूचकहरूलाई धेरै महत्त्व प्रदान गरिएको पाइन्छ ।

**घ) अनुदानको मूलभूत सिद्धान्त** : अनुदान प्रणालीको मूलभूत सिद्धान्त समानतामा केन्द्रिकृत (Focus on equity) रहेको वा कार्य सम्पादनमा केन्द्रिकृत (Focus on performance) अंगीकार गरिएको छ भन्ने तथ्यले अनुदान प्रणालीमा प्रयोग गरिने सूचक र भारलाई निर्धारण गर्दछ।

## ३.६. अनुदान प्रणालीमा प्रचलित सूचक र मानकहरू

अन्तर्राष्ट्रिय प्रचलन अनुसार गुणस्तर सुनिश्चितता तथा प्रत्यायन र उच्च शिक्षा क्षेत्रमा अनुदान प्रदान गर्दा प्रयोग गरिने सूचकहरू निम्न तालिकाहरूमा प्रस्तुत गरिएको छ । तालिका ३.१ मा विभिन्न राष्ट्रमा रहेका १५ संस्थाहरूले प्रयोग गरेका सूचकहरूको विवरण प्रस्तुत गरिएको छ । यो विवरण साहित्य समीक्षा तथा उल्लिखित संस्थाहरूको डाटाबेस बाट साभार गरिएको छ ।

*तालिका ३.१: गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रदान गर्ने संस्थाहरूले प्रयोग गर्ने सूचकहरू*

| क.स. | सूचक | प्रयोग गर्ने संस्थाको सङ्ख्या |
|---|---|---|
| १. | शिक्षक र स्टाफ सङ्ख्या (Teacher and staff size) | ११ |
| २. | विद्यार्थी ड्रप आउट दर (Drop-out rate) | १० |
| ३. | विद्यार्थी सङ्ख्या (Student number) | ८ |
| ४. | विद्यार्थी - शिक्षक अनुपात (Student-faculty ratio) | ७ |
| ५. | विद्यार्थी भर्ना दर (Admission rate) | ६ |
| ६. | विद्यार्थी उत्तीर्ण दर (Graduation rate) | ६ |
| ७. | ग्राजुएसन् अवधि (Time to graduation) | ५ |
| ८. | ग्राजुएट रोजगारी दर (Graduate employment rate) | ५ |
| ९. | विद्यार्थी मोबिलिटी (Student mobility) | ५ |
| १०. | स्टाफ मोबिलिटी (Staff mobility) | ४ |
| ११. | फ्याकल्टी प्रकाशन (Faculty publication) | ४ |
| १२. | बाह्य अनुदान प्राप्ति (Funding data) | ३ |
| १३. | शिक्षण समय (Teaching hours) | ३ |
| १४. | विद्यार्थी कल्याण (Student support and welfare) | ३ |
| १५. | भौतिक पूर्वाधार र शिक्षण स्रोतहरू (Facilities and resources) | ३ |
| १६. | शैक्षिक उपलब्धि (Academic achievement) | २ |

यसैगरी, उच्च शिक्षा क्षेत्रमा अनुदान प्रणाली सम्बन्धी साहित्य समीक्षा बाट प्राप्त जानकारी अनुसार प्रचलनमा रहेका मानक तथा सूचकहरूको विवरण तालिका ३.२ मा प्रस्तुत गरिएको छ । अध्ययनमा समावेश गरिएका विभिन्न राष्ट्रका २५ अनुदान प्रणालीको विश्लेषण गरि निम्न सूचकहरू प्रयोग गर्ने संस्थाहरूको सङ्ख्या तालिकामा देखाइएको छ ।

*तालिका ३.२: अनुदान प्रणालीमा प्रयोग गरिएका सूचकहरू*

| क.स. | सूचक | प्रयोग गर्ने संस्थाको सङ्ख्या |
|---|---|---|
| १. | स्नातक तहमा विद्यार्थी सङ्ख्या (Student enrolled at bachelor level) | २२ |
| २. | स्नातकोत्तर तहमा विद्यार्थी सङ्ख्या (Student enrolled at master level) | २२ |
| ३. | बाह्य अनुदान प्राप्ति (External funding obtained) | १७ |
| ४. | स्नातक तहका कार्यक्रम (Number of programs (Bachelor level)) | १७ |
| ५. | स्नातकोत्तर तहका कार्यक्रम (Number of programs (Master level)) | १६ |
| ६. | अन्तर्राष्ट्रिय विद्यार्थी अनुपात (Proportion of international student) | १३ |
| ७. | स्टाफ सङ्ख्या (Number of staff) | १२ |
| ८. | विविधता सूचक (Diversity indicator) | ११ |
| ९. | ग्राजुएट रोजगारी दर (Graduate employment rate) | ११ |
| १०. | स्नातकोत्तर थेसिस सङ्ख्या (Number of master thesis) | ८ |
| ११. | जमिनको क्षेत्रफल (Floor surface) | ७ |
| १२. | सामुदायिक कार्य (Community outreach) | ७ |
| १३. | विद्यार्थी — शिक्षक अनुपात (Student-staff ratio) | ७ |
| १४. | क्याम्पस स्थान (Ranking outcomes) | ६ |
| १५. | विद्यार्थी रोजगारी (Student placement) | ६ |

अन्तर्राष्ट्रिय रूपमा प्रचलित अनुदान प्रणालीमा प्रयोगमा रहेका मानकहरूलाई इन्पुट र आउटपुट सूचक अनुसार वर्गीकरण गरि तालिका ३.३ मा प्रस्तुत गरिएको छ ।

*तालिका ३.३: अनुदान प्रणालीमा प्रचलित सूचक र मानकहरू*

| क. स. | इन्पुट सूचक | क. स. | आउटपुट सूचक |
|---|---|---|---|
| १ | विद्यार्थी सङ्ख्या | १ | विद्यार्थी उत्तीर्ण प्रतिशत (Graduation Rate) |
| २ | कार्यक्रम सङ्ख्या | २ | उत्तीर्ण विद्यार्थीहरूको रोजगारीको प्रतिशत (Graduate Employment Rate) |
| ३ | विद्यार्थी भर्ना (Admission and Enrollment) | ३ | ग्राजुएसन् समय (Time to Graduation) |
| ४ | विविधीकरण सूचक (Diversity indicators) | ४ | सामुदायिक कार्यक्रम (Community Outreach) |
| ५ | विद्यार्थी मोबिलिटी | ५ | शैक्षिक उपलब्धि (Academic Achievement/Grades) |
| ६ | जमिनको क्षेत्रफल | ६ | अनुसन्धान प्रोजेक्टहरू |
| ७ | भौतिक पूर्वाधार | ७ | अनुसन्धान आर्टिकल प्रकाशन |
| ८ | शिक्षक सङ्ख्या | ८ | विद्यार्थी सन्तुष्टि (Student Satisfaction) |
| ९ | विद्यार्थी/शिक्षक अनुपात | ९ | उद्यमशीलता विकास |
| १० | शैक्षिक श्रोतहरू (Educational Resources) | १० | सामाजिक कार्यहरू (Community outreach) |
| ११ | विद्यार्थी हित(Student support) | ११ | रणनैतिक योजनाको समीक्षा |
| १२ | अनुसन्धान बजेट | १२ | विविधीकरण सूचक (Diversity indicators) |
| १३ | जर्नल प्रकाशन | १३ | बाह्य अनुदान प्राप्ति |
| १४ | क्षमता विकास कार्यक्रम | १४ | National/International Ranking |
| १५ | सामाजिक कार्यमा समय/स्टाफ अनुपात | १५ | QAA Accreditation |
| १६ | राष्ट्रिय नीति (Policy Priorities) | १६ | Patent Applications |

## ३.७. उच्च शिक्षामा सामुदायिक कलेजहरूको सन्दर्भ र अनुदान प्रणाली

अन्तर्राष्ट्रिय तहमा र खासगरी युरोप, अमेरिका तथा अस्ट्रेलियामा सामुदायिक कलेजहरू भन्नाले सामान्यतया सार्वजनिक उच्चशिक्षाका संस्थाहरू भन्ने बुझिन्छन् र तिनिहरूले सहयोगी डिग्री (Associate's Degrees), डिप्लोमा (Diplomas) र प्रमाणपत्रहरू (Certificates) प्रदान गर्छन् । सामुदायिक कलेजहरू विभिन्न प्रकारका विद्यार्थीहरूका लागि डिजाइन गरिएका हुन्छन्, जसमा व्यावसायिक तालिम, फरक आजीविका (Career) वा ४-वर्षे कलेजमा स्थानान्तरण गर्न पर्याप्त कोर्स क्रेडिट कमाउन चाहनेहरू समावेश छन् । जर्मनी, फ्रान्स तथा स्कन्डिनेभियन देशहरूमा उच्च शिक्षा समेत निःशुल्क छ वा ज्यादै कम शुल्क लाग्ने हुनाले सामुदायिक कलेजको ज्यादै ठूलो भूमिका रहेको छैन । उदाहरणको रूपमा अमेरिकामा सामुदायिक कलेजको वार्षिक शिक्षण शुल्क

औसत ४,००० डलरको वरपर छ भने स्नातकतह अध्ययन हुने कार्यक्रमहरूमा औसत १६,००० डलर लाग्छ र त्यस्तै निजी उच्च शिक्षा संस्थाहरूमा औसत ४८,००० डलर लाग्छ । अमेरिका तथा अष्ट्रेलिया जस्ता देशहरूमा उच्च शिक्षा शुल्क ज्यादै उच्च छ र सहज हिसाबले र कम शुल्कमा अध्ययन गर्न गराउन ठूलो सङ्ख्यामा सामुदायिक कलेजहरू स्थापना भएका छन् ।

यता नेपाल तथा भारतमा भने उच्च शिक्षाको सुरुवात सामुदायिक उच्च शिक्षा संस्थाहरूले गरेको पाइन्छ । नेपाल, भारत तथा पूर्वी एसियाका देशहरूमा अधिकांश सामुदायिक कलेजहरूले विश्वविद्यालयसँग मिलेर स्नातक तथा स्नातकोत्तर (Master's) तहको पढाइ गर्छन् र सम्बन्धित विश्वविद्यालयले डिग्री प्रदान गर्छन् र अमेरिकामा जस्तो सहयोगी डिग्री (Associate's Degrees), डिप्लोमा (Diplomas) र प्रमाणपत्रहरू (Certificates) प्रदान गर्ने संस्थाहरू कम छन् । भारतमा पछिल्लो समयमा सन् १९९३ मा प्रमाणपत्र (Certificate), डिप्लोमा (Diploma) तथा उच्च डिप्लोमा (Higher Diploma) प्रदान गर्ने सामुदायिक कलेजको स्थापना भएको हो । यसै सन्दर्भमा भारतको योजना आयोगको १२औं पञ्चवर्षीय योजनाले उच्च शिक्षामा सीपमा आधारित कार्यक्रमहरूको विस्तारमा विशेष जोड दिएको छ । यो सँग सम्बन्धित बहुआवश्यकताहरू पूरा गर्न सामुदायिक कलेजहरू स्थापना गर्न सिफारिस गरिएको थियो । तदनुरूप, कलेजहरू विश्वविद्यालयहरूको सम्बन्धन लिएर स्थापना हुन पनि सक्छन् वा पूर्ण रूपमा स्वायत्त संस्थाका रूपमा स्थापना गर्न पनि सकिन्छ र त्यसता सामुदायिक कलेजहरू विपन्न विद्यार्थीहरूलाई उच्च शिक्षामा सुविधाजनक पहुँच हुने स्थानमा अवस्थित गर्न सकिने छ भनि उल्लेख गरिएको छ । यसरी स्थापना भएका कलेजहरूले (क) करियर उन्मुख शिक्षा र सीपहरूमा प्रत्यक्ष रुचि भएका विद्यार्थीहरूलाई कार्य बल प्रवेश; (ख) स्थानीय रोजगार दाताहरूको लागि तालिम र शिक्षा कार्यक्रमहरू; (ग) माध्यामिक विद्यालयका स्नातकहरूका लागि उच्च-स्पर्श उपचारात्मक शिक्षा तयार छैन भने परम्परागत कलेजहरूमा भर्ना हुने चाहना नभएका विद्यार्थीहरू लाई तीन वा चार वर्षमा स्थानान्तरण गर्ने बाटो दिने र (घ) समुदायलाई व्यक्तिगतको चासो सामान्य पाठ्यक्रमहरूको विकास गर्ने कार्य गर्नेछन् । त्यसता कलेजहरूको स्थापना र भौतिक संरचनामा केन्द्र देखि स्थानीय सरकारहरूले सहयोग गर्ने छन् र विश्वविद्यालय अन्तर्गत सञ्चालन हुने कलेजले भने विश्वविद्यालयका विभाग तथा स्कूल अन्तर्गत सञ्चालन नगरी छुट्टै सञ्चालन गर्नु पर्ने प्रावधान राखिएका छन् ।

नेपालमा भने उच्च माध्यमिक तहका प्राविधिक र व्यावसायिक विषयहरूको पठन-पाठन माध्यमिक विद्यालय अन्तर्गत वा प्राविधिक र व्यावसायिक शिक्षा परिषद्को स्वीकृत लिई सरकारी विद्यालय, सामुदायिक संस्था तथा निजी संस्थाहरूले सञ्चालन गर्न सक्ने प्रावधान छन् र ती संस्थाहरू मध्ये निजी संस्थाहरूलाई कुनै अनुदान दिइँदैन, बरु आयको निश्चित रकम कर तिर्नु

पर्ने हुन्छ भने सामुदायिक संस्थाहरूलाई दिइने अनुदान ज्यादै सीमित छ । नेपालमा भारतमा जस्तो प्रमाणपत्र (Certificate), डिप्लोमा (Diploma) तथा उच्च डिप्लोमा (Higher Diploma) प्रदान गर्ने उच्च शिक्षाका सामुदायिक कलेजको स्थापना समेत भएको छैन ।

## ३.८. उच्च शिक्षाको अनुदान प्रणालीमा नेपालको मौजुदा व्यवस्था

नेपालमा सामुदायिक क्याम्पसहरूका लागि विशेष अनुदान प्रदान गर्ने चलन सामुदायिक क्याम्पसहरूको स्थापना र विकास सँगै सुरु भएको हो । सामुदायिक कलेज स्थापना भई ५०-६० जना विद्यार्थी भर्ना भएर पठन-पाठन सुरु भए पश्चात् अञ्चलाधीश कार्यालय तथा सोझै शिक्षा मन्त्रालयले विशेष अनुदान प्रदान गर्ने र अस्थायी स्वीकृति प्राप्त गरे पश्चात् निश्चित अनुदान तथा स्थायी स्वीकृति प्राप्त गरे पश्चात् केन्द्र भाग (Core Fund) अनुदान प्रदान गर्ने व्यवस्था भएको पाइन्छ । माथि उल्लेख गरिए अनुसार २०२८ पूर्व स्थापना भएका सबै जसो सामुदायिक कलेजहरू त्रिभुवन विश्वविद्यालयका आङ्गिक क्याम्पसको रूपमा परिणत गरियो र सम्पूर्ण पुँजीगत तथा सञ्चालन खर्च त्रिभुवन विश्वविद्यालयले व्यवस्था गरेको पाइन्छ । २०४० पश्चात् नेपालमा पुनः एक पटक सामुदायिक तथा निजी संस्थाका कलेजहरू स्थापना गर्ने सुरुवात भयो र २०४७-४८ पछि त लहरनै चल्यो । विभिन्न विश्वविद्यालयबाट सम्बन्धन लिई निजी संस्थाका कलेजहरूले कलेजको भौतिक संरचना तथा सञ्चालन खर्च आफैंले बेहोर्छन् साथै सरकारलाई संस्थागत आयकरको रूपमा नाफाको २५ प्रतिशत रकम साथै बाँकी नाफा सेयर होल्डर बीच बाँडफाँट हुने भएमा त्यस्तो नाफाको थप १५ प्रतिशत नाफा कर तिर्नु पर्ने व्यवस्था समेत विद्यमान छ ।

निजी क्षेत्रका क्याम्पसले भौतिक संरचना विकास तथा सञ्चालन खर्च बापत कुनै पनि प्रकारको अनुदान प्राप्त गर्नका लागि योग्य (Eligible) मानिँदैनन् । त्यसैले अनुदान प्राप्त गर्ने उच्च शिक्षा संस्थाहरूमा विश्वविद्यालय अन्तर्गतका आङ्गिक संकाय र निकाय तथा सामुदायिक क्याम्पसहरू मात्र योग्य मानिन्छन् । पछिल्लो तथ्याङ्क अनुसार नियमित अनुदान प्राप्त गर्ने कलेजहरूको सङ्ख्या ४५९ र गण्डकी प्रदेशमा ७१ रहेको छ । विशेषगरी विश्वविद्यालय अनुदान आयोगको HERP अन्तर्गत अनुदान प्राप्त गर्ने कलेजहरूको सङ्ख्या १२४ र गण्डकी प्रदेशमा १५ रहेको पाइन्छ ।

## ३.९. नेपालमा प्रयोग भएका उच्च शिक्षा अनुदान प्रणालीका सूचकहरुको संक्षिप्त विवरण

नेपालको राष्ट्रिय शिक्षा नीति अनुरूप दोस्रो उच्च शिक्षा परियोजना, Second Higher Education Project (SHEP, 2007-2014) बाट कार्य सम्पादनमा आधारित अनुदान, Performance Based Fund (PBF) को सुरुवात भएको थियो । अनुदान प्रणालीको निमित्त विश्वविद्यालय अनुदान आयोगले प्रयोग गरेका मुख्य सूचकहरू शैक्षिक गुणस्तर, लागत बाँडफाँट (cost sharing), विद्यार्थी उत्तीर्ण सङ्ख्या, सञ्चालनमा रहेका शैक्षिक कार्यक्रमहरू, विद्यार्थी भर्ना दर, अनुसन्धान प्रकाशन, लैंगिक

समानता, सीमान्ततल विद्यार्थीहरूलाई सहयोग, आदि रहेका थिए । सामुदायिक क्याम्पसहरूलाई फर्मुलामा आधारित अनुदानको सुरुवात पनि SHEP बाट गरिएको थियो । उक्त प्रोजेक्टको अनुभवको आधारमा विश्वविद्यालय अनुदान आयोगले विश्व ब्याङ्कको सहयोगमा उच्च शिक्षा सुधार परियोजना, Higher Education Reforms Project (HERP, 2015-2020) को सुरुवात गरेको थियो । सो परियोजनामा SHEP का सूचकहरूलाई थप सुधार गरि गुणस्तर सुधार तथा सेवा प्रदानलाई महत्त्व दिई केही नयाँ सूचकहरू पनि थपिएको थियो। यस परियोजना बाट सामुदायिक क्याम्पसहरूलाई पनि कार्य सम्पादनमा आधारित अनुदान प्रदान गर्न सुरुवात गरियो । HERP परियोजनाको समाप्ति पश्चात् उच्च शिक्षामा उत्कृष्टताको विकास, Nurturing Excellence in Higher Education Project ( NEHEP) परियोजना सन् २०२१ बाट सुरु भएको छ । यो परियोजनाले शैक्षिक संस्थाहरूलाई थप गुणस्तर सुधार हेतु प्रेरित गर्न विस्तारित PBF अङ्गीकार गरेको छ । यी विस्तारित सूचकहरू output र outcome मा आधारित रहेका छन् । विश्वविद्यालय अनुदान आयोगले PBF का लागि निम्न सिद्धान्तहरू अङ्गीकार गरेको छ :

१. उत्कृष्टतालाई पुरस्कृत गर्ने,
२. उच्च शैक्षिक संस्थाहरूको कार्यसम्पादनलाई राष्ट्रिय महत्त्वका क्षेत्रहरू सँग जोडने, र
३. उच्च शैक्षिक संस्थाहरूमा उत्पादकत्व र सुशासनलाई प्रोत्साहन गर्ने ।

कार्यसम्पादनमा आधारित अनुदानलाई नियमित कार्यसम्पादनमा आधारित अनुदान र विस्तारित कार्यसम्पादनमा आधारित अनुदानमा विभाजन गरी अनुदान प्रदान गर्ने व्यवस्था गरिएको छ। त्यस्तो प्रावधान अनुसार नियमित कार्यसम्पादनमा आधारित अनुदानका (Regular PBF) सूचकहरू निम्न रहेका छन् :

१. सञ्चालनमा रहेका शैक्षिक कार्यक्रमहरूको सङ्ख्या
२. विद्यार्थी उत्तीर्ण सङ्ख्या
३. विज्ञान तथा प्रविधि र अन्य राष्ट्रिय प्राथमिकताका क्षेत्रहरूमा आधारित शैक्षिक कार्यक्रमहरूको सङ्ख्या
४. विद्यार्थी भर्ना सङ्ख्या
५. दुर्गम क्षेत्रमा रहेका शैक्षिक संस्थाहरू
६. गुणस्तर सुनिश्चितता तथा प्रत्यायन
७. आङ्गिक क्याम्पस नरहेका क्षेत्र

त्यस्तै विस्तारित कार्यसम्पादनमा आधारित अनुदानका प्रावधान अन्तर्गत निम्न सूचकहरू समावेश गरिएका छन्ः

१. विद्यार्थी उत्तीर्ण सङ्ख्यामा बृद्धि
२. रोजगारमा रहेका विद्यार्थी सङ्ख्या
३. बजारमा आधारित तथा प्रविधि क्षेत्रका कार्यक्रममा विद्यार्थी भर्ना सङ्ख्या
४. लैङ्गिक समानता

५. प्रयोगशाला सहयोग

६. अनुसन्धान, विकास र नवप्रवर्तन

७. दर्शानाचार्य र विद्यावारिधि प्राप्त पूर्णकालीन शिक्षक सङ्ख्या

८. क्याम्पस गाभिन सहयोग

९. सुशासन

१०. सामुदायिक कार्यक्रम सञ्चालन

११. वातावरण मैत्री अभ्यास

जहाँसम्म विश्वविद्यालय अनुदान आयोगको सामुदायिक क्याम्पसहरूलाई अनुदान दिने व्यवस्था छ, त्यस्तो कार्यक्रम NEHEP अन्तर्गत पनि निरन्तरता दिँदै आएको निर्णय गरी सो को अनुदान व्यवस्थित गर्न विश्वविद्यालय अनुदान आयोगले कार्यक्रम कार्यविधि, २०७८ मा निम्न क्षेत्रमा अनुदान दिने व्यवस्था गरेको छ।

१. सामुदायिक क्याम्पसहरूलाई नियमित अनुदान (Regular Grants to Community Campuses)
२. सामुदायिक क्याम्पसहरूलाई भौतिक विकास अनुदान (Physical Development Grants to Community Campuses)
   क) भवन निर्माण अनुदान (Grants for Building Construction)
   ख) पुस्तक खरिदका लागि अनुदान (Grants for Purchasing Books)
   ग) फर्निचर खरिदका लागि अनुदान (Grants for Purchasing Furniture)
   घ) उपकरण खरिदका लागि अनुदान (Grants for Purchasing Equipment)
   ङ) अतिरिक्त क्रियाकलापका लागि संरचना विकास अनुदान (Infrastructure Development Grants for Extracurricular Activities)
३. विशेष अनुदान (Special Grants)
४. उच्च शिक्षामा विशिष्टताको प्रवर्धन कार्यक्रम अनुदान (Nurturing Excellence in Higher Education Program Grants)

विश्वविद्यालय अनुदान आयोगले सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूलाई अनुदान दिने निर्देशिका, २०७३ को दोस्रो संशोधन, २०७८ को परिच्छेद ३ मा माथि उल्लिखित कार्यक्रमहरूमा आधारित सामुदायिक क्याम्पसलाई दिइने अनुदानका प्रकार, प्रक्रिया र रकमको व्याख्या गरेको पाइन्छ । उक्त व्यवस्था अनुसार आयोगले वार्षिक बजेट र कार्यक्रममा व्यवस्था गरे बमोजिम सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूलाई निम्न अनुसारको अनुदान दिने सक्नेछ ।

(क) शैक्षिक उन्नयनका लागि नियमित अनुदान

(ख) शैक्षिक तथा प्रशासनिक भवन निर्माण अनुदान

(ग) पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तक खरीद अनुदान

(घ) फर्निचर खरीद तथा फर्निचर निर्माण अनुदान

(ङ) शैक्षिक उपकरण खरीद अनुदान

(च) विशेष अनुदान

(छ) क्याम्पसको पठनपाठनको गुणस्तर अभिवृद्धिका लागि सभा सम्मेलन, गोष्ठी, तालिम, कार्यशाला आयोजना गर्नका लागि अनुदान

(ज) प्रोत्साहन, कार्यसम्पादन, जोडकोष वा यस्तै अन्य अनुदान

(झ) विद्यार्थीहरूलाई लक्षित गरी प्रदान गरिने छात्रवृत्ति अनुदान

(ञ) शिक्षक कर्मचारीलाई सीप विकास वा स्तर वृद्धि गर्न वृत्ति विकास अनुदान

(ट) अध्ययन सामग्री विकास अनुदान

(ठ) अतिरिक्त क्रियाकलापका लागि संरचना विकास कार्यक्रम अनुदान

(ड) अन्य अनुदान

विश्वविद्यालय अनुदान आयोगले उपरोक्त अनुदान कार्यक्रममा सहभागी हुनका लागि हिमाली, पहाडी, तराई र काठमाण्डौ उपत्यकाका जिल्लाहरूमा हुनु पर्ने न्यूनतम विद्यार्थी सङ्ख्या तथा पालना गर्नु पर्ने अन्य सर्तहरू उल्लेख गरेको छ । साथै विश्वविद्यालय अनुदान आयोगले अनुदान बाँडफाँटका आधारहरू स्पष्ट पारेको छ र  गर्नुपर्ने कागजातहरू पनि उल्लेख गरेको छ । विश्वविद्यालय अनुदान आयोगको कार्यक्रम कार्यविधि, २०७८ अनुसूची २ मा दिइएको छ।

गण्डकी प्रदेश सरकारले गत वर्षदेखि सामुदायिक क्याम्पसहरूलाई तदर्थ रूपमा सरकारी कोषको उपलब्धता, क्याम्पसको अनुदानको आवश्यकता र पहुँचका आधारमा अनुदान दिने क्षेत्र तोकि, सूचना प्रकाशन गरी साथै समावेश गर्नुपर्ने कागजात र सर्त समेत तोकि निवेदन माग गरी क्याम्पसहरूलाई अनुदान उपलब्ध गराइएको छ । साथै गण्डकी प्रदेशका सामुदायिक क्याम्पसहरूलाई स्थानीय सरकारले पनि तदर्थ रूपमै विभिन्न शीर्षकमा सानोतिनो अनुदान उपलब्ध गराई रहेका छन् ।

# परिच्छेद ४

# गण्डकी प्रदेश उच्च शिक्षा पूर्वाधार विकास एवं अनुदान प्रणालीका लागि मानक विकासको लागि प्राप्त सुझावहरूको विश्लेषण

## ४.१. गण्डकी प्रदेश उच्च शिक्षा पूर्वाधार विकास एवं अनुदान प्रणालीका लागि मानक विकासको निमित्त सामुदायिक क्याम्पसहरूमा गरिएको अनुसन्धान सर्वेक्षणको नतिजा विश्लेषण

### *४.१.१. अध्ययन बिधि*

गण्डकी प्रदेश उच्च शिक्षा पूर्वाधार विकास तथा अनुदान प्रणालीका लागि मानक विकास गर्ने उदेश्य सहित प्रदेशका सामुदायिक क्याम्पसहरूमा गुणात्मक (Qualitative) तथा गणनात्मक (Quantitative) अनुसन्धान विधि प्रयोग गरि अध्ययन गरिएको छ । यस अध्ययनको लक्षित जनसङ्ख्या (Target Population) गण्डकी प्रदेशमा अवस्थित सामुदायिक क्याम्पसहरू रहेका छन्। उक्त अनुसन्धान सर्वेक्षणको लागि सामुदायिक क्याम्पसहरूमा शैक्षिक तथा अन्य भौतिक पूर्वाधारको वर्तमान अवस्था साथै शिक्षण, सिकाई, अनुसन्धान र अन्य शैक्षिक गुणस्तर सुधारको लागि अनुदानको आवश्यकता रहेका क्षेत्रहरू तथा मानक विकासको बारेमा जानकारी तथा सुझाव लिन अध्ययन प्रश्नावली तयार गरिएको थियो (प्रश्नावली अनुसूची ३ मा दिइएको छ । उक्त प्रश्नावली क्याम्पस प्रमुखहरूलाई अनलाइन मध्यमबाट पठाई जानकारी सङ्कलन गरिएको थियो । Research instrument को वैधता र विश्वसनीयता लाई ख्याल गरि प्रश्नावली तयार गर्दा उपलब्ध मानक अनुसन्धान सामाग्रीहरूको व्यापक अध्ययन गरि सम्बन्धित विज्ञहरूसँगको छलफल बाट मसौदा प्रश्नावली तयार पारिएको थियो। सर्वेक्षणका लागि सामुदायिक क्याम्पसका प्रमुख सँग फोन सम्पर्क गरि आबश्यक निर्देशन दिइएको थियो भने अर्कोतर्फ सर्वेक्षण निर्देशिका पनि प्रश्नावलीसँगै पठाईएको थियो । स्वप्रशासित (self-administered) प्रश्नावली प्रयोग गरि सूचना सङ्कलन गरिएको थियो । अनुसन्धानको नैतिक मान्यतालाई कायम गर्नको लागि सबभन्दा पहिला सम्बन्धित नमुना क्याम्पसको प्रमुखहरू सँग सर्वेक्षण गर्नको लागि अनुमति लिइएको थियो। गण्डकी प्रदेशमा रहेका ९७ सामुदायिक क्याम्पस मध्ये क्षेत्रगत सहभागिता अनुरूप २० नमुना क्याम्पस (primary

sample units) बाट सूचना सङ्कलन गरिएको छ । यस सर्वेक्षणको प्रतिक्रिया दर (Response Rate) २२.२ प्रतिशत रहेको छ ।

### *४.१.२. तथ्याङ्क प्रस्तुतीकरण तथा विश्लेषण*

गण्डकी प्रदेशका सामुदायिक क्याम्पसहरूमा भौतिक तथा शैक्षिक पूर्वाधारको उपलब्धता र गुणस्तरीय शिक्षा प्रदान गर्न आवश्यक अनुदानको पहिचान सम्बन्धी अनुसन्धानात्मक अध्ययनका लागि गरिएको प्रश्नावली सर्वेक्षणबाट प्राप्त तथ्याङ्कको प्रस्तुतीकरण, विश्लेषण तथा नतिजाहरूको व्याख्या यस परिच्छेदमा प्रस्तुत गरिएको छ । प्राथमिक स्रोतबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई मुख्यतः वर्णनात्मक तथ्याङ्क (Descriptive Statistics), प्रवृत्ति, औसत, तालिकीकरण तथा चित्र विधिका माध्यमबाट विश्लेषण गरिएको छ ।

### *४.१.३. सर्वेक्षणमा सहभागी क्याम्पसहरूको शैक्षिक विवरण*

यस अध्ययनको निमित्त डिजाइन गरिएको स्थलगत सर्वेक्षणको लागि गण्डकी प्रदेशका सबै जिल्लाबाट नमुना स्वरूप छनौट गरिएका सामुदायिक क्याम्पसहरूको विवरण तालिका ४.१ मा दिइएको छ ।

***तालिका ४.१: सर्वेक्षणमा सहभागी सामुदायिक क्याम्पसहरूको शैक्षिक विवरण***


| विवरण | न्यूनतम | अधिकतम | औसत | मानक विचलन |
|---|---|---|---|---|
| विद्यार्थी सङ्ख्या | ६० | ४१०८ | ५०९ | ९६९ |
| महिला विद्यार्थी सङ्ख्या | ३३ | २०५८ | ३१२ | ५२२ |
| दलित विद्यार्थी सङ्ख्या | १ | ३११ | ५२ | ८२ |
| EDJ विद्यार्थी सङ्ख्या | १ | १३० | २७ | ४४ |
| पूर्ण छात्रवृत्ति | १ | ५८ | ११ | १४ |
| आंशिक छात्रवृत्ति | २ | २०९ | २९ | ४९ |
| शिक्षक सङ्ख्या | ६ | १०८ | २४ | २४ |
| पूर्णकालीन शिक्षक सङ्ख्या | १ | ७३ | १० | १८ |
| महिला शिक्षक सङ्ख्या | ० | ९ | ३ | ३ |
| करार शिक्षक सङ्ख्या | ४ | ३७ | १८ | १० |
| विद्यार्थी उत्तीर्ण प्रतिशत | ३ | ५६ | २७ | १७ |
| औसत शुल्क (शैक्षिक कार्यक्रम) | १७००० | २४०००० | ६९८६४ | ५०३४० |

*स्रोत : स्थलगत सर्वेक्षण*

नमुना सर्वेक्षण गरिएका कुल २० क्याम्पस मध्ये ९ (४५ प्रतिशत) सहरी क्षेत्र र बाकी ११ (५५ प्रतिशत) ग्रामीण क्षेत्रमा अवस्थित रहेका छन् । सर्वेक्षणमा सहभागी क्याम्पसहरूको विवरण तालिका ४.१ मा प्रस्तुत गरिएको छ । अध्ययनमा समेटिएका क्याम्पसहरूमा विद्यार्थी सङ्ख्या ६० देखि ४१०८ रहेको पाइएको छ । औसत विद्यार्थी सङ्ख्या ५०९ र औसत महिला विद्यार्थी सङ्ख्या ३१२ रहेको छ । प्रस्तुत आँकडाको विश्लेषण गर्दा सामुदायिक क्याम्पसहरूमा पूर्णकालीन शिक्षकको अभाव देखिएको छ भने महिला शिक्षकको सङ्ख्या न्यून देखिन्छ । क्याम्पसहरूमा अधिकांश करार शिक्षकहरूबाट पठनपाठन भइरहेको पाइएको छ । यसैगरी, शैक्षिक रूपमा सिमान्तकृत (EDJ) विद्यार्थीको सङ्ख्या र विद्यार्थीहरूलाई छात्रवृत्तिको अवसर न्यून देखिन्छ तथा औसत उत्तीर्ण दर कम (२७ प्रतिशत) रहेको छ ।

चित्र ४.१ मा गण्डकी प्रदेशमा अवस्थित सामुदायिक क्याम्पसहरूमा अध्ययनरत विद्यार्थी सङ्ख्या प्रस्तुत गरिएको छ । विद्यार्थी सङ्ख्या २५० भन्दा कम रहेका क्याम्पस ६० प्रतिशत पाइएको छ । यसैगरी, २५१ बाट ५०० विद्यार्थी सङ्ख्या रहेका क्याम्पसहरू २५ प्रतिशत रहेका छन् भने १००० भन्दा अधिक विद्यार्थी सङ्ख्या भएका क्याम्पस १५ प्रतिशत रहेको छ । यस अध्ययनमा संलग्न कुनै पनि क्याम्पसहरूमा ५०१ देखि १००० सम्म विद्यार्थी सङ्ख्या नरहेको पाइएको छ । अध्ययनको नतिजाले अधिकांश सामुदायिक क्याम्पसहरूमा विद्यार्थी सङ्ख्या कम रहेको देखाएको छ ।

*चित्र ४.१: गण्डकी प्रदेशको सामुदायिक क्याम्पसहरूमा विद्यार्थी सङ्ख्या*




तालिका ४.२ मा ग्रामीण र सहरी क्षेत्रमा रहेका क्याम्पसमा विद्यार्थी सङ्ख्यामा देखिएको भिन्नता प्रस्तुत गरिएको छ । प्राप्त नतिजाले ग्रामीण क्षेत्रमा अवस्थित अधिकांश सामुदायिक क्याम्पसहरूमा (९०.९ प्रतिशत) विद्यार्थी सङ्ख्या २५० भन्दा कम पाइएको छ । विद्यार्थी सङ्ख्या २५१ बाट ५०० रहेका क्याम्पसहरू मध्य ४४.४ प्रतिशत सहरी क्षेत्र र ९.१ प्रतिशत ग्रामीण क्षेत्रमा रहेका छन् । यसैगरी, सहरी क्षेत्रमा रहेका क्याम्पसहरूमा मात्र विद्यार्थी सङ्ख्या १००० भन्दा बढि (३३.३ प्रतिशत) रहेको छ ।

*तालिका ४.२: ग्रामीण  र सहरी क्षेत्रमा रहेका सामुदायिक क्याम्पसमा विद्यार्थी सङ्ख्या*

| | | क्याम्पसको अवस्थिति | | जम्मा |
|---|---|---|---|---|
| | | सहरी क्षेत्र (%) | ग्रामीण  क्षेत्र (%) | |
| विद्यार्थी सङ्ख्या | < २५० | २२.२ | ९०.९ | ६० |
| | २५१ - ५०० | ४४.४ | ९.१ | २५ |
| | > १००० | ३३.३ | | १५ |
| जम्मा | | १०० | १०० | १०० |

गण्डकी प्रदेशको ग्रामीण र सहरी क्षेत्रमा अवस्थित सामुदायिक क्याम्पसका विद्यार्थी उत्तीर्ण सङ्ख्या तालिका ४.३ मा प्रस्तुत गरिएको छ । प्रस्तुत आँकडाले सहरी तथा ग्रामीण  क्षेत्रमा रहेका सामुदायिक क्याम्पसमा विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा रहेको फरक देखाउँछ  । ग्रामीण  क्षेत्रमा रहेका ७० प्रतिशत क्याम्पसहरूमा विद्यार्थी उत्तीर्ण प्रतिशत १५ प्रतिशत भन्दा कम रहेको सर्वेक्षणको नतिजाले देखाउँछ । समग्रमा ५२.६ प्रतिशत सामुदायिक क्याम्पसहरूमा विद्यार्थी उत्तीर्ण प्रतिशत १५ प्रतिशत भन्दा कम रहेको पाइएको  छ । जम्मा १०.५ प्रतिशत क्याम्पसहरूमा मात्र विद्यार्थी  उत्तीर्ण प्रतिशत ५० प्रतिशत भन्दा माथि रहेको देखिन्छ । यस नतिजाले सामुदायिक क्याम्पसहरूमा शैक्षिक गुणस्तर अभिबृद्धि गर्ने योजना तथा कार्यक्रम आवश्यक रहेको दर्साउँछ।


*तालिका ४.३: ग्रामीण  र सहरी क्षेत्रमा रहेका सामुदायिक क्याम्पसको विद्यार्थी उत्तीर्ण प्रतिशत*

| | | क्याम्पसको अवस्थिति | | जम्मा (%) |
|---|---|---|---|---|
| | | सहरी क्षेत्र (%) | ग्रामीण  क्षेत्र (%) | |
| विद्यार्थी उत्तीर्ण प्रतिशत | < १५ | ३३.३ | ७० | ५२.६ |
| | १५ - ५० | ५५.६ | २० | ३६.८ |
| | > ५० | ११.१ | १० | १०.५ |
| जम्मा | | १०० | १०० | १०० |

चित्र ४.२ ले सर्वेक्षणमा सहभागी सामुदायिक क्याम्पसहरूमा सञ्चालित शैक्षिक कार्यक्रमको विवरण प्रस्तुत गर्दछ । उक्त क्याम्पसहरूमा व्यवस्थापन संकायका कार्यक्रम सर्वाधिक सञ्चालन मा रहेको देखिन्छ । त्यसपछि क्रमशः शिक्षा शास्त्र र मानविकी संकायका कार्यक्रम सञ्चालन मा रहेको  अनुसन्धानको नतिजाले देखाउँछ । थोरै (२२.२ प्रतिशत) क्याम्पसहरूमा मात्र विज्ञान संकाय अन्तर्गतका कार्यक्रम सञ्चालन मा रहेको पाइएको छ । सहरी क्षेत्रमा अवस्थित क्याम्पसहरूले  (१०० प्रतिशत) व्यवस्थापन कार्यक्रम


सञ्चालन गरेका तथा ग्रामीण भेगका अधिकांश क्याम्पसहरूले (७२.७ प्रतिशत) शिक्षा शास्त्र कार्यक्रम सञ्चालन गरेको देखिन्छ।

*चित्र ४.२: गण्डकी प्रदेशका सामुदायिक क्याम्पसहरूमा सञ्चालित शैक्षिक कार्यक्रमको विवरण*




चित्र ४.३ ले प्रस्तुत गरेको सर्वेक्षणको नतिजाले ग्रामीण भेगमा रहेका क्याम्पसहरूमा स्नातक तहका शैक्षिक कार्यक्रम मात्र सञ्चालन रहेको देखिन्छ । यसैगरी, सहरी क्षेत्रका ६६.७ प्रतिशत र ३३.३ प्रतिशत क्याम्पसहरूमा क्रमशः स्नातक र स्नातकोत्तर तहका शैक्षिक कार्यक्रम सञ्चालन मा रहेको पाइएको छ । सर्वेक्षणको यो नतिजाले सम्भाव्यता रहेका ग्रामीण भेगमा रहेका सक्षम क्याम्पसहरूमा स्नातकोत्तर तहका कार्यक्रम सञ्चालन गर्न सहयोगको आवश्यकता देखिन्छ ।

*चित्र ४.३: सामुदायिक क्याम्पसहरूमा सञ्चालित कार्यक्रमको शैक्षिक तह*




### *४.१.४. गण्डकी प्रदेशका सामुदायिक क्याम्पसहरूमा मानव संसाधन, शैक्षिक र भौतिक पूर्वाधारको अवस्था*

तालिका ४.४ मा गण्डकी प्रदेशका सामुदायिक क्याम्पसहरूमा रहेका शिक्षकहरूको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ । सर्वेक्षणमा सहभागी क्याम्पसहरूमा पूर्णकालीन शिक्षक सङ्ख्या औसतमा २७ प्रतिशत मात्र रहेको तथा महिला शिक्षकको औसत सङ्ख्या १६.९ प्रतिशत पाइएको छ । यो नतिजाले क्याम्पसहरूमा गुणस्तरीय शिक्षाको लागि आवश्यक शिक्षकको अपर्याप्तता रहेको देखाउँछ। यसैगरी केही क्याम्पसहरूमा महिला शिक्षकको सङ्ख्या न्यून देखिन्छ ।


*तालिका ४.४: सामुदायिक क्याम्पसहरूमा रहेका शिक्षकहरूको विवरण*

| शिक्षक | न्यूनतम | अधिकतम | औसत | मानक विचलन |
|---|---|---|---|---|
| पूर्णकालीन शिक्षक | ४.५% | ६७.६% | २७.० % | १९.८ |
| महिला शिक्षक | ० % | ५७.१% | १६.९% | १६.१ |

गण्डकी प्रदेशमा अवस्थित सामुदायिक क्याम्पसहरू सञ्चालन मा रहेका जमिनको स्वामित्वको अवस्था चित्र ४.४ मा प्रस्तुत गरिएको छ । नतिजा अनुसार ग्रामीण भेगमा रहेका ९१ प्रतिशत क्याम्पसहरू आफ्नै स्वामित्वमा रहेको जग्गामा सञ्चालन भएको तर सहरी क्षेत्रमा रहेका ६७


प्रतिशत क्याम्पसहरूको मात्र आफ्नै स्वामित्वको जमिन रहेको देखिन्छ । सहरी क्षेत्रको क्याम्पसहरूमा जमिनको उपलब्धता तथा स्वामित्व एक प्रमुख समस्या रहेको पाइएको छ ।

*चित्र ४.४: सामुदायिक क्याम्पसहरू सञ्चालनमा रहेको जमिनको स्वामित्व*





यसैगरी, सहरी क्षेत्रमा रहेका ८९ प्रतिशत र ग्रामीण भेगमा रहेका ७३ प्रतिशत क्याम्पसहरू आफ्नै भवनमा अवस्थित रहेका चित्र ४.५ मा प्रस्तुत तथ्याङ्कले देखाउँछ । ग्रामीण क्षेत्रमा रहेका २७ प्रतिशत क्याम्पसहरू भाडाको भवनमा सञ्चालनमा रहेको देखिन्छ ।

*चित्र ४.५: सामुदायिक क्याम्पसहरू सञ्चालनमा रहेको भवनको स्वामित्व*




चित्र ४.६ मा सामुदायिक क्याम्पसहरूमा भौतिक पूर्वाधारको पर्याप्तताको अवस्था प्रस्तुत गरिएको छ । सर्वेक्षणको नतिजाले नमुना क्याम्पसहरूमा जमिन, कक्षा-कोठा, अन्य कोठाहरू, प्रिन्टर आदिको अवस्था सन्तोषजनक रहेको देखिन्छ । सामुदायिक क्याम्पसहरूलाई आवश्यक पूर्वाधारहरूमा आई. सी. टि., पुस्तकालय र पुस्तक रहेका छन् । समग्रमा भौतिक पूर्वाधारको अवस्था अपुग रहेको सर्वेक्षणको नतिजाले देखाउँछ ।

*चित्र ४.६: सामुदायिक क्याम्पसहरूमा भौतिक पूर्वाधारको पर्याप्तता*




गण्डकी प्रदेशका सामुदायिक क्याम्पसहरूलाई आवश्यक रहेका अनुदानका क्षेत्रहरूको विवरण चित्र ४.७ ले प्रस्तुत गर्दछ । शिक्षकहरूको क्षमता विकाश, अनुसन्धान र शैक्षिक कार्यक्रम विस्तार सामुदायिक क्याम्पसहरूलाई सबै भन्दा धेरै अनुदानको आवश्यकता रहेका क्षेत्र भएको सर्वेक्षणको नतिजाले देखाउँछ । यसैगरी जर्नल प्रकाशन, ई-रिसोर्स र अनुसन्धान क्षमता विकाशका लागि अनुदान आवश्यक रहेको देखिन्छ । सामुदायिक क्याम्पसहरूलाई आवश्यक अन्य अनुदानका क्षेत्रहरू छात्रवृत्ति, खेलकुदका संरचना तथा पुस्तक रहेका छन् ।

*चित्र ४.७: सामुदायिक क्याम्पसहरूलाई आवश्यक अनुदानका क्षेत्रहरूको पहिचान*




सर्वेक्षणको नतिजाले गण्डकी प्रदेशका सामुदायिक क्याम्पसहरूमा अनुदानका क्षेत्रहरूको पहिचान गरेको छ । अध्ययनको नतिजा अनुसार सामुदायिक क्याम्पसहरूमा शिक्षक दरबन्दी, अनुसन्धान क्षमता विकाश, शिक्षकहरूको क्षमता अभिबृद्धि, पुस्तकालयको स्तरोन्नति, विपन्न विद्यार्थीहरूलाई छात्रवृत्ति अनुदान आवश्यक रहेका प्रमुख क्षेत्रहरू देखिन्छ । यसैगरी, प्रदेश तथा राष्ट्रिय प्राथमिकताका क्षेत्रहरू तथा विज्ञान र प्रविधिमा शैक्षिक कार्यक्रमहरूको विस्तारको लागि पनि अनुदान आवश्यक रहेको सर्वेक्षणको नतिजाले देखाउँछ । ग्रामीण भेगका सम्भाव्यता रहेका क्षेत्रहरूमा स्नातकोत्तर कार्यक्रम सञ्चालन गर्नु पर्ने आवश्यकता पाइएको छ । विद्यार्थीहरूको सिकाइको स्तर अभिवृद्धि गर्न ई-रिसोर्सेज तथा पुस्तकहरूको लागि पनि अनुदान आवश्यक देखिन्छ। शिक्षकहरूको अनुसन्धान तथा प्राज्ञिक क्षमता विकाश, अनुसन्धान अनुदान, जर्नल प्रकाशन र क्षमता विकाश तालिम आदिका लागि पनि अनुदान आवश्यक रहेको यस सर्वेक्षणको नतिजाले देखाउँछ।

## ४.२. गण्डकी प्रदेश उच्च शिक्षा पूर्वाधार विकास एवं अनुदान प्रणालीका लागि मानक विकासको निमित्त सामुदायिक क्याम्पसहरूमा गरिएको स्थलगत अवलोकन अध्ययन, गण्डकी प्रदेश नेपाल पब्लिक क्याम्पस सङ्घ सँग गरिएको अन्तरक्रिया एवम् सुझाव सङ्कलन / फोकस समूह छलफल तथा पदाधिकारी र विज्ञहरूसँग मानक सम्बन्धमा गरिएका अन्तरक्रिया एवम् सुझाव सङ्कलनका नतिजा विश्लेषण

### *४.२.१. अध्ययन बिधि*

गण्डकी प्रदेश उच्च शिक्षा पूर्वाधार विकास तथा अनुदान प्रणालीका लागि मानक विकास गर्ने उदेश्यले माथि खण्ड ३ मा उल्लेख गरिए अनुसार प्रदेशका सामुदायिक क्याम्पसहरूमा गणनात्मक (Quantitative) विधिका साथै गुणात्मक (Qualitative) अनुसन्धान विधि सहित प्रयोग गरि अध्ययन गरिएको छ । यस अध्ययनको लक्षित जनसङ्ख्या (Target Population) गण्डकी प्रदेशमा अवस्थित सामुदायिक क्याम्पसहरू रहेका छन् ।

अध्ययनमा सत्य-तथ्य तथा परिमाणहरूको अध्ययनका लागि माथि खण्ड ३ मा उल्लेख गरे अनुसार अनुसूची ३ मा दिइएको प्रश्नावली प्रयोग गरिएको थियो भने गुणात्मक विधिका लागि सामुदायिक क्याम्पसहरूको स्थलगत अवलोकन अध्ययन (अनुसूची ३), गण्डकी प्रदेश नेपाल पब्लिक क्याम्पस सङ्घ सँग अन्तरक्रिया एवम् सुझाव सङ्कलन गोष्ठी र विज्ञहरूसँग सुझाव सङ्कलन गोष्ठी जस्ता विधिहरू प्रयोग गरिएको थियो ।

सामुदायिक क्याम्पसहरूको स्थलगत अवलोकन अध्ययनका लागि क्याम्पसहरू चार समूह (बाग्लुङ्ग, स्याङ्जा, तनहुँ र कास्की) मा गरिएको थियो । क्याम्पसहरूको स्थलगत अवलोकन अध्ययनमा जाँदा सम्बन्धित क्याम्पस प्रमुखलाई जानकारी गराइएको थियो । कलेजमा कार्यदलका सदस्यहरू पुगेपछि त्यहाँ उपस्थित पदाधिकारीहरू सँग छलफल पश्चात् क्याम्पसका भौतिक संरचनाहरू अवलोकन गरिएको थियो ।

नेपाल पब्लिक क्याम्पस सङ्घ सँगको सुझाव सङ्कलन सङ्घको प्रदेश स्तरीय पदाधिकारीहरू तथा जिल्लाका सङ्घका अध्यक्ष एवं सचिवहरूलाई आमन्त्रण गरिएको थियो जसमा प्रदेश पदाधिकारीहरू सहित मनाङ्ग र मुस्ताङ्ग बाहेक नौ जिल्लाका प्रतिनिधिहरू सहभागी भएका थिए (अनुसूची ५) । उक्त गोष्ठीमा औपचारिक उद्घाटनमा गण्डकी प्रदेशका माननीय शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक मन्त्रीज्यू बाट गण्डकी प्रदेश उच्चशिक्षा पूर्वाधार विकास एवं अनुदान प्रणालीका लागि मानक विकास गर्नका लागि यो अध्ययन भइरहेको र यसका लागि सबैले वास्तविक

सुझाव दिन जिकिर गर्नु भएको थियो । तत्पश्चात्, कार्यदलले अध्ययनको कार्यदिशा/कार्यादेश, अध्ययन विधिका साथै नेपालको उच्च शिक्षाको एक झलक, नेपालको उच्च शिक्षामा सामुदायिक क्याम्पसहरूको साथै गण्डकी प्रदेशको तुलनात्मक स्थिति, सामुदायिक क्याम्पसको बजेट/कोष/अनुदानको एक सिंहावलोकन र नेपालमा सामुदायिक क्याम्पसहरूको अनुदानको स्थिति, गण्डकी प्रदेश उच्च शिक्षा पूर्वाधार विकास एवं अनुदान प्रणालीका लागि मानक विकासको आधार तथा विश्लेषण विषयमा एक संक्षिप्त प्रस्तुति भएको थियो । तत्पश्चात् सबै सहभागीहरू लाई एक-एक गरी आफ्ना सुझावहरू दिन अनुरोध गरिएको थियो । सो अनुरूप १० जना सहभागीहरूले आफ्ना सुझावहरू मौखिक रूपमा राख्नुभएको थियो र पछि लिखित रूपमा समेत पेस गर्नु भएको थियो भने अन्य सहभागीहरूले सङ्घका अध्यक्ष तथा अन्य पूर्ववक्ता सहभागीहरूका सूझावहरूमा आफ्नो समर्थन जनाउनु भएको थियो । त्यसपछि पनि केही सहभागीहरूले आफ्ना लिखित सुझावहरू पेस गर्नु भएको थियो ।

गण्डकी प्रदेश उच्चशिक्षा पूर्वाधार विकास एवं अनुदान प्रणालीका लागि मानक विकास गर्ने सम्बन्धमा तेस्रो सुझाव सङ्कलन पदाधिकारी एवं विज्ञहरू सँग बाट लिइएको थियो यो सुझाव सङ्कलनमा मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवज्यू श्रीमान् मनमाया भट्टराई पगेनी, र शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक मन्त्रालयका सचिवज्यू श्रीमान् देवेन्द्र लामिछाने समेत गण्डकी विश्वविद्यालय र पोखरा स्थित त्रिभुवन विश्वविद्यालयका आङ्गिक क्याम्पसका प्रतिनिधिहरू एवं शिक्षा सम्बन्धी विज्ञहरूको उपस्थिति रहेको थियो (अनुसूची ६) । यस गोष्ठीमा पनि कार्यदलबाट अध्ययनको कार्यदिशा/कार्यादेश, अध्ययन विधिका साथै नेपालको उच्च शिक्षाको एक झलक, नेपालको उच्च शिक्षामा सामुदायिक क्याम्पसहरूको साथै गण्डकी प्रदेशको तुलनात्मक स्थिति, सामुदायिक क्याम्पसको बजेट/कोष/अनुदानको एक सिंहावलोकन नेपालको उच्च शिक्षामा सामुदायिक क्याम्पसले प्राप्त गर्ने अनुदानका किसिम, उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूलाई दिइने प्रचलित वित्तीय सहयोग र नेपालमा सामुदायिक क्याम्पसहरूको अनुदानको स्थिति र गण्डकी प्रदेश उच्च शिक्षा पूर्वाधार विकास एवं अनुदान प्रणालीका लागि मानक विकासको आधार तथा विश्लेषण विषयमा एक संक्षिप्त प्रस्तुति भएको थियो।

उपरोक्त तरिकाबाट गरिएका अवलोकन अध्ययन, गोष्ठी तथा सुझाव सङ्कलनको नतिजा तल प्रस्तुत गरिन्छ ।

### ४.२.२. *क्याम्पसहरूको स्थलगत अवलोकन अध्ययनः*

माथि उल्लिखित चार क्षेत्रको अवलोकन अध्ययन भ्रमणमा कार्यदलका ५ मध्ये कम्तिमा ४ जना सदस्यहरू र मन्त्रालयका १-२ जना कर्मचारीहरूको सहभागितामा रहेको थियो । अवलोकन अध्ययन भ्रमणमा खासगरी दुई विधिहरू अपनाइएको थियो । पहिले, पदाधिकारीहरू सँगको छलफल, र दोस्रो, भौतिक संरचनाहरूको अवलोकन । पदाधिकारीहरू सँगको छलफलमा उनीहरूले यो अति उत्तम र गर्नु पर्ने आवश्यक सुरुवात भएको धारणा राखिसकेपछि प्रश्नावली भरी पठाई सकिएको तथा पठाउने प्रक्रियामा रहेको जानकारी गराउँदै स्पष्ट रूपमा ३ देखि १० वटा सम्म क्षेत्रहरू तोकी अनुदान उपलब्ध गराउन सुझाव पेस गर्नु भएको थियो । ती सुझवाहरूको मूल्याङ्कन गरी तिनिहरूलाई निम्न अनुसार प्रस्तुत गरिएको छ । सामुदायिक क्याम्पसका पदाधिकारी र सरोकारवालाहरूले गण्डकी प्रदेश उच्च शिक्षा पूर्वाधार विकास एवं अनुदान प्रणालीका लागि सुझाव प्रदान गरेका क्षेत्रहरूः)

- **क)** ***नियमित अनुदानः*** शिक्षकहरूको आधारभूत तलवका लागि कम्तिमा १-२ जना र सकेसम्म धेरै शिक्षकहरूको तलव-भत्ता तथा पारिश्रमिक, शैक्षिक क्रियाकलाप कार्यक्रम सञ्चालन, र दैनिक प्रशासनका लागि नियमित एकमुस्ट अनुदान प्रदान गर्ने ।
- **ख)** ***भौतिक पूर्वाधारका लागि अनुदानः*** यस किसिमको अनुदान अन्तर्गत संकाय भवन, कक्षा-कोठा थप, पुस्तकालय कोठा तथा संरचना, फूलबारी, निर्माण पर्दछन् ।
- **ग)** ***कार्य प्रगति अनुदानः*** शैक्षिक गुणस्तरका आधारमा अनुदानको व्यवस्था गर्ने । यस्तो अनुदान अन्तर्गत परीक्षाको नतिजामा न्यूनतम मापदण्ड राखि सो भन्दा धेरै विद्यार्थी सङ्ख्या उत्तीर्ण हुन सफल क्याम्पसहरू लाई गुणस्तर थप वृद्धि गर्न प्रोत्साहन स्वरूप अनुदान दिन ।
- **घ)** ***छात्रबृत्ति अनुदानः*** उच्च शिक्षाको पहुँचमा नरहेका दलित, पिछडा वर्ग, आदिवासी जनजाति तथा विपन्न वर्गका विद्यार्थीहरूलाई विशेष छात्रावृत्तिको व्यवस्था गर्ने ।
- **ङ)** ***अनुसन्धान तथा प्रकाशन अनुदानः*** कलेजहरूलाई अनुसन्धानको लागि अनुदान दिनु पर्ने र स्थानीय तह र प्रदेश सरकारमा समेत अनुसन्धानको पहुँचका लागि गरी अनुसन्धानलाई सहयोग गर्ने र अनुसन्धानबाट प्राप्त नतिजाको प्रकाशन गर्न समेत अनुदान उपलब्ध गराउने ।
- **च)** ***सूचना प्रविधि (Information Technology) अनुदानः*** ICT कक्षा सञ्चालन गर्न, स्मार्टबोर्डको व्यवस्था गर्न, पठन-पाठनमा सूचना प्रविधिको पहुँच पु्याउन, तथा समुच्च उच्च शिक्षालाई प्रविधि मैत्री बनाउने अनुदान ।

छ) ***विज्ञान तथा प्रविधि पूर्वाधार विकास अनुदान:*** विज्ञान तथा प्रविधिको यथोचित व्यवस्थागर्न प्रयोगशाला तथा मसिनहरूको व्यवस्थाका लागि अनुदान उपलब्ध गराउने ।

ज) ***पुस्तकालय अनुदानः*** पुस्तकहरूको आवश्यकता अनुसारको व्यवस्था, पुस्तकालय प्रयोगका लागि अनलाइन र डिजिटल साधनको व्यवस्था तथा पुस्तकालय जनशक्तिलाई तालिम दिनका लागि अनुदान ।

झ) ***समुच्च जनशक्ति विकास अनुदान:*** अध्यापक एवं कर्मचारीहरुको क्षमता अभिवृध्दिका लागि आधारभूत तालिम, पुनर्ताजगि तालिम तथा थप उच्च शिक्षा हाँसिल तथा सभा, सम्मेलन, वर्कशप जस्ता क्षमता बृद्धि गर्नकालागि अनुदान प्रदान गर्ने ।

ञ) ***क्याम्पसको भौगोलिक अवस्थितिका आधारमा आङ्गिक क्याम्पसको उपस्थिति नभएका क्षेत्रमा स्थापित साना क्याम्पसहरूलाई दिगो बनाउने र क्षमता विकास गर्ने अनुदान:*** प्रदेशमा सहरी क्षेत्रका ग्रामीण परिवेशमा तथा ग्रामीण क्षेत्रमा स्थापना भएका र त्यसता क्षेत्रमा आङ्गिक क्याम्पसहरूको उपस्थिति समेत नभएका तर समुदायलाई सेवा दिइरहेका, भौतिक पूर्वाधारका हिसाबले समिति सुविधा भएका, अन्य आयस्रोत नभएका र विद्यार्थी सङ्ख्या समेत कम भएका साना क्याम्पसहरूलाई उनीहरू दिगो भई सञ्चालन हुन सक्ने अवस्थामा पुऱ्याउन आवश्यक विशेष अनुदानको व्यवस्था गर्ने ।

ट) ***विद्यार्थी भर्ना सङ्ख्याका आधारमा अनुदानः*** सबै सामुदायिक क्याम्पसलाई विद्यार्थी भर्ना सङ्ख्याका आधारमा अनुदान दिने ।

ठ) ***सञ्चालनमा रहेका कार्यक्रमहरूका आधारमा अनुदानः*** कलेजमा सञ्चालन कार्यक्रमलाई आधार मानि अनुदान दिने ।

ड) ***विज्ञान तथा प्रविधि विषयका कार्यक्रम सञ्चालन अनुदानः*** विज्ञान तथा प्रविधि विषयका कार्यक्रमहरू सञ्चालन गर्न भौतिक संरचनाको विकास, प्रयोगशालाको स्थापना, प्रविधि सम्बन्धी पुँजीको व्यवस्था तथा दुर्लभ शिक्षकहरूको व्यवस्था गर्न विशेष अनुदान ।

ढ) ***क्याम्पसमा विज्ञहरुको पहुँच पुऱ्याउने अनुदानः*** क्याम्पसमा विज्ञहरूको पहुँच लाई प्रभावकारी बनाउन हरेक क्याम्पसले छोटो तथा मध्यम समयका लागि विज्ञहरूलाई बोलाई सेवा लीन तथा प्रदेश सरकारले आफैले विज्ञहरू पठाउने व्यवस्था गर्न अनुदानको व्यवस्था गर्ने । त्यसता विज्ञहरूले क्याम्पसमा प्राविधिक विषयहरूको स्थापना, त्यहाँ सञ्चालनमा रहेका प्राविधिक विषयहरूको पठन-पाठनमा सहयोग तथा अनुसन्धान र प्रकाशन गर्ने जिम्मेवारी निर्वाह गर्न सक्ने छन् ।

अवलोकनबाट क्याम्पसहरू जमिन, भवन तथा भौतिक पूर्वाधार निर्माण, कक्षा-कोठा, कम्प्यूटर ल्याव सहित अन्य प्रयोगशाला र खेल मैदानको अवस्था हेर्दा निम्न ४ प्रकारका क्याम्पसमा विभाजन गर्न सकिने देखिन्छ ।

१. ***जमिन लगायत भौतिक संरचनाको भरपर्दो विकास भएका क्याम्पसहरू:*** अधिकांश क्याम्पसहरूको यथेष्ट जग्गाजमिन भएको पाइयो जवाकी केहीको आफ्नो जग्गा धनी प्रमाण पुर्जा नभएको तर भोगाधिकार प्राप्त भएको तथा थोरै मात्र क्याम्पसहरू सार्वजनिक जमिनमा स्थापना भएका तथा अरू सँग आश्रित भएको पाइयो । साथै धेरैजसो क्याम्पसहरूको यथेष्ट तथा निर्वाह चल्ने कक्षा-कोठा तथा प्रयोगशाला, पुस्तकालय र कम्प्यूटर ल्यावलाई पुग्न कोठाहरू भएको पाइयो ।

२. ***कक्षा-कोठा तथा अन्य प्रयोगशालाका लागि कोठाको अभाव:*** केहि क्याम्पसहरूमा जमिन यथेष्ट भएपनि कक्षा-कोठा तथा अन्य प्रयोगशालाका लागि कोठाहरूको कमि भएको देखियो।

३. ***निर्वाह चल्ने अन्य पूर्वाधारको कमि:*** धेरै क्याम्पसहरू अन्य पूर्वाधारहरू: लाइब्रेरीको पूर्वाधार, पुस्तकहरू, पुँजिजन्य सुविधाहरू जस्तो कम्प्यूटर, प्रिन्टर, फोटोकपी मसिन, मल्टीमिडिया प्रोजेक्टर तथा ICT सुविधा निर्वाह समेत चल्न गाह्रो हुने अवस्थामा रहेको पाइयो भने स्मार्ट बोर्ड भने सुन्य प्राय नै थियो ।

४. ***क्षमता विकासको अवस्था:*** सबै जसो क्याम्पसहरूका सबै जसो शिक्षकहरू न्यूनतम योग्यतामात्र भएको तथा क्षमता अभिबृद्धिका विषयहरू तालिममा समावेश नभएका, सभा-सम्मेलनमा भाग नलिएका तथा अनुसन्धान र प्रकाशनको अनुभव समेत नभएको अवस्था विद्यमान रहेको पाइयो । स्नातक तहमात्र सञ्चालन भएका क्याम्पसहरूमा विद्यार्थीहरूको आन्तरिक मूल्याङ्कन गर्नु नपर्ने हुनाले विद्यार्थीहरूको क्षमता प्रदर्शन (Performance) सम्बन्धमा समेत शिक्षकहरूलाई वास्तविक तथ्यको अनुभव समेत सीमित रहेको बुझियो । ICT क्षमता नभएका क्याम्पस र मल्टीमिडिया ज्यादै न्यून सङ्ख्यामा रहेकाले अधिकांश क्याम्पसहरूमा प्रशासनको चिन्ता र सुधारको चाहनाको बाबजुद पनि गुणस्तरिय पेडागोजीको अभाव भएको छलफल र अवलोकनबाट जानकारी भयो ।

### *४.२.३. नेपाल पब्लिक क्याम्पस सङ्घ सँग गरिएको अन्तरक्रिया एवम् सुझाव सङ्कलन:*

माथि उल्लेख भए अनुसार नेपाल पब्लिक क्याम्पस सङ्घका प्रदेश स्तरीय पदाधिकारीहरू तथा जिल्लाका सङ्घका अध्यक्ष एवं सचिवहरूलाई गण्डकी प्रदेश उच्च शिक्षा पूर्वाधार विकास एवं अनुदान

प्रणालीका लागि मानक विकास गर्न सुझाव प्रदान गर्न आयोजित गोष्ठीबाट निम्न लिखित सुझावहरू प्राप्त भएका थिए ।

क) ***कमजोर क्याम्पसहरूलाई विशेष व्यवस्था गर्नेः*** गण्डकी प्रदेशले अनुदान दिँदा साना, दुर्गम क्षेत्र तथा ग्रामीण क्षेत्र र ग्रामीण परिवेशमा अवस्थित क्याम्पसहरूलाई सकारात्मक विभेदका आधारमा उनीहरूको सहज सञ्चालन तथा क्षमता अभिबृद्धिका लागि विशेष अनुदानको व्यवस्था गर्ने ।

ख) ***विज्ञान तथा प्रविधि र प्राविधिक विषयहरूको लागि अनुदानः*** हरेक जिल्लामा कम्तीमा ३ वटा सामुदायिक क्याम्पसहरूलाई १० किलोमिटर भन्दा कमको दूरीमा नरहने गरी विज्ञान तथा प्रविधि, ईन्जिनियरिङ्ग, नर्सिङ्ग, मेडिकल, आइटीका विषयहरू उच्च शिक्षाका कार्यक्रमहरू सञ्चालनको लागि भौतिक पूर्वाधार विकास, प्रयोगशाला तथा फ्याकल्टी डिभलप्मेन्टका लागि विशेष अनुदानको व्यवस्था गर्ने ।

ग) ***स्थानीय तहबाट अनुदानको व्यवस्था गर्नेः*** स्थानीय तहसँग प्रदेशले समन्वय गरी स्थानीय तहबाट पनि अनुदानको व्यवस्था गरी अनुदानको राशि बृद्धि गर्ने र अनुदानको क्षेत्र विस्तार गर्ने ।

घ) ***विद्यार्थी उत्तीर्ण नतिजाका आधारमा अनुदानः*** परीक्षाको नतिजामा न्यूनतम मापदण्ड राखि सो भन्दा धेरै विद्यार्थी सङ्ख्या उत्तीर्ण हुन सफल क्याम्पसहरू लाई अनुदान दिने ।

ङ) ***विषयगत शिक्षक नियमित अनुदान***

च) ***महिला शिक्षामा समर्पित क्याम्पसहरुलाई विशेष सहयोग प्रदान गर्ने***

छ) ***प्राविधिक शिक्षा सञ्चालन गर्ने विशेष अनुदान प्रदान गर्ने ।***

ज) ***छात्रबृत्ति अनुदानः*** उच्च शिक्षाको पहुँचमा नरहेका दलित, पिछडा वर्ग, आदिवासी जनजाति तथा विपन्न वर्गका विद्यार्थीहरूलाई विशेष छात्रावृत्तिको व्यवस्था गर्ने ।

झ) ***अनुसन्धान तथा प्रकाशन अनुदानः*** कलेजहरूलाई अनुसन्धानको लागि अनुदान दिनु पर्ने।

ञ) ***क्षमता विकास अनुदानः*** शिक्षक कर्मचारीहरूको क्षमता विकास तथा वृत्ति विकास कार्यक्रमका लागि अनुदान प्रदान गर्ने । यस्तो अनुदान शिक्षक एवं कर्मचारीहरुको क्षमता अभिवृध्दिका लागि आधारभूत तालिम, पुनर्ताजगि तालिम तथा थप उच्च शिक्षा हाँसिल तथा सभा, सम्मेलन, वर्कशप जस्ता क्षमता वृद्धि गर्नकालागि अनुदान प्रदान गर्ने ।

ट) ***विद्यार्थी सहायता कार्यक्रमका लागि अनुदान***

माथि उल्लिखित विभिन्न अनुदानहरू तलका मापकहरूका आधारमा क्याम्पसहरूको मूल्याङ्कन गरी क्याम्पसको श्रेणी छुट्ट्याई आवश्यकता, कार्यसम्पादन, क्षमता तथा गुणस्तरीयताका आधारमा अनुदान को व्यवस्था गर्न सुझाव दिइएको छ ।

१) आफ्नो जमिन
२) आफ्नो भवन र भौतिक सुविधा
३) स्थायी प्राध्यापक तथा कर्मचारीको व्यवस्था
४) निकायहरूको सङ्ख्या
५) विद्यार्थी सङ्ख्या
६) दलित, विपन्नता, शैक्षिक आधारमा पिछडिएका जनजाति समेत समतामा आधारित विद्यार्थी भर्नाको विविधता
७) सूचना प्रणालीको प्रयोग
८) प्रयोगशाला
९) खेल मैदानको व्यवस्था र खेलकुदको विकास
१०) छात्रावासको व्यवस्था
११) शोध तथा अनुसन्धान कार्यको थालनी र विकास
१२) स्पष्ट नियमावली र पारदर्शी लेखा परीक्षण
१३) विश्वविद्यालय अनुदान आयोगको मानक ।

### *४.२.४. शिक्षा विषयका पदाधिकारीहरू र विज्ञहरूसँग मानक सम्बन्धमा प्राप्त सुझाव सङ्कलनको नतिजा विश्लेषण*

गण्डकी प्रदेश उच्च शिक्षा पूर्वाधार विकास एवं अनुदान प्रणालीका लागि मानक विकास गर्ने सम्बन्धमा तेस्रो सुझाव सङ्कलन शिक्षा विषयका पदाधिकारीहरू एवं विज्ञहरू सँग बाट गरिएको थियो । वहाँहरूले शिक्षाको समसामयिक अवस्थाको विश्लेषण गर्नु भयो साथै उच्च शिक्षाबाट हामीले चाहेको कुरा के हो ? छुट्ट्याउनु पर्ने, प्रदेश शिक्षाको प्राथमिकता के हो? निर्दिष्ट गर्नु पर्ने, साथै त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिइ सञ्चालन भएका सामुदायिक क्याम्पसहरूलाई गण्डकी प्रदेश सरकारले कसरी समन्वय गर्ने लगायतका विषयहरूमा स्पष्ट हुनु पर्ने धारणा राख्दै निम्न लिखित आधारमा अनुदान वितरण गर्नु पर्ने सुझाव दिनु भयो ।

**(क) अनुदान दिने आधारहरूः**

पदाधिकारीहरू एवं विज्ञहरूले अनुदान वितरण गर्दा निम्न आधारहरू लिनु पर्ने सुझाव पेस गर्नु भएको थियो ।

१. स्थानीयता र प्रदेश शिक्षा नीतिलाई अवलम्बन गरेका क्याम्पसहरूलाई प्राथमिकतामा राखि अनुदान दिने व्यवस्था गर्ने ।
२. प्रदेशले प्राथमिकतामा राखेर सञ्चालन गरेका विषयहरूका लागि अनुदान दिने व्यवस्था गर्ने।
३. क्याम्पसहरूको राम्रो अनुगमन गरेर व्यवस्थित र पारदर्शी रूपमा सञ्चालित कलेजहरूलाई मात्र अनुदान दिने व्यवस्था गर्ने ।
४. प्रदेशमा क्षेत्र मिलाएर अनुसन्धान केन्द्रहरूको स्थापना गर्ने र अनुसन्धानमा व्यवस्थित अनुदानको व्यवस्था गर्ने ।
५. गण्डकी विश्वविद्यालयलाई नै अनुदान दिने जिम्मेवारी दिने व्यवस्था गर्ने ।
६. क्याम्पस व्यवस्थापन समिति र क्याम्पस बीचको सम्बन्ध सुधार भएको प्रमाण पश्चात् मात्र अनुदान दिने व्यवस्था गर्ने ।
७. अनुदान वितरणमा केही शैक्षिक प्रावधानहरू स्पष्ट राखि ती प्रावधानहरू पुरा भएको अवस्थामा मात्र अनुदान दिने व्यवस्था गर्ने ।
८. समुदायमा उपभोग नभएको जग्गा र भवन एवं पूर्वाधारहरू खोजेर शैक्षिक कार्यक्रम सञ्चालन गर्दा राम्रो हुन्छ ।
९. अनुदानका शीर्षकहरूलाई विशिष्टीकरण गरी अनुदान वितरण गर्ने व्यवस्था गर्ने ।
१०. कम विद्यार्थी भएका क्याम्पसमा एक मात्र कार्यक्रम सञ्चालन गर्ने ।
११. आफ्नो देशमा योगदान दिने जनशक्ति तैयार गर्ने विषयलाई मानक बनाउने ।
१२. लेखा परीक्षण र आर्थिक पारदर्शिता भएका क्याम्पसहरूलाई मात्र अनुदान दिने ।

केही विज्ञहरूले आवश्यकता र उपयोगिता स्पष्ट भए पछि मात्र अनुदान दिने व्यवस्था गर्नु पर्ने र नियमित अनुदान तथा पुस्तक खरिद गर्न अनुदान दिन नहुने सुझाव समेत राख्नु भएको थियो ।

**(ख) अनुदान दिने क्षेत्रहरूः**

उपरोक्त आधार र अवस्थामा निम्न क्षेत्रहरूमा अनुदान दिन पदाधिकारीहरू एवं विज्ञहरूले सुझाव दिनु भएको थियो ।

१. स्थानीय विशेषता भएका कार्यक्रमहरू तथा त्यसता नया कार्यक्रम सञ्चालन गर्न र आफ्नो मौलिकतालाई प्रवर्धन गर्ने विषयमा कार्यक्रम सञ्चालन गर्नका लगि अनुदान

२. प्राविधिक विषय सञ्चालन गरेका क्याम्पसहरूलाई विशेष अनुदान

३. नयाँ प्रविधि र विधि अपनाएका क्याम्पसलाई दिइने अनुदान

४. सिकाई व्यवस्थापन अनुदान

५. आर्थिक रूपले विपन्न विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गर्ने अनुदान । यस अन्तर्गत टुहुरा, वेसहारा र अपाङ्गता भएका विद्यार्थीहरूका लाई विशेष अनुदान गर्नु पर्दछ

६. कार्यप्रगतिका आधारमा दिइने अनुदान

७. विद्यार्थी सङ्ख्याका आधारमा भौतिक पूर्वाधार थप गर्न दिइने अनुदान । यस अन्तर्गत विद्यार्थी सङ्ख्याका आधारमा भौतिक पूर्वाधारका लागि मेलमिलाप अनुदान

८. अनुसन्धान र प्रकाशनलाई प्रथमिकतामा राखि अनुदान दिने र अनुसन्धानका लागि विद्यार्थीहरूलाई अध्येतावृत्ति (Fellowship) समेतको व्यवस्था गर्ने । साथै त्यसता अनुसन्धान र प्रकाशन कार्यहरू राष्ट्रिय, प्रादेशिक तथा स्थानीय विकासका लागि सोझै उपयोगी हुनु पर्नेछ ।

९. शिक्षकहरूको दरबन्दी व्यवस्था ।

१०. सर्त सहितको छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्न अनुदानको व्यवस्था गर्ने जसमा अध्ययन समयमा क्याम्पसले वा क्याम्पसको पहलमा रोजगारीको व्यवस्था गर्ने र त्यस्तो रोजगारीले विद्यार्थीहरूलाई जिम्मेवार बनाउने प्रावधान स्पष्ट राखिनु पर्दछ ।

११. कुनै तह पूरा गरेका विद्यार्थीहरूलाई रोजगारीसँग सम्बन्धित तालिम सञ्चालन गर्न अनुदानको व्यवस्था गर्ने ।

१२. अनुसन्धानबाट प्राप्त उपलब्धिलाई कार्यान्वयन गर्न अनुदानको व्यवस्था गर्ने ।

१३. छात्रवृत्तिका लागि योग्यता नपुगेका विद्यार्थीहरूलाई उनीहरूको उच्च शिक्षाको चाहना पुरा गर्न आर्थिक अभावको समस्यालाई निराकरण गर्न कुनै किसिमको सहायताको व्यवस्था गर्नु पर्ने ।

## ४.३. गण्डकी प्रदेश उच्च शिक्षा पूर्वाधार विकास एवं अनुदान प्रणालीका लागि मानक विकासको निमित्त सामुदायिक क्याम्पसहरूमा गरिएको सर्वेक्षण तथा सम्बन्धित पक्षहरू सङ्ग गरिएको सुझाव सङ्कलनको सारांश

### *४.३.१. क्याम्पसहरूको स्थिति*

१. गण्डकी प्रदेशका सामुदायिक क्याम्पसहरूमा विद्यार्थी सङ्ख्या सानोमा १०० भन्दा कम र ठूलोमा ४००० सम्म भएको पाइयो ।

२. विद्यार्थीहरूमा महिला विद्यार्थीहरूको सङ्ख्या पुरुष विद्यार्थीको तुलनामा अधिक देखियो र खासगरी स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीमा यो अनुपात उच्च रहेको पाइयो भने स्नातकोत्तरमा महिला विद्यार्थीको अनुपात कम देखिन आयो । दलित तथा EDJ विद्यार्थीहरूको अनुपात न्यूननै रहेको पाइयो ।

३. पूर्ण कालिन शिक्षकहरूको सङ्ख्या सानो र करार शिक्षक सङ्ख्या ठूलो र समुच्चमा महिला शिक्षकहरूको उपस्थिति ज्यादै सानो रहेको पाइयो ।

४. शैक्षिक कार्यक्रमका लागि विभिन्न कलेजको शुल्कमा सबभन्दा थोरै र सबभन्दा धेरैको को बीचको भिन्नतामा १५ गुणा फरक देखियो ।

५. औसत २.२ प्रतिशत सहित न्यून सङ्ख्यामा छात्रबृत्ति प्रदान गरेको पाइयो ।

६. ९० प्रतिशत ग्रामीण  क्षेत्र तथा ग्रामीण परिवेशमा स्थापित क्याम्पसहरूमा विद्यार्थी सङ्ख्या २५० जना भन्दा कम भएको पाइयो भने तीन-चौथाई सहरी क्षेत्रका क्याम्पसहरूमा २५० जना भन्दा बढी विद्यार्थीहरू रहेको पाइयो ।

७. ग्रामीण परिवेश र सहरी क्षेत्रमा स्थापित विद्यार्थीहरूको उत्तीर्ण प्रतिशत पनि सहरी क्षेत्रको स्पष्ट रूपमा उच्च रहेको पाइयो ।

८. संकायका हिसाबले व्यवस्थापन, मानविकी र विज्ञान सहरी क्षेत्रका क्याम्पसहरूमा बढीमात्रमा सञ्चालन भएको पाइयो भने शिक्षाशास्त्र ग्रामीण क्षेत्रका क्याम्पसहरूमा बढी मात्रमा पाइयो । वास्तवमा विज्ञान संकाय सहरी क्षेत्रमा मात्र सञ्चालन भएको पाइयो।

९. ग्रामीण क्षेत्रमा केवल स्नातक तहमात्र सञ्चालन भएको पाइयो भने सहरी क्षेत्रमा दुवै तहका कार्यक्रमहरू सञ्चालनमा रहेको पाइयो ।

१०. जमिनको स्वामित्वमा भने ग्रामीण क्षेत्रका क्याम्पस सहरी क्षेत्रका क्याम्पस भन्दा राम्रो अवस्थामा देखियो तथा ग्रामीण क्षेत्रका क्याम्पसहरूमा जमिनको समस्या भने देखिएन।

११. जमिनको स्वामित्वको अवस्थाको विपरीत सहरी क्षेत्रका क्याम्पसहरूमा ज्यादात्तर आफ्नै भवनमा क्याम्पसहरू सञ्चालन भएको पाइयो । माथि उल्लेख गरे अनुसार ग्रामीण परिवेशका केही क्याम्पसहरू स्थानीय स्कूलमा आश्रित रहेका छन् ।

१२. भौतिक पूर्वाधारको सन्दर्भमा, माथि बुँदा १०, ११ मा दिएको अनुसार अधिकत्तर क्याम्पसहरूमा यथेष्ट छ तथा निर्वाह चल्ने देखिन्छ ।

१३. विभिन्न पूँजीजन्य सुविधाहरू जस्तो कम्प्युटर, प्रिन्टर, फोटोकपी मसिन, मल्टीमिडिया प्रोजेक्टर, स्मार्टबोर्ड तथा ICT सुविधा अपुग रहेको र निर्वाह समेत चल्न गाह्रो हुने अवस्थामा रहेको पाइयो ।

१४. सामुदायिक क्याम्पसहरू लाई आवश्यक अनुदानको आवश्यकताका क्षेत्रहरूको पहिचान गर्दा भौतिक पूर्वाधार, सिकाइका साधनहरू, ई-रिसोर्सेज, अनुसन्धान तथा प्रकाशन, क्षमता विकास र विद्यार्थी कार्यक्रम गरी ६ क्षेत्रहरू र १५ उपक्षेत्रहरूमा माग गर्दा भौतिक पूर्वाधार छोडी अरू सबै ५ क्षेत्र र ती सँग सम्बन्धित ११ उपक्षेत्रहरूमा धेरै आवश्यक भएको तथा आवश्यक भएको पाइएको छ ।

### *४.३.२. क्याम्पस अवलोकन अध्ययन र सरोकारवालाहरूसँगको छलफल, नेपाल पब्लिक*

माथि बुँदा ४.२ मा विस्तारमा उल्लेख गरिए अनुसारको अवलोकन तथा सुझाव सङ्कलनबाट प्राप्त सुझावहरू सारांशको रूपमा तालिका नं. ४.५ मा दिइएको छ ।

***तालिका ४.५: अवलोकन अध्ययन, सामुदायिक क्याम्पस सङ्घ र शिक्षाका पदाधिकारी तथा विज्ञहरूबाट अनुदानका लागि प्राप्त सुझावहरूको सारांश***

| अनुदान दिने क्षेत्र | अवलोकन अध्ययन | सामुदायिक क्याम्पस सङ्घ | शिक्षाका पदाधिकारी तथा विज्ञ | कैफियत |
|---|---|---|---|---|
| नियमित अनुदान (Block grant) / न्यूनतम सञ्चालन अनुदान | √ | √ | | |
| विषयगत शिक्षक (दरबन्दी) नियमित अनुदान | | √ | √ | |
| विद्यार्थी भर्ना सङ्ख्याका आधारमा दिइने अनुदान | √ | | √ | |
| कार्य प्रगति तथा विद्यार्थी उत्तीर्ण नतिजाका आधारमा अनुदान | √ | √ | √ | |
| अनुसन्धान तथा प्रकाशन अनुदान | √ | √ | √ | |
| शिक्षक/विद्यार्थी अनुसन्धान अनुदान (Fellowship) /सहयोग | | | √ | |
| अनुसन्धानबाट प्राप्त उपलब्धिलाई कार्यान्वयन गर्ने अनुदान | | | √ | |

| अनुदान दिने क्षेत्र | अवलोकन अध्ययन | सामुदायिक क्याम्पस सङ्घ | शिक्षाका पदाधिकारी तथा विज्ञ | कैफियत |
|---|---|---|---|---|
| नियमित अनुदान (Block grant) / न्यूनतम सञ्चालन अनुदान | √ | √ | | |
| विषयगत शिक्षक (दरबन्दी) नियमित अनुदान | | √ | √ | |
| विद्यार्थी भर्ना सङ्ख्याका आधारमा दिइने अनुदान | √ | | √ | |
| अर्थिक रूपले विपन्न तथा पिछडिएका वर्गका लागि छात्रवृत्ति अनुदान | √ | √ | √ | |
| सूचना प्रविधि (IT) विकास अनुदान | √ | | | |
| शिक्षक, कर्मचारी क्षमता विकास तथा समुच्च जनशक्ति विकास अनुदान | √ | √ | | |
| विज्ञान तथा प्रविधि विषयका कार्यक्रम सञ्चालका लागि अनुदान | √ | √ | √ | |
| प्राविधिक विषय सञ्चालन गर्नका लागि दिइने विशेष अनुदान | | √ | √ | |
| विज्ञान तथा प्रविधि पूर्वाधार विकासका लागि अनुदान | √ | | | |
| भौतिक पूर्वाधारका लागि अनुदान | √ | | | |
| पुस्तकालय विकास अनुदान | √ | | | |
| सञ्चालनमा रहेका कार्यक्रमको आधारमा दिइने अनुदान | √ | | | |
| दुर्गम क्षेत्रमा स्थापित क्याम्पसलाई दिने अनुदान | √ | | | |
| विज्ञहरूको क्याम्पसहरूमा पहुँच पुऱ्याउने अनुदान | √ | | | |
| कमजोर क्याम्पसलाई विशेष अनुदान | | √ | | |
| स्थानीय तहबाट दिइने अनुदान | | √ | | |
| महिला शिक्षामा समर्पित क्याम्पसहरूलाई दिइने विशेष अनुदान | | √ | | |
| विद्यार्थी सहायतता कार्यक्रमका लागि अनुदान | | √ | | |
| स्थानीय विशेषता भएका कार्यक्रम सञ्चालनका लगि अनुदान | | | √ | |
| सिकाइका साधनहरू तथा सिकाइ व्यवस्थापनका लागि अनुदान | | | √ | |
| सर्त सहितको छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्ने अनुदान | | | √ | |
| रोजगारीसँग सम्बन्धित तालिम सञ्चालन गर्ने अनुदान | | | √ | |
| विद्यार्थीहरूका लागि शैक्षिक वित्तपोषण | | | √ | |

# परिच्छेद ५

# गण्डकी प्रदेश उच्च शिक्षा पूर्वाधार विकास एवं अनुदान प्रणालीका लागि मानक विकासको आधार तथा विश्लेषण

## ५.१ क्याम्पसहरूको वर्गीकरण

गण्डकी प्रदेशमा उच्च शिक्षा पूर्वाधार विकास, कार्यक्रम/क्याम्पस सञ्चालन तथा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि गण्डकी प्रदेश सरकारसँग रहेको सीमित स्रोत-साधन प्रयोगका लागि क्याम्पसहरूको वर्गीकरण गरी त्यसका आधारमा अनुदान प्रवाह गर्न उपयुक्त देखिन्छ ।

क्याम्पसहरूको वर्गीकरण गर्ने आधारहरू माथि दिइएका तालिका २.१, २.२ र २.३ मा उल्लेख गरिएका अन्तर्राष्ट्रिय प्रचलनमा रहेका गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रदान गर्ने संस्थाहरूले प्रयोग गर्ने सूचकहरू, अनुदान प्रणालीमा प्रयोग गरिएका सूचकहरू र प्रणालीमा प्रचलित सूचक र मानकहरूका साथै गण्डकी प्रदेशको सामुदायिक क्याम्पसहरूको शैक्षिक धरातल, क्याम्पस अवलोकन अध्ययन र सरोकारवालाहरू सँगको छलफल, नेपाल पब्लिक क्याम्पस सङ्घका पदाधिकारीहरू सँग सुझाव सङ्कलन तथा शिक्षा क्षेत्रका पदाधिकारी तथा विज्ञहरू सँगको सुझाव सङ्कलनका आधारमा गण्डकी प्रदेश उच्च शिक्षा अनुदान प्रणालीका लागि मानक विकास गर्ने प्रयोजनका लागि क्याम्पसहरूको भौतिक पूर्वाधार, कार्यक्रम सञ्चालन, विद्यार्थी तथा शिक्षक कर्मचारीको अवस्था, सिकाई, अनुसन्धान तथा प्रकाशन, मानव संसाधन विकास, कार्यक्रम विस्तार, विद्यार्थी सहयोग, क्याम्पसहरूको वित्तीय अवस्था, गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (Quality Assurance and Accreditation) समेतका मुख्य क्षेत्र र ती अन्तर्गतका प्रमुख उपक्षेत्रहरूको यथेष्ट, निर्वाह, र अपुग अवस्थालाई निश्चित् अङ्क प्रदान गरी क्याम्पसहरूको अवस्था मूल्याङ्कन गर्ने आधारहरू तालिका ५.१ मा प्रदान गरिएको छ ।

मुख्य क्षेत्रहरूमा अन्य लगायत १४ क्षेत्रहरू छन् भने, हरेका मुख्य क्षेत्रहरू न्यूनतम १ उपक्षेत्र तथा बढीमा ७ उपक्षेत्रहरूमा विभाजन गरिएको छ । साथै, हरेक उपक्षेत्रलाई दिइएको अंकलाई पूर्णाङ्क मानि क्षेत्रको जम्मा पूर्णाङ्क निकाल्दा न्यूनतम २० र अधिकतम ७० पूर्णाङ्क हुन आउँछ र ती पूर्णाङ्कहरूलाई जोड्दा ६०० पूर्णाङ्क हुन आउँछ ।

*तालिका ५.१: क्याम्पस वर्गीकरण गर्ने आधार*

| क्षेत्र | उपक्षेत्र | यथेष्ट (Sufficient) | निर्वाह (Sustenance) | अपुग (Deficiency) |
|---|---|---|---|---|
| **आधारभूत भौतिक पूर्वाधार** | कक्षा-कोठा | १५ | १० | ५ |
| | अफिस कोठा | १२ | ८ | ४ |
| | आउटडोर खेल संरचना | १२ | ८ | ४ |
| | इन्डोर खेल संरचना | ५ | ३ | १ |
| | अन्य पेरिफेरल पूर्वाधार | ६ | ४ | २ |
| | **जम्मा** | **५०** | **३३** | **१६** |
| **विद्यार्थी भर्ना र उत्तीर्ण विवरण** | अन्तिम नतिजा प्रकाशित सत्रको विद्यार्थी भर्ना सङ्ख्या (प्रति कार्यक्रम) | २० (>४० जना) | १० (३०-४० जना) | ५ (<३० जना) |
| | अन्तिम नतिजा प्रकाशित सत्रको विद्यार्थी उत्तीर्ण सङ्ख्या | ३० (>६०%) | २० (४०-६०%) | १० (<४०%) |
| | विद्यार्थी भर्ना-उत्तीर्ण अनुपात | ३०(>६०%) | २०(४०-६०%) | १०(<४०%) |
| | **जम्मा** | **५०** | **३०** | **१५** |
| **विद्यार्थी सङ्ख्या** | जम्मा विद्यार्थी भर्ना (सबै चालू सत्रहरूमा) सङ्ख्या (प्रति कार्यक्रम) | १०(>२००) | ५(१००-२००) | २(<१००) |
| | जम्मा विद्यार्थी सङ्ख्या (हाल) | १०(>६०%) | ५(४०-६०%) | २(<४०%) |
| | महिला विद्यार्थी सङ्ख्या | १०(≥५०%) | ५(३०-५०%) | २(<३०%) |
| | दलित विद्यार्थी सङ्ख्या | ५(≥२०%) | ३(१०-२०%) | १(<१०%) |
| | EDJ विद्यार्थी सङ्ख्या | ५(≥२०%) | ३(१०-२०%) | १(<१०%) |
| | पूर्ण फ्रीसिपमा अध्ययनरत विद्यार्थी सङ्ख्या | १०(≥५%) | ५(३-५%) | २(<३%) |
| | **जम्मा** | **५०** | **२६** | **१४** |
| **शिक्षक विवरण** | जम्मा शिक्षक सङ्ख्या | १०(>५० जना) | ५(२०-५० जना) | २(<२० जना) |
| | महिला शिक्षक प्रतिशत | १०(>५० %) | ५(२०-५०%) | २(<२०%) |
| | पूर्णकालिन शिक्षक प्रतिशत | १०(>६० %) | ५(४०-६०%) | २(<४०%) |
| | वृत्ति विकास प्राप्त शिक्षक प्रतिशत (न्यूनतम भन्दा माथिको डिग्री भएका र ३ महिना भन्दा माथिको तालिम भएका शिक्षक सङ्ख्या) | १०(>६० %) | ५(४०-६०%) | २(<४०%) |
| | विद्यार्थी-शिक्षक अनुपात | १०(<२०:१) | ५(२०:१-३०:१) | २(<३०:१) |

| क्षेत्र | उपक्षेत्र | यथेष्ट (Sufficient) | निर्वाह (Sustenance) | अपुग (Deficiency) |
|---|---|---|---|---|
| | **जम्मा** | **५०** | **२५** | **१०** |
| **विशिष्ट भौतिक पूर्वाधार** | Functional EMIS (ICT related) | १० | ५ | २ |
| | पुस्तकालय | १० | ५ | २ |
| | ICT Lab/Internet Facilities | २० | १० | ५ |
| | विज्ञान लगायत अन्य ल्याव | १० | ५ | २ |
| | **जम्मा** | **५०** | **२५** | **११** |
| **सिकाइका साधनहरू** | विद्यार्थी-पुस्तक Textbook/Reference book अनुपात | १०(>१:५) | ६(१:३-१:५) | २(<१:३) |
| | E-Resources (Free Opensource Software) | ५(पुग्ने गरी) | ३(केही मात्र) | ०(नभएको) |
| | E-Resources (E-books) | ५ | ३ | ० |
| | E-Resources (E-Lecture notes, Videos) | ५(पुग्ने गरी) | ३(केही मात्र) | ०(नभएको) |
| | Functional EMIS (Learning resources) | २० | १० (सीमित) | ० (सञ्चालन नभएको) |
| | Multimedia projector for classroom teaching/Smart board for classroom teaching | १०(सबै कक्षामा) | ५(केही कक्षामा) | ० (सबै कक्षामा नभएको) |
| | **जम्मा** | **५०** | **२७** | **१** |
| **अनुसन्धान तथा प्रकाशन** | प्रति शिक्षक अनुसन्धान बजेट | २०(शिक्षकको २ महिनाको तलव बराबर) | १०(शिक्षकको १-२ महिनाको तलव बराबर) | ५(शिक्षकको १ महिनाको तलव भन्दा कम) |
| | अनुसन्धान क्षमता विकास बजेट | ५ | ३ | ० |
| | गोष्ठी-सम्मेलनमा सहभागी शिक्षक अनुपात | १०(१:१) | ५(१:०.५-१:१) | ०(<१:०.५) |
| | जर्नल प्रकाशन बजेट | ५(यथेष्ट) UGC अनुदानको आधा: २५०,०००) | ३(अपुग- UGC अनुदानको आधा भन्दा कम) | ०(नभएको) |
| | शिक्षक/विद्यार्थी अनुसन्धान बजेट/अनुदान (Fellowship/ Research fund) – (स्नातकोत्तर तहका लागि) | १०(UGC को अनुदान सरह, ३०,०००) | ५(UGC को अनुदानको ५०% भन्दा माथि १५,०००-३०,०००) | २(UGC को अनुदानको ५०% भन्दा कम १५,०००) |

| क्षेत्र | उपक्षेत्र | यथेष्ट (Sufficient) | निर्वाह (Sustenance) | अपुग (Deficiency) |
|---|---|---|---|---|
| | प्रकाशन-शिक्षक अनुपात | २०(१:१) | १०(१:०.५-१:१) | ५(<१:०.५) |
| | विद्यार्थी-शिक्षक प्रकाशन अनुपात | १०(१:०.२ र सो भन्दा माथि) | ५ (१:०.१-१:०.२) | ०-५ (१:०.१ भन्दा कम) |
| | **जम्मा** | **७०** | **३६** | **७** |
| **शिक्षक-कर्मचारी क्षमता विकास** | शिक्षक, कर्मचारी क्षमता विकास तालिम प्राप्त भएको अवस्था | २० (सबै सहभागी भएका) | १० (५०% भन्दा बढी सहभागी भएका) | ०-५ ((५०% भन्दा कम सहभागी भएका) |
| | **जम्मा** | **२०** | **१०** | **५** |
| **विद्यार्थी सहयोग** | कुल शुल्क (कार्यक्रमका लागि) | २० स्नातक तह-(रू.≤२००० प्रति महिना) स्नातकोत्तर तह-(≤३००० प्रति महिना) | १० स्नातक तह-(रू.२०००-३००० प्रति महिना) स्नातकोत्तर तह-( रू.३०००-४००० प्रति महिना) | ५ स्नातक तह-(>३००० प्रति महिना) स्नातकोत्तर तह-(>४००० प्रति महिना) |
| | पूर्ण शुल्क मिनाहा छात्रवृत्ति (Full tuition freeship) | १५(>१०%) | १०(५-१०%) | ५(<५%) |
| | आंशिक शुल्क मिनाहा छात्रवृत्ति (Partial tuition freeship) | ५(>१०%) | ३(५-१०%) | १(<५%) |
| | **जम्मा** | **४०** | **२३** | **११** |
| **कार्यक्रम विस्तार तथा सञ्चालन** | कार्यक्रम सङ्ख्या | १०(>५) | ५(३-५) | २(<३) |
| | शैक्षिक कार्यक्रम विस्तार | १०(>२) | ५(१-२) | ० |
| | विज्ञान तथा प्रविधि विषयका कार्यक्रम सञ्चालन | १०(सञ्चालन भएको) | ०(सञ्चालन नभएको) | |
| | स्थानीय विशेषता भएका कार्यक्रम सञ्चालन | १०(सञ्चालन भएको) | ०(सञ्चालन नभएको) | |
| | **जम्मा** | **४०** | **१०** | **२** |
| **जमिन** | जम्मा जमिनको मापन (रोपनी बराबर) | १०(>२०) | ५(१०-२०) | २(<१०) |
| | आफ्नो जमिनको मापन | १०(>२०) | ५(१०-२०) | २(<१०) |
| | **जम्मा** | **२०** | **१०** | **४** |

| क्षेत्र | उपक्षेत्र | यथेष्ट (Sufficient) | निर्वाह (Sustenance) | अपुग (Deficiency) |
|---|---|---|---|---|
| **वित्तीय अवस्था** | आन्तरिक आय (प्रति विद्यार्थी प्रति वर्ष) | ३० (>रू.२०,०००) | २०(रू.१०,००० -२०,०००) | १०(<रू.१०,०००) |
| | अन्य आय स्रोत (प्रति विद्यार्थी आय) | ५(>रू.५,०००) | ३(रू.३,०००-५,०००) | १(<रू.३,०००) |
| | बाह्य अनुदानको प्रतिशत (सञ्चालन बजेटको) | १५(>२०%) | १०(१०-२०%) | ५(<१०%) |
| | **जम्मा** | **५०** | **३३** | **१६** |
| **गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA Accreditation)** | गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रक्रियाको अवस्था | ३० (QAA Accredited) | १५ (SSR बुझाएको अवस्था) | ०-५<br>५ (LOI बुझाएको)<br>० (प्रकृया सुरु नभएको) |
| | **जम्मा** | **३०** | **१५** | **५** |
| **वातावरण मैत्री अभ्यास** | क्याम्पसमा वातावरण मैत्री अभ्यास भएको अवस्था | १० | ५ | ३ |
| | **जम्मा** | १० | ५ | ३ |
| **अन्य** | CCA/ECA | १०(>५) | ५(३-५) | २(<३) |
| | आङ्गिक क्याम्पसको नभए क्षेत्रमा सञ्चालनमा रहेको | १०(सञ्चालन भएकोमा) | ०(सञ्चालन नभएकोमा) | |
| | **जम्मा** | **२०** | **५** | **२** |

तालिका नं. ५.१ को सारांश तालिका ५.२ मा प्रस्तुत गरिएको छ ।

*तालिका ५.२: क्याम्पस वर्गीकरण गर्ने आधारहरूको सारांश*

| क्षेत्र | यथेष्ट (Sufficient) | निर्वाह (Sustenance) | अपुग (Deficiency) | प्राप्ताङ्क |
|---|---|---|---|---|
| आधारभूत भौतिक पूर्वाधार | ५० | ३३ | १६ | |
| विद्यार्थी भर्ना र उत्तीर्ण विवरण | ५० | ३० | १५ | |
| विद्यार्थी सङ्ख्या | ५० | २६ | १४ | |
| शिक्षक विवरण | ५० | २५ | १० | |
| विशिष्ट भौतिक पूर्वाधार | ५० | २५ | ११ | |
| सिकाइका साधनहरू | ५० | २५ | १ | |
| अनुसन्धान तथा प्रकाशन | ७० | ३६ | ७ | |
| शिक्षक-कर्मचारी क्षमता विकास | २० | १० | ५ | |
| विद्यार्थी सहयोग | ४० | २३ | ११ | |
| कार्यक्रम विस्तार तथा सञ्चालन | ४० | १० | २ | |
| जमिन | २० | १० | २ | |
| वित्तीय अवस्था | ५० | ३३ | १६ | |
| गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) | ३० | १५ | ५ | |
| वातावरण मैत्री अभ्यास | १० | ५ | ३ | |
| अन्य | २० | ५ | २ | |
| कुल जम्मा | ६०० | ३११ | १२० | |

उपरोक्त आधारमा क्याम्पसहरूलाई निम्न ४ तहमा वर्गीकरण गरिने छ ।

क) **उत्कृष्ट क्याम्पस (क श्रेणी):** ७५% देखि माथि कुल प्राप्ताङ्क प्राप्त गर्ने क्याम्पस

ख) **राम्रो क्याम्पस (ख श्रेणी):** ५०% देखि ७५% भन्दा कम कुल प्राप्ताङ्क प्राप्त गर्ने क्याम्पस

ग) **सामान्य क्याम्पस (ग श्रेणी):** २५% देखि ५०% भन्दा कम कुल प्राप्ताङ्क प्राप्त गर्ने क्याम्पस

घ) **अपूरो (विशेष व्यवस्था गर्नुपर्ने) क्याम्पस (घ श्रेणी):** २५% भन्दा कम कुल प्राप्ताङ्क प्राप्त गर्ने क्याम्पस ।

यस्तो वर्गीकरण अनुदान प्रदान गर्ने हिसाबले मात्र गरिएको छ । यो वर्गीकरण खासगरी विद्यार्थी भर्ना, विशेष योग्यता भएका शिक्षकहरूको संलग्नता, पठन-पाठन र क्याम्पसको गुणस्तर जस्ता विषयहरूमा संवेदनशील हुने र विशेष परिस्थितिमा क्याम्पसहरूको अहितमा समेत जान सक्ने विषयलाई मध्यनजर गर्दै यो वर्गीकरणको नतिजा सार्वजनिक नगर्न कडाइका साथ सिफारिस गरिन्छ । तर कालान्तरमा देशका सम्पूर्ण क्याम्पसहरूको वर्गीकरण गर्ने परिपाटी बसेको खण्डमा तथा नेपालमा क्याम्पसहरूको तालिका २.१, २.२, २.३ र २.६ समेत समावेश गरी एकीकृत मानक तयार गरिएको अवस्थामा मात्र त्यस्तो वर्गीकरण सार्वजनिक गर्दा गण्डकी प्रदेशका सामुदायिक क्याम्पसहरूको अवस्थामा कुनै प्रतिकूल असर नपर्ने हुन आउने देखिन्छ ।

# परिच्छेद ६

# गण्डकी प्रदेश उच्च शिक्षा पूर्वाधार विकास एवं अनुदान प्रणालीका लागि प्रयोग गरिने मानक

यस अध्ययनबाट प्राप्त तथ्य र नतिजा अनुसार गण्डकी प्रदेशमा सञ्चालित उच्च शिक्षा प्रदायक सामुदायिक क्याम्पसहरूको कक्षा-कोठा लगायतका भवन र अन्य निर्माण जन्य भौतिक पूर्वाधारहरूको सीमित विकास भएको, प्रयोगशालाको न्यूनता र सुदृढीकरणको अभाव, सूचना तथा सञ्चार प्रविधिको सीमित विकास र विस्तार तथा प्रयोगमा न्यूनता, संलग्न जनशक्तिको क्षमता विकासमा अपूर्णता, विद्यार्थीहरूको पठनपाठनमा आधुनिक सिकाई विधि र प्रविधिको न्यूनता, विद्यार्थीहरूबाट सिकाइका सन्दर्भमा गरिने योजना विकास तथा अनुसन्धानमा शून्यता, शिक्षकहरूको अनुसन्धान तथा प्रकाशन क्षमता विकास र उपलब्धिको सुरुवात समेत हुन नसकेको, शिक्षकहरूको क्षमता अभिवृद्धिमा गरिनु पर्ने कार्यक्रमहरू यथेष्ट सञ्चालन हुन नसकेका, पुस्तकालयहरू स्थापना भएका तर स्तरोन्नति हुन नसकेका, बिपन्न विद्यार्थीहरूलाई छात्रवृत्ति अपर्याप्त रहेको साथै क्याम्पसहरू शैक्षिक उपलब्धिका विषयमा विद्यार्थी भर्ना, ड्रप आउट, परीक्षा उत्तीर्णमा अपूरो र साधारण मात्र रहेका, क्याम्पसहरूले नया कार्यक्रम तथा विज्ञान प्रविधि तथा व्यावसायिक विषयहरू सञ्चालन गर्न नसकेको, विद्यार्थी सहयोगका कार्यहरू प्रभावकारी नभएको, अधिकांश क्याम्पसहरूको वित्तीय अवस्था कमजोर रहेको र कोरोना जस्तो असहज अवस्था पुनः सृजना भएमा त्यस्तो समस्याबाट मौजुदा अक्षयकोषको शून्यताको अवस्थामा क्याम्पसहरूलाई कसरी सामान्य वित्तीय स्थितिमा ल्याउने र दिगो पन दिने स्पष्ट आधार नदेखिएको पृष्ठभूमिमा गण्डकी प्रदेश सरकारले सामुदायिक कलेजहरूको भौतिक एवम् शैक्षिक पूर्वाधारको विकास गर्न प्रदेश सरकारले दिने अनुदान प्रणाली व्यवस्थित गर्न मानकको आवश्यकता महसुस गरी यो अध्ययन गरिएको हो ।

सिद्धान्ततः गण्डकी प्रदेश सरकारले आफूले अनुदानका लागि छुट्ट्याएको रकम तथा आफूले विनियोजन गरेको अनुदानको बजेट विश्वविद्यालय अनुदान आयोगको माथि परिच्छेद ३.३ मा विवरणीत सिद्धान्तहरू साथै नियमित र विस्तारित कार्य सम्पादनका सूचकहरू प्रयोग गरी विश्वविद्यालय अनुदान आयोगको कार्यक्रम कार्यविधि, २०७८ (अनुसूची २) ले तोकेका क्षेत्रहरू र विश्वविद्यालय अनुदान आयोगले सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूलाई अनुदान दिने निर्देशिका, २०७३ को दोस्रो संशोधन, २०७८ को परिच्छेद ३ को व्यवस्था अनुसार विस्तृत क्षेत्रहरूमा मौजुदा नीति नियम र प्रक्रिया अवलम्बन गरी अनुदान प्रदान गर्न सकिने देखिन्छ।

विश्वविद्यालय अनुदान आयोगको कार्यक्षेत्र फराकिलो छ र यसले देशकै सम्पूर्ण उच्च शिक्षाका संस्थाहरूको व्यवस्था गर्ने भएकोले र लामो संस्थागत अनुभव रहेकाले नीतिगत तथा कार्यगत रूपमा विश्वविद्यालय अनुदान आयोगको सम्पूर्ण प्रावधानहरू जस्ताको तस्तै कार्यान्वयनमा ल्याउन कठिनाई हुने र वित्तीय साधन पनि अपूर्ण हुने भएकाले गण्डकी प्रदेश सरकारसँग भएको बजेटले भ्याउने गरी साथै अपूरो तथा सामान्य तहका क्याम्पसहरूलाई व्यावहारिक रूपमा सशक्त बनाई कुनै अड्चन विना सञ्चालन गर्न र क्याम्पसहरूलाई दिगोपन तर्फ लैजान आफ्नै अनुदानका प्रावधानहरू विकास गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकोले उपरोक्त विभिन्न तहमा रहेका सामुदायिक क्याम्पसहरूलाई तालिका ६.१ मा व्यवस्था गरे बमोजिमका आधारमा अनुदान प्रदान गर्न उपयुक्त देखिन्छ ।

*तालिका ६.१: गण्डकी प्रदेश क्याम्पसहरूलाई दिइने अनुदान आधार तालिका*

| क.सं. | क्षेत्र | अनुदानको प्रयोगका क्षेत्र |
|---|---|---|
| *१. क्याम्पस सञ्चालनका आधारमा दिइने अनुदान* | | |
| क) | क्याम्पस सञ्चालन | क्याम्पस सञ्चालनका लागि मूल अनुदान |
| *२. भौतिक पूर्वाधार विकासका लागि दिइने अनुदान* | | |
| क) | विशिष्ट भौतिक पूर्वाधार | पुस्तकालय भवन / सभाहल / खेलकुद मैदान |
| | | EMIS related/ICT Facilities & Internet |
| | | विज्ञान तथा प्रविधि ल्याव |
| ख) | आधारभूत भौतिक पूर्वाधार | भौतिक पूर्वाधारका लागि मेल-मिलान अनुदान |
| *३. गुणस्तर अभिबृद्धिका लागि सिकाइका साधन केन्द्रित अनुदान* | | |
| क) | सिकाइका साधनहरू | पुस्तक तथा संसाधन (Library Resources) / E-resources / सूचना प्रविधि (Communication and Information Technology) |
| *४. गुणस्तर तथा दक्षता अभिबृद्धिका लागि दिइने अनुदान* | | |
| क) | अनुसन्धान तथा प्रकाशन | अनुसन्धान तथा प्रकाशन अनुदान |
| ख) | शिक्षक-कर्मचारी क्षमता विकास | मानव संसाधनका लागि अनुदान |
| *५. कार्य प्रगति तथा विद्यार्थी केन्द्रित अनुदान* | | |
| क) | शैक्षिक प्रगति | विद्यार्थी भर्ना र उत्तीर्ण नतिजा प्रगति अनुदान |
| ख) | विद्यार्थी सहयोग | छात्रबृत्ति अनुदान |
| | | विद्यार्थी केन्द्रित र अतिरिक्त क्रियाकलाप अनुदान |
| *६. नयाँ तथा विशेष शैक्षिक कार्य सञ्चालन लक्षित अनुदान* | | |
| क) | कार्यक्रम विस्तार तथा सञ्चालन | नवप्रवर्धन तथा स्टर्टअप (शुरुवात) अनुदान |
| ख) | विशेष कार्य | सरकार र उच्चशिक्षा संस्थाहरू बीच अनुसन्धान तथा नवप्रवर्धन सम्बन्धमा सहकार्य सम्बन्धी अनुदान |
| | | उद्भाव केन्द्र (Incubation Centre) को लागि अनुदान |

## ६.१ गण्डकी प्रदेशका सामुदायिक क्याम्पसहरूलाई दिइने अनुदान आधार

गण्डकी प्रदेश अन्तर्गतका सामुदायिक क्याम्पसहरूलाई **आवश्यकता** र कार्य सम्पादनका आधारमा तालिका ६.१ मा उल्लिखित ६ प्रकारका क्षेत्रहरू विभाजन गरी बुँदा ६ को नयाँ तथा विशेष कार्य सञ्चालन लक्षित अनुदान बाहेकका क्षेत्रहरूमा नियमित अनुदान प्रदान गर्न सकिन्छ । यस अध्ययनले ती ६ क्षेत्रहरूमा प्रत्येक वर्ष सामुदायिक क्याम्पसलाई छुट्ट्याइएको रकमबाट प्राथमिकता पहिचान गरी पहिले आवश्यक बजेट छुट्ट्याउने र बाँकी बजेट औचित्य र प्रोत्साहनका रूपमा छुट्ट्याई अनुदान उपलब्ध गराउन सकिन्छ ।

१. *क्याम्पस सञ्चालनका आधारमा दिइने अनुदानः*

क्षेत्र अनुसार अनुदान वितरण गर्दा, क्याम्पस सञ्चालनका लागि मूल अनुदान निम्न अनुसार प्रदान गर्न सकिन्छ।

- विशेष व्यवस्था गर्न आवश्यक कलेजलाई एक नियमित शिक्षकको तलव बराबरको अनुदान प्रदान गर्ने ।
- सामान्य श्रेणीका क्याम्पसहरूलाई एक नियमित आंशिक शिक्षकको तलव तथा पूर्ण कालिन शिक्षकको पुरा तलवको आधा तलव बराबरको अनुदान उपलब्ध गराउने ।
- प्रदेशको सामुदायिक क्याम्पसहरूलाई छुट्ट्याएको बजेटले भ्याएको अवस्थामा क्रमशः विशेष व्यवस्था गर्नु पर्ने क्याम्पसलाई २ शिक्षकको तलव बराबर, सामान्यलाई १.५ तथा राम्रो क्याम्पसहरूलाई १ शिक्षकको तलव बराबरको अनुदान प्रदान गर्ने ।

*२. भौतिक पूर्वाधार विकासका लागि दिइने अनुदानः*

भौतिक पूर्वाधार विकासका लागि दिइने अनुदानका लागि विशिष्ट भौतिक पूर्वाधारका लागि तहगत आधारमा क्रमशः अपूरो, सामान्य, राम्रो र उत्कृष्ट क्याम्पसहरूलाई आवश्यकताको आधारमा अनुदान प्रदान गर्ने । यथार्थमा आधारभूत भौतिक पूर्वाधारको विकास क्याम्पसहरूलाई जिम्मा दिनु उपयुक्त हुन्छ । क्याम्पस सञ्चालन अति आवश्यक भएका स्थानहरूमा स्थानीय समुदायले सञ्चालनमा नरहेको स्कूल वा सञ्चालनमा रहेको स्कूलमा बिहान बेलुकाको समयमा वा भाडामा भवन लिई क्याम्पस सञ्चालन गर्न सकिन्छ ।

*३. गुणस्तर अभिबृद्धिका लागि सिकाइका साधन केन्द्रित अनुदानः*

गुणस्तर अभिबृद्धिका लागि सिकाइका साधन केन्द्रित अनुदानका हकमा पनि माथि उल्लिखित आवश्यकताको आधारमा क्रमशः अपूरो, सामान्य, राम्रो र उत्कृष्ट क्याम्पसहरूलाई अनुदान प्रदान गर्ने । त्यसरी प्रदान गर्ने अनुदानका लागि सकेसम्म गण्डकी प्रदेश शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक मन्त्रालयले सिकाई साधनको स्थापनार्थ प्राविधिक सहयोग प्रदान गर्ने ।

*४. गुणस्तर तथा दक्षता अभिबृद्धिका लागि दिइने अनुदानः*

गुणस्तर तथा दक्षता अभिबृद्धिका लागि दिइने अनुदान आवश्यकताको आधारमा क्रमशः अपूरो, सामान्य, राम्रो र उत्कृष्ट क्याम्पसहरूलाई अनुदान प्रदान गर्ने । साथै यस विषयमा पनि सकेसम्म गण्डकी प्रदेश शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक मन्त्रालयले अनुसन्धान तथा प्रकाशनका लागि प्राविधिक सहयोग प्रदान गर्ने ।

माथि उल्लिखित दुबै किसिमका गुणस्तर अभिबृद्धि गर्नु पर्ने क्षेत्रका लागि क्याम्पसहरू जिल्लागत तथा समूह (Cluster) का आधारमा Consortium स्थापना गरी ती मार्फत अनुदान प्रवाह गर्दा एकीकृत कार्य हुने हुनाले निश्चय नै बढी प्रभावकारी हुन जान्छ ।

*५. कार्य प्रगति तथा विद्यार्थी केन्द्रित अनुदानः*

कार्य प्रगति तथा विद्यार्थी केन्द्रित अनुदानका हकमा भने सबै क्याम्पसहरूले कार्य प्रगतिको आधारमा निश्चित अनुदान र विद्यार्थी सहयोगका हकमा विद्यार्थी सङ्ख्याको आधारमा अनुदान प्रदान गर्ने । यसरी अनुदान प्रदान गर्दा हाललाई तीन (३) वर्ष र क्रमशः पाँच (५) वर्षको औषत कार्य प्रगति मापन गर्नु पर्ने हुन्छ ।

*६. नयाँ तथा विशेष शैक्षिक कार्य सञ्चालन लक्षित अनुदानः*

नयाँ तथा विशेष शैक्षिक कार्य सञ्चालन लक्षित अनुदानका हकमा गण्डकी प्रदेश शिक्षा मन्त्रालयले विशेष पहलमा अन्य सरकारी संस्थाहरू सँग समन्वय गरी वित्तीय व्यवस्था गर्न सहयोग गर्ने र मन्त्रालयसँग माथिका ५ शिर्षकहरूमा अनुदान दिने भन्दा भिन्न रूपमा कुन ठाउँमा कुन विषयका लागि पहल गर्ने हो? सो निर्णय गरी सोही अनुसार अनुदानको व्यवस्था तथा साझेदारीका आधारमा नयाँ तथा विशेष कार्य सञ्चालन लक्षित कार्यक्रम सञ्चालन र सहयोग गर्न सकिन्छ ।

साथै, प्रदेशका दुर्गम जिल्ला तथा दुर्गम जिल्ला अन्तर्गतका क्षेत्रहरूमा स्थापित क्याम्पसहरूका र आङ्गिक क्याम्पसको सेवा क्षेत्र भित्र नपरेका सामुदायिक क्याम्पसहरूलाई विशेष अनुदानको व्यवस्था गर्न आवश्यक हुन्छ। साथै ती क्याम्पसहरूको सबलीकरणका लागि माथि उल्लेख गरिएका Consortium लाई जिम्मा दिनु वा Consortium को व्यवस्था हुन नसक्दा सम्म कुनै एक सबल सामुदायिक क्याम्पसलाई पथप्रदर्शक (Mentor) को जिम्मेवारी लिइ असहज अवस्थामा रहेका क्याम्पसहरूलाई सबल बनाउन सकिन्छ ।

## ६.२ गण्डकी प्रदेशका सामुदायिक क्याम्पसहरूलाई दिइने अनुदान निर्धारण गर्ने सूत्र

यस प्रतिवेदनको तालिका नं. ५.१, ५.२ र ६.१ का आधारमा सामुदायिक क्याम्पससँगै प्रदेश सरकार कार्यक्रम अन्तर्गत प्रदेशमा रहेका सबै सामुदायिक क्याम्पसलाई क्षमता तथा कार्य सम्पादनका आधारमा अनुदान दिइने व्यवस्था अनुसार गण्डकी प्रदेश सरकारबाट यस प्रदेश अन्तर्गतका सामुदायिक क्याम्पसहरूलाई दिइने अनुदान पाँच शीर्षकहरू (आधारभूत अनुदान, कार्य-

सम्पादन अनुदान, क्षमता विकाश अनुदान, छात्रवृत्ति अनुदान र विशेष अनुदान) मा वर्गीकरण गर्न र तालिका ६.२ मा दिइएको फर्मुला अनुसार निर्धारण गर्न र वितरण गर्न मनासिब देखिएकोले यो अध्ययन प्रतिवेदन निम्न अनुसार गर्न सिफारिस गर्दछ । साथै प्रदेश सरकारको बजेटको आकार ठूलो भएमा तल दिइएको आधारलाई फराकिलो बनाई माथि तालिका नं. ५.२ मा दिइएको मानकका आधारलाई सूत्रको रूपमा प्रयोग गरी सोही अनुसार अनुदान वितरण गर्न समेत यो अध्ययन सिफारिस गर्दछ ।

**कुल अनुदान = आधारभूत अनुदान + कार्य-सम्पादन अनुदान + क्षमता विकाश अनुदान + विशेष अनुदान + छात्रवृत्ति अनुदान (Total Grant = Basic Grant (Core Funding) + Performance Based Grant (Performance Based Funding) + Capacity Development Grant (Project Based Funding) + Special Grant)**

*तालिका ६.२ गण्डकी प्रदेश क्याम्पसहरूलाई दिइने अनुदान रकम निर्धारण गर्ने सूत्रको विवरण*

| क्र.स. | अनुदानको प्रकार | अनुदानको आधार | कैफियत |
|---|---|---|---|
| १. | आधारभूत अनुदान | विद्यार्थी संख्या<br>२०० भन्दा कम = रु. ४,००,०००<br>२००- ५०० = रु. ६ ,००,०००<br>५०० — १००० = रु ८,००,०००<br>१००० भन्दा बढि = रु १०,००,००० | क्याम्पसको कुल विद्यार्थी सङ्ख्याको आधारमा अनुदान प्रदान गर्ने । |
| २. | कार्य-सम्पादनमा आधारित अनुदान | क्याम्पसको वर्गीकरण<br>क वर्ग = ०.७५ * आधारभूत अनुदान<br>ख वर्ग = ०.५० * आधारभूत अनुदान<br>ग वर्ग = ०.२५ * आधारभूत अनुदान<br>घ वर्ग = ० * आधारभूत अनुदान | तालिका ५.२ का आधारमा गरिएको क्याम्पस वर्गीकरण अनुसार क्याम्पसले प्राप्त गरेको आधारभूत अनुदानको प्रतिशतका आधारमा |
| ३. | क्षमता विकास अनुदान | १. प्रकाशन अनुदान (अनुसन्धान जर्नल) = रु. १,००,००० ।<br>२. कार्यशाला आयोजना अनुदान : अनुसन्धान प्रशिक्षण तथा क्षमता विकास = रु. १,५०,००० ।<br>३. लघु-अनुसन्धान प्रोजेक्ट अनुदान = रू. १,००,००० (प्रति प्रोजेक्ट), वर्षमा ४० शिक्षकहरू लाई लघु-अनुसन्धान अनुदान प्रदान गर्ने । | १ र २ को हकमा प्रतिस्पर्धाको आधारमा वार्षिक रूपमा २०% क्याम्पसहरूलाई अनुदानको व्यवस्था गर्ने र प्रस्ताव आह्वान गरी सो को स्वीकृति तथा कार्य समाप्ति रिपोर्टको आधारमा प्रदान गर्ने ।<br>३ को हकमा मन्त्रालयले लघु-अनुसन्धान प्रस्ताव वार्षिक रूपमा माग गरी विज्ञ समितिद्वारा मूल्याङ्कन गराई प्रदान गर्ने । |

| | | | |
|---|---|---|---|
| ४. | छात्रवृत्ति अनुदान | "गण्डकी प्रदेश सरकार छात्रवृत्ति" अन्तर्गत क्याम्पसमा सञ्चालित हरेक कार्यक्रमका लागि एक (१) जनालाई छात्रवृत्ति प्रदान गर्ने। | छात्रवृत्ति अनुदानका लागि प्रदेश सरकारले एक छात्रवृत्ति कार्यविधि विकास गरी लागु गर्ने । |
| ५. | विशेष अनुदान | १. स्नातकोत्तर कार्यक्रम सञ्चालन = ०.३ * आधारभूत अनुदान<br>२. विज्ञान, प्रविधि तथा प्राविधिक विषयका कार्यक्रम सञ्चालन = ०.५ * आधारभूत अनुदान<br>३. दुर्गम क्षेत्रमा अवस्थित = ०.२५ * आधारभूत अनुदान<br>४. आंगिक क्याम्पस नरहेको क्षेत्रमा अवस्थित = ०.२५ * आधारभूत अनुदान<br>५. गण्डकी प्रदेशको प्राथमिकतामा रहेका कार्यक्रम सञ्चालन = ०.३० * आधारभूत अनुदान | १, २, ३, र ४ का हकमा क्याम्पसले प्राप्त गरेको आधारभूत अनुदान को प्रतिशत अनुसार हुने ।<br>३ को हकमा प्रदेश सरकारले निर्धारण गरेको दुर्गम क्षेत्र कायम हुने ।<br>४ को हकमा क्षेत्र परिभाषा गर्दा क्याम्पस अवस्थित पालिका कायम गर्ने ।<br>५ को हकमा गण्डकी प्रदेशको शिक्षा नीति अनुसार प्राथमिकतामा रहेका कार्यक्रम रहने । |

## ६.३ गण्डकी प्रदेशका सामुदायिक क्याम्पसहरू र गण्डकी विश्वविद्यालयको सम्बन्ध

गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम २०७९।८० द्वारा ल्याइएको "गण्डकी विश्वविद्यालय र सामुदायिक क्याम्पस सँगसँगै" अवधारणा अन्तर्गत गण्डकी विश्वविद्यालय र सामुदायिक क्याम्पस बीचको साझेदारी स्थापना गर्न यसै आर्थिक वर्षमा प्रदेश सरकारले सामुदायिक क्याम्पसमा प्राविधिक शिक्षाको पठनपाठन प्रारम्भ गरिने नीति तथा कार्यक्रम सुरु गरे सँगै गण्डकी विश्वविद्यालय र सामुदायिक क्याम्पसहरूको कार्यगत सम्बन्धन स्थापना हुने भएको छ । यस अवधारणा अन्तर्गत गण्डकी विश्वविद्यालयले यस अन्तर्गतका सामुदायिक क्याम्पसको माथि तालिका ६.२ का बुँदा २ र ३ मा उल्लेख भए अनुसार कार्यसम्पादन साथै क्षमता अभिबृद्धि गर्न प्रदेश सरकार शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक मन्त्रालयको समन्वयमा गण्डकी विश्वविद्यालय र सामुदायिक क्याम्पस सँगसँगै अवधारणा पूर्ण रूपले कार्यान्वयनमा ल्याउन यो अध्ययन सिफारिस गर्दछ ।

# परिच्छेद ७

# उपसंहार

देशमा विद्यमान १४३७ उच्च शिक्षा संस्थाहरू मध्ये १७ आङ्गिक, ५१ निजी तथा संस्थागत र ८३ सामुदायिक क्याम्पस सहित जम्मा १५१ क्याम्पसहरू सञ्चालनमा रहेको गण्डकी प्रदेशमा सामुदायिक क्याम्पसहरूको भूमिका सङ्ख्याका हिसाबले मात्र नभई विद्यार्थी सहभागिताका साथै स्थापनाका हिसाबले क्याम्पसहरूले दूर-दराज र दुर्गम क्षेत्रहरू, गाउँले परिवेश र आङ्गिक क्याम्पसहरूको सहज पहुँच नपुगेको क्षेत्रमा स्थापित क्याम्पसहरू जसले विपन्न समुदायका विद्यार्थीहरू र महिला विद्यार्थीहरूका लागि उच्च शिक्षाको सेवा प्रदान गरिरहेको अवस्था विद्यमान छ । सामुदायिक क्याम्पसहरूको यो ज्यादै महत्वपूर्ण र अपरिहार्य सेवा भूमिका हो र यसबाट सामुदायिक क्याम्पसहरूलाई कुनै पनि बहानामा अवमुल्यन गर्न सकिँदैन । कुनै पनि राष्ट्रको समग्र विकासका निम्ति शिक्षा आधारभूत मात्र नभई सबभन्दा महत्त्वपूर्ण पूर्वाधार हो । त्यस्तो शिक्षा आजको प्रतिस्पर्धी विश्वमा वैज्ञानिक, व्यावहारिक, सीपमूलक, एवं गुणस्तरीय हुनै पर्छ, अन्यथा उच्च शिक्षाको अपरिहार्यता गौण भएर जान्छ । तर, त्यस्तो शिक्षा उपलब्धि गर्न कठिन र जटिल समेत छ ।

नेपालले गुणस्तरीय शिक्षा उपलब्ध गराई एक्काइसौं शताब्दीको लागि प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न उच्च शिक्षा क्षेत्रमा समय सापेक्ष सुधार गर्दै जाने केही प्रयत्न गरिएको र गरिरहेको भएपनि उच्च शिक्षाका विषयमा ठूलो सङ्ख्यामा स्थापना गरिएका उच्चशिक्षा संस्थाहरूमा भौतिक संरचनाको अपर्याप्तता तथा कमसल गुणस्तर देखि पढाइको न्यून स्तर, कमजोर तथा अपर्याप्त सिकाइका प्रविधि, पढाइका साथै हुनु पर्ने व्यावहारिक ज्ञानको ज्यादै कमी, अनुसन्धानमूलक सिकाइको प्रारम्भनै नभएको अवस्था तथा विद्यार्थीको उत्तीर्ण प्रतिशत कमजोर रहेको प्रमुख विषय छन् । साथै उच्च शिक्षा प्रतिस्पर्धी, उत्पादनमुखी र अनुसन्धानमूलक हुन नसक्नू, पर्याप्त लगानी नहुनु, शिक्षाको गुणस्तर अनपेक्षित रूपमा न्यून हुनु, विज्ञान तथा प्रविधिमा आधारित शिक्षा र प्राविधिक शिक्षाको पहुँच र विस्तार पर्याप्त मात्रामा हुन नसक्नू, शिक्षण प्रक्रिया अधिक परीक्षामुखी र डिग्रीमुखी हुनु, शिक्षकको पेसागत सक्षमता, नैतिकता र उत्प्रेरणामा कमी हुनु लगायतका समस्याहरू नेपालको शिक्षा प्रणालीले भोगिरहेका प्रमुख समस्या र चुनौती हुन् । यी समस्या र चुनौतीहरू देश भरीकै क्याम्पसहरू र खासगरी सामुदायिक क्याम्पसहरूका सन्दर्भमा गण्डकी प्रदेशमा पनि समान हिसाबले प्रतिबिम्बित भएको पाइन्छ ।

त्यसैले, गण्डकी प्रदेशमा सञ्चालित उच्च शिक्षा प्रदायक सामुदायिक क्याम्पस सञ्चालनका समस्या र चुनौतीहरूको अध्ययन, तिनिहरूको भौतिक एवम् शैक्षिक पूर्वाधारहरूको विकास गर्न

विद्यार्थी सङ्ख्याको आधारमा नपुग संरचना विकास, प्रयोगशालाको सुदृढीकरण, सूचना तथा सञ्चार प्रविधिको विकास तथा विस्तार, संलग्न जनशक्तिको क्षमता विकास, विद्यार्थीहरूको इन्टर्नशीप तथा एपरेन्टसशीप, विद्यार्थीहरूको सिकाइका सन्दर्भमा गरिने योजना विकास तथा अनुसन्धानमा आधारित गुणस्तरीय शिक्षा प्रदान गर्न सहयोग पुऱ्याउन आवश्यक भएकोले गण्डकी प्रदेश शिक्षा नीति, २०७८ जारी भइसकेको अवस्था साथै विद्यार्थी सङ्ख्या, सञ्चालन गरेको विषय, शुल्कको सिमा, छात्रवृत्ति, आर्थिक कारोबारमा पारदर्शीता, भौतिक पूर्वाधार, सेवा पुऱ्याएको क्षेत्र र समुदाय, समाजमा पुऱ्याएको योगदान लगायतका मापदण्डका आधारमा सामुदायिक क्याम्पसहरूको वर्गीकरण गरी आर्थिक तथा अन्य आवश्यक सहयोग उपलब्ध गराइने विषय गण्डकी प्रदेश उच्च शिक्षा कार्यनीतिमा समेत समावेश गरिएको अवस्थामा गण्डकी प्रदेश सरकारले सामुदायिक क्याम्पसहरूको भौतिक एवम् शैक्षिक पूर्वाधार विकासको निमित्त अनुदान प्रणाली व्यवस्थित गर्नु पर्ने आवश्यकता महसुस गरी सो सम्बन्धमा अध्ययन गरी सामुदायिक क्याम्पसहरूको भौतिक एवम् शैक्षिक पूर्वाधार विकास तथा क्षमता अभिवृद्धिको हेतु प्रदेश सरकारबाट दिइने अनुदान प्रणाली व्यवस्थित गर्ने उदेश्यका साथ मानक विकास गर्न शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय अन्तर्गत यो अध्ययन गरिएको छ ।

गण्डकी प्रदेश उच्च शिक्षा पूर्वाधार विकास तथा अनुदान प्रणालीका लागि मानक विकास गर्ने उदेश्य सहित प्रदेशका सामुदायिक क्याम्पसहरूमा गुणात्मक (Qualitative) तथा गणनात्मक (Quantitative) अनुसन्धान विधि प्रयोग गरि अध्ययन गरिएको; अनुसन्धान सर्वेक्षणको लागि सामुदायिक क्याम्पसहरूमा शैक्षिक तथा अन्य भौतिक पूर्वाधारको वर्तमान अवस्था साथै शिक्षण, सिकाई, अनुसन्धान र अन्य शैक्षिक गुणस्तर सुधारको लागि अनुदानको आवश्यकता रहेका क्षेत्रहरू तथा मानक विकासको बारेमा जानकारी तथा सुझाव सङ्कलन गर्न अध्ययन प्रश्नावली तयार गरि जानकारी सङ्कलन गरिएको; गुणात्मक विधिका लागि सामुदायिक क्याम्पसहरूको स्थलगत अवलोकन अध्ययन, गण्डकी प्रदेश नेपाल पब्लिक क्याम्पस सङ्घ सँग अन्तरक्रिया एवम् सुझाव सङ्कलन गोष्ठी र सरोकारवाला, नीति निर्माणकर्ता तथा विज्ञहरूसँग सुझाव सङ्कलन समेतका विधिहरू प्रयोग गरी यो अध्ययन गरिएको छ ।

अध्ययन मार्फत प्राप्त सूचना तथा तथ्याङ्कहरूको विश्लेषण गरि आएका नतिजाको आधारमा गण्डकी प्रदेशमा उच्च शिक्षा पूर्वाधार विकास, कार्यक्रम/क्याम्पस सञ्चालन तथा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि प्रदेश सरकारसँग रहेको सीमित स्रोत-साधन प्रयोगका लागि क्याम्पसहरूको वर्गीकरण गरी त्यसका आधारमा न्यूनतम भौतिक पूर्वाधार विकास गर्न, सञ्चालनमा रहेका शिक्षक लगायतका विषयमा रहेका वित्तीय समस्याको न्यूनतम व्यवस्था गर्न, गुणस्तर अभिबृद्धिका लागि सिकाइका साधनको न्यूनतम व्यवस्था गर्न, गुणस्तर तथा दक्षता अभिबृद्धिका लागि न्यूनतम व्यवस्था

गर्न, नयाँ तथा विशेष शैक्षिक कार्य सञ्चालन गर्न साथै कार्य प्रगति र विद्यार्थी संलग्नताको आधारमा गुणस्तर अभिबृद्धि गर्न प्रदेश सरकारसँग भएको बजेटको सिमा अनुरूप यस अध्ययनमा उल्लिखित क्याम्पसहरूको वर्गीकरण गर्ने आधारहरू अपनाई अनुदानका प्रवाह गर्ने प्रावधानहरूका आधारमा तत्कालका लागि **तालिका ६.२ मा दिइएको सूत्र (फर्मुला)** प्रयोग गरी अनुदान प्रवाह गर्नु पर्ने यो अध्ययनको निष्कर्ष छ।

अध्ययनले निर्दिष्ट गरेका अनुदानका आधारमा देखिएका क्याम्पसहरूको वित्तीय अवस्थाको यथेष्ट, निर्वाह, र अपुग अवस्थालाई क्षेत्र अनुसार वर्गीकरण गरी अपुग अवस्थामा रहेका क्याम्पसहरूका लागि प्राथमिकतामा राखी गण्डकी प्रदेश सरकारसँग भएको बजेटको उपलब्धताका आधारमा कम्तीमा एक क्षेत्रमा अनुदान प्रवाह गर्न सकिने गरी तथा त्यसता क्याम्पसहरूले कम्तीमा एक क्षेत्रमा अनुदान पाउने गरी व्यवस्था गर्नु पर्ने देखिन्छ । त्यस पछि क्रमशः निर्वाहको अवस्थामा सञ्चालनमा रहेका क्याम्पसहरूको लागि र अन्त्यमा यथेष्ट अवस्थामा रहेका क्षेत्रहरूमा अनुदान प्रवाह गर्नु पर्ने हुन्छ ।

अनुदान प्रवाह गर्न यस अध्ययनले प्रदान गरेको सूचना, विश्लेषण र सुझावहरूका आधारमा गण्डकी प्रदेश सरकारले सामुदायिक क्याम्पसहरूलाई दिइने अनुदानका लागि **'गण्डकी प्रदेश सामुदायिक क्याम्पसहरू लाई दिइने अनुदान सम्बन्धी निर्देशिका'** निर्माण गरी उल्लिखित व्यवस्था अनुसार आवश्यक क्षेत्रहरूमा मौजुदा नीति, नियम र प्रक्रिया अवलम्बन गरी अनुदान प्रदान गर्नु पर्ने यो अध्ययनको निष्कर्ष छ ।

साथै, सामुदायिक क्याम्पसहरूलाई गुणस्तरीय र दिगो रूपमा सञ्चालन गर्न अन्य विकल्पहरूका रूपमा उच्च शिक्षाका क्षेत्रमा काम गर्ने सरकारी, गैह्रसरकारी तथा निजी क्षेत्रका संस्थाहरूलाई एक ठाउँमा ल्याउनु पर्ने समेत देखिन्छ । त्यसमा प्रदेश सरकारले समायोजनकारी भूमिका खेल्नु पर्छ भने क्याम्पसहरू बीच असल अभ्यास (Good practices) साटासाट गर्न एकीकृत प्रयास गर्ने सिलसिलामा समेत प्रदेश सरकारले समन्वयकारी भूमिका खेल्नु पर्छ । प्रदेश सरकार र खासगरी शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक मन्त्रालयसँग यथेष्ट मानव संसाधन नभएको अवस्थामा विभिन्न क्षेत्रका उच्च शिक्षाका विज्ञहरू समावेश भएको प्रदेश उच्च शिक्षा समितिको व्यवस्था गरी सामुदायिक क्याम्पसहरूलाई आजको न्यूनतम आवश्यकता पुरा गर्ने गरी विकास र सञ्चालन गर्ने कार्यमा सहयोग गर्न समेत प्रदेश सरकारले भूमिका खेल्नु पर्छ ।

# सन्दर्भहरू

Chevaillier, T., & Eicher, J. C. (२००२). Higher education funding: A decade of changes. *Higher education in Europe*, २७(१-२), ८९-९९.

Layzell, D. T. (२००७). State higher education funding models: An assessment of current and emerging approaches. *Journal of Education Finance*, १-१९.

Lepori, B., Benninghoff, M., Jongbloed, B., Salerno, C., & Slipersaeter, S. (२००७). Changing models and patterns of higher education funding: Some empirical evidence. *Universities and strategic knowledge creation*, ८५-१११.

Maria, T. D., & Bleotu, V. (२०१४). Modern trends in higher education funding. *Procedia-Social and Behavioral Sciences*, *११६*, २२२६-२२३०.

OECD (२०२०). Higher Education at a Glance: OECD Indicators. OECD Publishing: Paris.

UGC (२०२०). Education Management Information System Report on Higher Education २०१९/२० A.D. (२०७६/७७ B.S.), Sanothimi: University Grants Commission.

UGC (२०२२). Standard Operational Policies and Guidelines for Performance Based Funding. Kathmandu.

गण्डकी प्रदेश (२०७८) गण्डकी प्रदेश शिक्षा नीति, २०७८, पोखराः शिक्षा, संस्कृति, विज्ञान-प्रविधि तथा सामाजिक विकास मन्त्रालय ।

नेपाल सरकार (२०७६) राष्ट्रिय शिक्षा नीति, २०७६, काठमाडौं शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं (नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७६।७।१८ मा स्वीकृत)।

विश्वविद्यालय अनुदान आयोग (२०७८) कार्यक्रम कार्यविधि २०७८, काठमाडौं ।

# अनुसूचीहरू

# अनुसूची १

## अध्ययन विधि पुरा गरी प्रतिवेदन पेस गर्ने कार्य तालिका

| सि.नं. | अध्ययन विधि | कैफियत |
|---|---|---|
| १. | विद्यमान नेपाल सरकार, विश्वविद्यालय अनुदान आयोग र अन्य विश्वविद्यालयका शैक्षिक ऐन, नियम, विनियम र निर्देशिकाको अध्ययन र विश्लेषण | |
| २. | नेपालका सन्दर्भमा कार्यान्वयन हुन सक्ने अन्तर्राष्ट्रिय अभ्यासको र विश्लेषण | |
| ३. | विद्यमान नेपाल सरकार, विश्वविद्यालय अनुदान आयोग र गण्डकी विश्वविद्यालयको मौजुदा गुणस्तर सुनिश्चितता सम्बन्धी व्यवस्थाको अध्ययन | |
| ४. | प्रदेशमा सञ्चालित उच्च शिक्षा प्रदायक सामुदायिक संस्थाहरूको शैक्षिक एवम् भौतिक अवस्थाको विषयमा सूचना सङ्कलन एवम् विश्लेषण | |
| ५. | क्याम्पसहरूको स्थलगत अवलोकन अध्ययन | |
| ६. | गण्डकी प्रदेश नेपाल पब्लिक क्याम्पस सङ्घ सँग अन्तरक्रिया एवम् सुझाव सङ्कलन / फोकस समूह छलफल | |
| ७. | विज्ञहरूसँग मानक सम्बन्धमा अन्तरक्रिया एवम् सुझाव सङ्कलन | |
| ८. | प्रारम्भिक मस्यौदा तयार | |
| ९. | सरोकारवालाहरू सँग मानक सम्बन्धमा अन्तरक्रिया एवम् सुझाव सङ्कलन | |
| १०. | सङ्कलित तथ्य, तथ्याङ्क एवं सुझावको स्थलगत बस्तुस्थितिको अवलोकन, निरिक्षण एवं प्रमाणीकरण | |
| ११. | अन्तिम मस्यौदा तयार | |
| १२. | पदधिकारी समक्ष प्रतिवेदन प्रस्तुत | |
| १३. | अन्तिम प्रतिवेदन पेश | |

# अनुसूची २

# विश्वविद्यालय अनुदान आयोग

## कार्यक्रम कार्यविधि-२०७८

### परिचय

विश्वव्यापीकरणको परिवेशलाई आत्मसात् गर्दै उच्चशिक्षाद्वारा दिगो विकासको लक्ष्य पूरा गर्न बजारोन्मुख, सीपमूलक र दक्ष जनशक्ति विकास गराउनु आजको राष्ट्रिय आवश्यकता हो । उच्चशिक्षा प्रदान गर्ने संस्थाहरूको दिगो विकास, विस्तार र सुसञ्चालनबाट मात्र उच्च शैक्षिक संस्थामा अध्ययन, अध्यापन र अनुसन्धान भएपछि मात्र देशलाई रूपान्तरण गर्नसक्ने दक्ष जनशक्तिको उत्पादन भई विकासका लक्ष्यहरू हासिल हुनसक्छन् । यसका लागि क्षमता र योग्यताका आधारमा उच्चशिक्षा हासिल गर्न सबै विद्यार्थीहरूको पहुँच सुनिश्चित गर्नु, गुणस्तर र सान्दर्भिकतामा अभिवृद्धि गर्नु, अनुसन्धानमूलक संस्कृतिको विकास गरी उच्च शैक्षिक संस्थाहरूको सञ्चालनमा सुशासन कायम गर्नु, अध्ययन-अध्यापन र अनुसन्धानका लागि अनुकूल वातावरण निर्माण गर्नुजस्ता चुनौतीपूर्ण कार्यहरू रहेका छन् । विश्वविद्यालय, प्रतिष्ठान तथा क्याम्पसहरूको सुसञ्चालनका लागि विकास अनुदान, विद्यार्थीहरूलाई छात्रवृत्ति तथा शोध सहयोग, अध्ययन-अध्यापन र व्यवस्थापनमा संलग्न शिक्षक तथा कर्मचारीहरूको सीप, दक्षता र क्षमता अभिवृद्धिका लागि पुनर्ताजगीकरण, अनुसन्धानविधिको प्रशिक्षण, विद्वत्वृत्ति, अनुसन्धान अनुदान आदि कार्यक्रमहरूद्वारा उच्च शैक्षिक संस्थाहरूको विकास, विस्तार तथा शैक्षिक, प्राज्ञिक र भौतिक क्षमताको अभिवृद्धि गर्न **विश्वविद्यालय अनुदान आयोगको कार्यक्रम-२०७८** तर्जुमा गरिएको छ । यसका लागि नेपाल सरकारबाट प्राप्त अनुदानका साथै विश्व बैंकको सहुलियतपूर्ण ऋण सहयोगमा सञ्चालित **उच्चशिक्षामा विशिष्टताको प्रवर्द्धन कार्यक्रम** (Nurturing Excellenece in Higher Education Program-NEHEP) तर्फको स्रोत परिचालन गरिनेछ ।

### आयोगका कार्यक्रममा सहभागी हुनका लागि पालना गर्नुपर्ने न्यूनतम सर्तहरू

(१) आयोगले निश्चित समयसीमा तोकी आवेदन/प्रस्ताव पेस गर्न सूचना जारी गर्दा तोकिएको समयसीमाभित्र आवेदन/प्रस्ताव पेस गरिसक्नुपर्नेछ,

(२) आयोगले निर्दिष्ट गरेको ढाँचामा आवेदन/प्रस्ताव पेस गर्नुपर्नेछ,

(३) आवेदन/प्रस्तावसम्बन्धी अन्य थप कागजात भए सोसमेत आवेदनसाथ पेस गर्नुपर्नेछ,

(४) आयोगबाट अनुदान, छात्रवृत्ति, सहयोग प्राप्त गर्ने उद्देश्यले झुटो विवरण पेस गरेको प्रमाणित भएमा आवेदन/प्रस्ताव रद्द गरी कारबाही गरिनाका साथै भविष्यमा आयोगबाट कुनै पनि सुविधा उपलब्ध गराइनेछैन र दिइएको रकम पनि सरकारी बाँकीसरह असुलउपर गरिनेछ,

(५) आयोगको कारबाहीमा परेका, विगतमा लिएको अनुदान कार्यको फरफारक नगरी सुविधावर्जित सूचीमा परेका व्यक्ति वा संस्थाले आयोगका कुनै पनि कार्यक्रममा आवेदन दिन पाउनेछैनन्,

(६) सामान्यतया आयोगले कारबाही गरेका व्यक्ति तथा डिफल्टरहरू (defaulters) लाई आयोगबाट अनुदान लिई सञ्चालन गरिने कार्यक्रममा विशेषज्ञको रूपमा प्रस्ताव गर्न पाइनेछैन,

(७) याद नाघी प्राप्त हुने र रीत नपुगेका आवेदन वा प्रस्तावउपर कुनै कारबाही हुनेछैन,

(८) अनुदान प्राप्त गर्ने संस्थाले प्राप्त अनुदान तोकिएको कार्यमा प्रचलित कानुनबमोजिम खर्च गर्ने/गराउने सोको लेखा राख्ने, प्रगति प्रतिवेदन तयार गर्ने र लेखा परीक्षण गराउनु पर्नेछ ।

# खण्ड - क

## उच्च शैक्षिक संस्थालाई संस्थागत अनुदान

### (Institutional Grants to Higher Education Institutions)

**१. विश्वविद्यालयहरूलाई अनुदान (Grants to Universities)**

नेपालमा स्थापित तथा सञ्चालित विश्वविद्यालयहरूमा गुणस्तरीय शिक्षाको पठनपाठन तथा अनुसन्धान उन्मुख संस्कृतिको विकासका लागि आयोगबाट एकमुष्ट अनुदान (कार्यरत दरबन्दी, ऐनको प्रस्तावनाअनुसारका विशेष व्यवस्था, नयाँ स्थापना भएका र विशिष्टकृत विश्वविद्यालयलाई निर्धारित रकम), सूत्रमा आधारित अनुदान (काठमाडौँ, पोखरा र पूर्वाञ्चल विश्वविद्यालयलाई तय गरिएको कोर लगानी तथा सूत्र), कार्यसम्पादनमा आधारित अनुदान, कार्यक्रमगत अनुदान आदि सरकार तथा आयोगको नीतिअन्तर्गत रहेर विश्वविद्यालयहरूलाई अनुदान उपलब्ध गराउँदै जाने कार्यक्रम रहेको छ। यसका लागि विश्वविद्यालयको दीर्घकालीन रणनीतिक योजनाका आधारमा अगिल्लो आर्थिक वर्षको शैक्षिक, भौतिक तथा वित्तीय प्रगतिको समीक्षा, चालु आर्थिक वर्षको आवधिक शैक्षिक, भौतिक तथा वित्तीय प्रगतिसहित आगामी आर्थिक वर्षको कार्यक्रम तथा बजेट प्रस्ताव आयोगसमक्ष पेस गर्ने, आयोगले प्रस्तावित बजेट र कार्यक्रम सम्बन्धमा सम्बन्धित विश्वविद्यालयका पदाधिकारीसँग छलफल गर्ने, उच्चशिक्षा क्षेत्रका लागि आवश्यक बजेट नेपाल सरकारसमक्ष सिफारिस गर्ने र उपलब्ध बजेटलाई विभिन्न विश्वविद्यालयका कार्यक्रमहरूका निम्ति बाँडफाँड गरी उच्चशिक्षाको व्यवस्थापन तथा सञ्चालन गर्ने कार्य गर्दै आएको छ।

विश्वविद्यालयहरूले आयोगमा अनुदानका लागि वार्षिक कार्यक्रम तथा बजेट प्रस्तुत गर्दा निम्नानुसारका कागजात पेस गर्नुपर्नेछ :

- विश्वविद्यालय/उच्च शैक्षिक संस्थाको अगिल्लो आर्थिक वर्ष तथा चालु आर्थिक वर्षको अद्यावधिक (प्रथम छ महिनाको) भौतिक, शैक्षिक (शैक्षिक क्यालेन्डर, सञ्चालित कार्यक्रम, शिक्षक, कर्मचारी तथा विद्यार्थीको विवरण, सम्बन्धनसम्बन्धी विवरण) र वित्तीय लक्ष्य तथा प्रगति विवरण,
- विश्वविद्यालय/उच्च शैक्षिक संस्थाको प्रस्तावित वार्षिक कार्यक्रम तथा बजेट,
- विश्वविद्यालय/उच्च शैक्षिक संस्थाको कार्यक्रमको प्राथमिकतामा भए त्यसको विवरण,
- परियोजना भए त्यसको वार्षिक कार्यक्रम र बजेट,
- अन्य संस्थाबाट कुनै किसिमको वित्तीय सहयोग, ऋण वा अनुदान प्राप्त गरेको भए त्यसको विवरण, सम्झौता र प्रगति,
- विश्वविद्यालय/उच्च शैक्षिक संस्थाको बजेट बेहोर्ने स्रोत र स्रोतगत विवरण,
- विश्वविद्यालय/उच्च शैक्षिक संस्थाको प्रस्तावित वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयन योजना (अनुगमन योजना, खरिद योजना)।

राष्ट्रिय बजेट तथा कार्यक्रमअनुसार आयोगबाट विश्वविद्यालय/उच्च शैक्षिक संस्थाको लागि बजेट बाँडफाँड भएअनुसार विश्वविद्यालय/उच्च शैक्षिक संस्थाको बजेट तथा कार्यक्रम परिमार्जन आवश्यक भएमा सो गरी विश्वविद्यालय/उच्च शैक्षिक संस्थाको आधिकारिक निकायबाट स्वीकृत गराएर कार्यान्वयन गर्नुपर्नेछ। आयोगबाट तोकिएबमोजिम अनुदान निकासा गरिनेछ। त्यसका लागि विश्वविद्यालयले ऐन, नियम तथा कार्यविधिमा आवश्यक भनी तोकिएका कागजातहरू समावेश गर्नुपर्नेछ। सामान्यतया निम्नानुसारका विवरण आयोगमा पेस भएपछि बजेट निकासा गरिनेछ :

- विश्वविद्यालयबाट बजेट निकासाका लागि अनुरोधपत्र,
- पहिलो त्रैमासिक निकासा माग गर्दा विश्वविद्यालय सभाले स्वीकृत गरेको वार्षिक कार्यक्रम तथा बजेट, अगिल्लो आर्थिक वर्षको लक्ष्यअनुसार हासिल गरिएका उपलब्धिहरू, वार्षिक प्रगति प्रतिवेदन, अगिल्लो

आर्थिक वर्षको यथार्थ आम्दानी, खर्च, बचत/न्यून, सम्पत्ति तथा दायित्वसहितको आर्थिक विवरण आदि,

- अगिल्लो त्रैमासिकको प्रगति विवरणका आधारमा आयोगमा हुने समीक्षामा अनिवार्य उपस्थित भई प्रगति प्रतिवेदन पेस भएका आधारमा दोस्रो, तेस्रो तथा चौथो त्रैमासिक बजेट निकासा गरिनेछ ।

विश्वविद्यालय/उच्च शैक्षिक संस्थाले आयोगमा तोकिएअनुसार निम्नानुसारका विषय समेटी **त्रैमासिक तथा वार्षिक प्रगति विवरण** पठाउनुपर्नेछ :

- राष्ट्रिय योजना आयोगले निर्दिष्ट गरेको फारमअनुसार त्रैमासिक प्रगति विवरण,
- कार्यक्रमका उपलब्धिहरू,
- अनुभूत गरिएका प्रमुख समस्याहरू,
- समस्या समाधानका लागि अवलम्बन गरिएका उपायहरू,
- विश्वविद्यालय अनुदान आयोगबाट समाधान गरिनुपर्ने समस्याहरू ।

## २. स्थापनाको चरणमा रहेका उच्च शैक्षिक संस्थालाई अनुदान (Grants for Establishing New HEIs)

राष्ट्रिय नीति तथा कार्यक्रमको आधारमा नयाँ विश्वविद्यालय वा प्रतिष्ठान स्थापनाको कार्य अगाडि बढाउन गठन भएको विश्वविद्यालय पूर्वाधार निर्माण वा विकास समिति वा यस्तै प्रकृतिका संस्थाहरूलाई वार्षिक बजेट तथा कार्यक्रमबमोजिमको अनुदान उपलब्ध गराइनेछ । अनुदान पाउने संस्थाले तोकिएबमोजिम शैक्षिक, भौतिक पूर्वाधारमा प्राप्त रकम नियमपूर्वक खर्च गर्नुपर्नेछ । पूर्वाधार विकास र निर्माणको जिम्मेवारी पाएका निकायहरूले वार्षिक कार्यक्रम तथा बजेट प्रस्तुत गर्दा आयोगबाट तोकिएबमोजिम बजेट तथा कार्यक्रम प्रस्तुत गर्नुपर्नेछ । स्वीकृत बजेट तोकिएबमोजिम प्रगति र खर्चका आधारमा निकासा गरिनेछ ।

## ३. सामुदायिक क्याम्पसहरूलाई अनुदान (Grants to Community Campuses)

जनस्तरबाट सामुदायिक रूपमा सञ्चालित क्याम्पसहरूले देशको करिब एकतिहाई शैक्षिकभार वहन गरिरहेका सन्दर्भमा ती क्याम्पसको नियमित सञ्चालन, भौतिक तथा शैक्षिक विकासका लागि सहयोग दिने कार्यक्रम निरन्तर रहँदै आएको छ ।

### ३.१ सामुदायिक क्याम्पसहरूलाई नियमित अनुदान (Regular Grants to Community Campuses)

जनस्तरबाट सामुदायिक रूपमा सञ्चालित क्याम्पसहरूको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि **सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूलाई अनुदान दिने निर्देशिका**का आधारमा वार्षिक रूपमा नियमित अनुदान उपलब्ध गराइनेछ । उक्त निर्देशिका आयोगको वेबसाइटमा उपलब्ध छ । यस कार्यक्रमअन्तर्गत स्नातक वा स्नातकोत्तर तह सञ्चालन भई **एक शैक्षिक सत्र** (अन्तिम वर्षको परीक्षाफल प्रकाशित) पूरा गरी तोकिएका आधारहरू पूरा गरेका क्याम्पसहरूलाई समावेश/सहयोग गरिनेछ ।

नियमित अनुदान प्राप्त गर्नका लागि न्यूनतम कुल विद्यार्थी सङ्ख्या हिमाली जिल्लामा ५० जना, पहाडी जिल्लामा ६० जना, तराईका जिल्लामा ७५ जना र काठमाडौं उपत्यकाभित्र १०० जना हुनुपर्नेछ तर कोटा निर्धारण गरेका विषय, विज्ञान तथा प्रविधि, संस्कृत, अपाङ्गता भएका व्यक्तिहरूका लागि खुलेका विशेष क्याम्पसहरू र राष्ट्रिय महत्वका विषयहरू अध्ययन-अध्यापन गराउने क्याम्पसहरूका हकमा कुल विद्यार्थी सङ्ख्या न्यूनतम ४० जना हुनुपर्नेछ भने कोटा तोकिएका कार्यक्रमहरूमा कोटाको आधारअनुसार हुनेछ । प्रत्येक वर्ष आयोगले सूचना जारी गरेको अन्तिम मितिभित्रमा निम्नानुसारका आवश्यक कागजातहरूसहित आवेदन वा प्रस्ताव दर्ता गरिसक्नुपर्नेछ । म्याद नाघी प्राप्त हुने र रीत नपुगेका आवेदन/प्रस्तावउपर कुनै कारबाही हुनेछैन । झुटो विवरण पेस गरेको प्रमाणित भएमा आवेदन/प्रस्ताव रद्द गरी भविष्यमा आयोगबाट कुनै सुविधा प्राप्त नहुने गरी सुविधावञ्चित सूचीमा राख्न सकिनेछ ।

**नियमित अनुदानका लागि पेस गर्नुपर्ने कागजातहरू**

(१) **नयाँ क्याम्पसको हकमा** निम्नलिखित कागजात समावेश गर्नुपर्नेछ :

- क्याम्पसको लेटरहेडमा अख्तियार प्राप्त पदाधिकारी वा व्यक्तिद्वारा हस्ताक्षरित आधिकारिक अनुरोधपत्र,
- आयोगद्वारा निर्दिष्ट ढाँचाको तथ्याङ्क फारममा पूर्ण विवरण समावेश भएको फारम (Statistical Data Form),
- पछिल्लो तीन वर्षको लेखापरीक्षण प्रतिवेदन (अडिट रिपोर्ट) २-२ प्रति,
- एक शैक्षिक सत्र (**अन्तिम वर्षको परीक्षाफल प्रकाशित–उत्तीर्ण विद्यार्थीको ट्रान्सक्रिप्ट**) पूरा गरेको प्रमाण खुल्ने कागजपत्र,
- जिल्ला समन्वय समिति र नगरपालिका/गाउँपालिकाबाट सामुदायिक क्याम्पसको प्रमाणीकरण र पब्लिक क्याम्पस सङ्घको सदस्यता लिएको भए त्यसको प्रमाणपत्र,
- क्याम्पसको शैक्षिक, भौतिक, सामाजिक, आर्थिक अवस्थासहित सबल तथा दुर्बल पक्ष एवं भावी चुनौतीहरूसमेत उल्लेख भएको साधारण सभाबाट पारित वार्षिक प्रतिवेदन,
- सम्बन्धन लिएको विश्वविद्यालयले कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिएको पत्रको प्रतिलिपि,
- क्याम्पसको स्वीकृत विधान २ प्रति ।

क्याम्पसको विधानमा निम्नलिखित बुँदाहरू खुलेको हुनुपर्नेछ र आयोगमा पेस गर्दा तलका बुँदाहरू हाइलाइट गर्नुपर्नेछ :

- व्यक्तिगत/समूहगत/संस्थागत कुनै पनि किसिमले *नाफा आर्जन गर्ने हेतुले नभई समुदायबाट नाफारहित रूपमा सञ्चालित* भनी विधानमा लेखिएको हुनुपर्ने,
- क्याम्पसको साधारण सभाको सदस्य हुन सबै नेपाली नागरिक योग्य हुने व्यवस्था विधानमा लेखिएको हुनुपर्ने,
- व्यवस्थापन समितिको कार्यकालको निश्चित अवधि विधानमा तोकिएको हुनुपर्ने र पुनर्गठन भएमा त्यसको प्रमाण समाविष्ट हुनुपर्ने,
- कुनै पनि कारणले क्याम्पस सञ्चालन हुन नसक्ने अवस्थामा क्याम्पसको सम्पूर्ण चल-अचल सम्पत्ति, सम्बन्धन दिने विश्वविद्यालय वा नेपाल सरकारको हुने बेहोरा विधानमा उल्लेख भएको हुनुपर्ने ।

(२) **आयोगबाट एकपटक नियमित अनुदान प्राप्त गरिसकेका क्याम्पसको हकमा** निम्नलिखित कागजात समावेश गर्नुपर्नेछ

- क्याम्पसको लेटरहेडमा अख्तियार प्राप्त पदाधिकारी वा व्यक्तिद्वारा हस्ताक्षरित अनुरोधपत्र,
- आयोगद्वारा निर्दिष्ट ढाँचाको फारम पूर्ण विवरण समावेश भएको तथ्याङ्क (Statistical Data Form),
- अगिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन (अडिट रिपोर्ट) २ प्रति,
- सम्बन्धन लिएको विश्वविद्यालयले कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिएको पत्रको प्रतिलिपि र सम्बन्धन नवीकरण स्वीकृतिपत्रको प्रतिलिपि,
- हालै उत्तीर्ण भएको विद्यार्थी सङ्ख्या देखिने Mark Ledger को एक प्रति प्रतिलिपि,
- क्याम्पसको शैक्षिक, भौतिक, सामाजिक, आर्थिक अवस्थाका साथै सबल र दुर्बल पक्ष तथा भावी चुनौतीहरूसमेत उल्लेख भएको साधारण सभाबाट पारित वार्षिक प्रतिवेदन,
- नियमित अनुदान माग गरी सामुदायिक क्याम्पसले आयोगमा पेस गरेका कागजातहरूका आधारमा उल्लेख भएका विद्यार्थी सङ्ख्या, शैक्षिक कार्यक्रम, उत्तीर्ण प्रतिशत, विज्ञान तथा प्रविधि/राष्ट्रिय महत्वका विषयहरू, पिछडिएको/दुर्गम/आङ्गिक क्याम्पस नभएका जिल्लालगायतका आधारमा निर्देशिकाअनुसार नियमित अनुदानको रकम निर्धारण गरिनेछ ।

## नियमित अनुदान बाँडफाँडका आधारहरू

- एक फ्याकल्टी एक प्रोग्राम (जस्तो बि.ए.) भएको क्याम्पसलाई न्यूनतम एकमुष्ट अनुदान रु. ७,००,०००/- (सात लाख) दिइनेछ तर स्नातकोत्तर तहको एक फ्याकल्टी एक प्रोग्राम (जस्तो

एम.ए.) भएको क्याम्पसलाई एकमुष्ट अनुदान रु. ८००,०००/- (आठ लाख) दिइनेछ । (आयोगको बजेट र अनुदान पाउने क्याम्पसको सङ्ख्याको आधारमा न्यूनतम एकमुष्ट अनुदान थपघट हुनसक्नेछ),

- उत्तीर्ण प्रतिशतका आधारमा क्याम्पसहरूलाई थप अनुदान प्रदान गरिनेछ । उत्तीर्ण प्रतिशतबमोजिम थप अनुदान प्राप्त गर्नका लागि क्याम्पसको उत्तीर्ण प्रतिशत २९ भन्दा बढी हुनुपर्नेछ। उत्तीर्ण प्रतिशतका आधारमा थप अनुदान दिँदा उत्तीर्ण प्रतिशत, प्रगति वर्षमा परीक्षामा सम्मिलित विद्यार्थी सङ्ख्या र प्रति विद्यार्थी रू १०० रकमको कुलयोग हुनेछ । सूत्रअनुसार हिसाब गर्दा दस लाखभन्दा माथि भएमा अधिकतम दस लाख मात्र प्रदान गरिनेछ,

| क्याम्पसको नाम | प्रगति वर्षको उत्तीर्ण प्रतिशत | प्रति विद्यार्थी रकम रु. | प्रगति वर्षमा परीक्षामा सम्मिलित विद्यार्थी सङ्ख्या | जम्मा रकम |
|---|---|---|---|---|
| | | १०० | | |

- एकभन्दा बढी फ्याकल्टी (जस्तो बिए, बिबिएस) भएका क्याम्पसलाई न्यूनतम अनुदानमा ४० प्रतिशत थप दिइनेछ भने तीन वा सोभन्दा बढी स्नातक तह भएका क्याम्पसलाई न्यूनतम अनुदानमा ६० प्रतिशत थप दिइनेछ,
- स्नातकोत्तर तह भएका क्याम्पसलाई न्यूनतम अनुदानमा ४० प्रतिशत थप दिइनेछ भने एकभन्दा बढी स्नातकोत्तर कार्यक्रम भएका क्याम्पसलाई न्यूनतम अनुदानमा ६० प्रतिशत थप दिइनेछ,
- विज्ञान विषय/राष्ट्रिय महŒवका विषयहरूअध्ययन हुने क्याम्पसमा न्यूनतम अनुदानमा ८० प्रतिशत थप दिइनेछ,
- विश्वविद्यालयहरूका आङ्गिक क्याम्पस नभएका जिल्लाका क्याम्पसहरूलाई न्यूनतम अनुदानमा ३० प्रतिशत थप दिइनेछ तर विशिष्ट किसिमका आङ्गिक क्याम्पस थप भएमा जस्तै– संस्कृत, बौद्ध अध्ययन, कृषि, प्राविधिक विषय भएका क्याम्पसहरूमा यो नियम लागु हुनेछैन,
- पिछडिएका तथा दुर्गम जिल्लाका क्याम्पसलाई न्यूनतम अनुदानमा ५० प्रतिशत थप दिइनेछ भने पहाडी र हिमाली जिल्लामा अवस्थित क्याम्पसहरूलाई ३० प्रतिशत थप दिइनेछ । हिमाली, पहाडी र दुर्गम जिल्लाहरू **अनुसूची- १.२** बमोजिम हुनेछन्,
- पहिलो पटक नियमित अनुदान पाउने सामुदायिक क्याम्पसलाई एकमुष्ट न्यूनतम अनुदान रु.७,००,००० /- (सात लाख) मात्र दिइनेछ ।
- स्नातकोत्तर तहमा प्रति कार्यक्रम न्यूनतम विद्यार्थी सङ्ख्या २० जना नहुने क्याम्पसलाई सो कार्यक्रमबापत हुनआउने थप अनुदान उपलब्ध गराइनेछैन । स्नातक तहको प्रति कार्यक्रम थप अनुदानका लागि न्यूनतम विद्यार्थी सङ्ख्या ३० जना हुनुपर्नेछ,
- नयाँ क्याम्पसका रूपमा नियमित अनुदान पाउने क्याम्पसबाहेकका नियमित अनुदान प्राप्त क्याम्पसहरूलाई विद्यार्थी सङ्ख्याका आधारमा प्रति विद्यार्थी रू ५००/- का दरले थप अनुदान उपलब्ध गराइनेछ । यसरी विद्यार्थी सङ्ख्याका आधारमा अनुदान प्राप्त गर्नका लागि SofDk;मा न्यूनतम २०० जना विद्यार्थी हुनुपर्नेछ । विद्यार्थी सङ्ख्याका आधारमा अधिकतम रु. ४ लाख प्रदान गरिनेछ भने सूत्रअनुसार हिसाब गर्दा सो रकमभन्दा कम अनुदान हुन आएमा सोही रकम थप अनुदानबापत दिइनेछ,
- गुणस्तर सुनिश्चितता तथा प्रत्यायनकृत क्याम्पसहरूलाई थप रु. २ लाख प्रोत्साहन अनुदान दिइनेछ।

विस्तृत जानकारीका लागि आयोगको वेबसाइटमा राखिएको "सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूलाई अनुदान दिने निर्देशिका" हेर्न सकिनेछ ।

## ३.२. सामुदायिक क्याम्पसहरूलाई भौतिक विकास अनुदान (Physical Development Grants to Community Campuses)

जनस्तरबाट सञ्चालित सामुदायिक क्याम्पसमा नयाँ भवन निर्माण, पुस्तक, फर्निचर, उपकरण खरिद र अतिरिक्त क्रियाकलापको संरचना विकास गर्नका लागि **सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूलाई अनुदान दिने निर्देशिका**मा उल्लेख भएबमोजिम अनुदान उपलब्ध गराइनेछ। आयोगबाट उपलब्ध गराइने अनुदानमा अन्य स्रोतबाट समेत रकम जुटाई सम्बन्धित क्याम्पसले प्रस्तावित कार्य सम्पन्न गर्न सक्नेछन् । यस कार्यक्रमअन्तर्गत स्नातक वा स्नातकोत्तर तह सञ्चालन भई तोकिएका आधारहरू पूरा गरेका क्याम्पसहरूलाई भौतिक सुविधा विकास अनुदान उपलब्ध गराइनेछ। भवन निर्माण, पुस्तक, फर्निचर र उपकरण खरिद अनुदानमध्ये क्याम्पसको आवश्यकता तथा प्राथमिकताका आधारमा कुनै दुई शीर्षकमा मात्र आवेदन/प्रस्ताव पेस गर्नुपर्नेछ। अगिल्लो आ.व.मा प्राप्त अनुदान रकमको फरफारक गरेपछि मात्र चालु आ.व.को अनुदान रकम उपलब्ध गराइनेछ। भौतिक संरचना तयार गर्दा प्रचलित कानुनबमोजिम वातावरणीय एवं सामाजिक पक्षहरूलाई समेत समेटी निर्माण कार्य गर्नुपर्नेछ । विस्तृत जानकारीका लागि आयोगको वेबसाइटमा राखिएको “सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूलाई अनुदान दिने निर्देशिका” हेर्न सकिनेछ ।

### ३.२.१ भवन निर्माण अनुदान (Grants for Building Construction)

भवन निर्माण अनुदान (कक्षा कोठा/पुस्तकालय भवन/प्रशासनिक भवन/प्रयोगशाला भवन/शौचालय निर्माणका लागि अनुदान) प्राप्त गर्नका लागि सामुदायिक क्याम्पसले निम्नानुसारका कागजात समावेश गरी प्रस्ताव माग गरेको अन्तिम मितिभित्र आयोगमा आवेदन/प्रस्ताव दर्ता गरिसक्नुपर्नेछ। यस अनुदानका लागि न्यूनतम विद्यार्थी सङ्ख्या हिमाली, पहाडी र तराई/भित्री मधेसका जिल्लामा ७५ जना र काठमाडौं उपत्यकाभित्र १०० जना हुनुपर्नेछ। **अनुसूची १.१** मा भरिएको विवरणका आधारमा अनुदान वितरणका लागि योग्य क्याम्पसको नामावली प्रकाशित गरिनेछ ।

## पेस गर्नुपर्ने कागजातहरू

- क्याम्पसको लेटरहेडमा अख्तियार प्राप्त पदाधिकारी वा व्यक्तिद्वारा हस्ताक्षरित अनुरोधपत्र,
- बक्स १ मा उल्लेख भएअनुसारको प्रस्ताव । (प्रस्ताव पेस गर्दा उपलब्ध भौतिक पूर्वाधारको विवरण र थप पूर्वाधार निर्माणको औचित्य पुष्टि गर्ने विवरण उल्लेख हुनुपर्नेछ। अपूरो प्रस्ताव मान्य हुनेछैन),
- भवन निर्माणका लागि क्याम्पसको आफ्नै नाममा भएको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि,
- प्राविधिक विज्ञले तयार पारेको प्रस्तावित भवनको इन्जिनियरिङ डिजाइन र लागत अनुमान,
- सम्बन्धित सरकारी निकायबाट भवन निर्माणका लागि लिनुपर्ने इजाजतपत्र,
- भवन निर्माणका लागि आवेदन दिँदा **अनुसूची १.१** मा उल्लिखत तथ्याङ्क अनिवार्य रूपमा भर्नुपर्ने,
- प्रस्तावित निर्माणका लागि अन्य स्रोतबाट कुनै सहयोग प्राप्त भएको/नभएको बारेमा जानकारीको बेहोरा,
- प्रस्तावित भवनको इन्जिनियरिङ्ग डिजाइन र लागत अनुमान फेरबदल गर्नुपर्ने भएमा सम्झौता भएका मितिले ४५ दिनभित्र गरिसक्नुपर्नेछ ।

| **तालिका** (बक्स १) |
|---|
| Brief Introduction of the campus (क्याम्पसको परिचय) |
| Background of the program (कार्यक्रमको पृष्ठभूमि) |
| Justification of the program (कार्यक्रमको औचित्य) |
| Expected outcomes of the program (अपेक्षित उपलब्धि) |
| Program Budget (Breakdown of activities, rate, and quantity etc) (बजेट) |
| Action plan for the completion of work (कार्ययोजना) |
| Monitoring and Evaluation Mechanism (अनुगमन तथा मूल्याङ्कन प्रक्रिया) |
| Sustainability Plan (योजनाको दिगोपना) |
| Engineer's Structural Design/Drawing (संरचनागत ढाँचा) |

| Engineer's Cost Estimation (लागत अनुमान) |
|---|

### ३.२.२ पुस्तक खरिदका लागि अनुदान (Grants for Purchasing Books)

पाठ्यपुस्तक तथा सन्दर्भपुस्तकको अभावमा स्तरीय शिक्षा सम्भव नहुने हुँदा सम्बन्धन प्राप्त क्याम्पसहरूका पुस्तकालयको सुदृढीकरणका लागि विश्वविद्यालय अनुदान आयोगद्वारा **सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूलाई अनुदान दिने निर्देशिका**का आधारमा अनुदान उपलब्ध गराइनेछ। अगिल्लो वर्षमा यस शीर्षकअन्तर्गत अनुदान पाएकालाई चालु आ.व.मा थप अनुदान दिइनेछैन। यो अनुदान प्राप्त गर्नका लागि इच्छुक क्याम्पसले निम्नानुसारको कागजातसहित आवेदन पेस गर्नुपर्नेछ :

- क्याम्पसको लेटरहेडमा अख्तियार प्राप्त पदाधिकारी वा व्यक्तिद्वारा हस्ताक्षरित अनुरोधपत्र,
- बक्स १ मा उल्लेख भएअनुसारको प्रस्ताव। (अपूरो प्रस्तावलाई मान्यता दिइनेछैन),
- पुस्तकालयको सम्पूर्ण स्थितिसहित पाठ्यपुस्तक तथा सन्दर्भपुस्तकहरू खरिद गर्नका लागि पुस्तकालयको भौतिक संपरीक्षण प्रतिवेदनसहित आवश्यक पाठ्यपुस्तक तथा सन्दर्भपुस्तकहरू अलगअलग छुट्टयाई प्रत्येकको मूल्य तथा आवश्यक प्रतिसमेत उल्लेख गरिएको प्रस्ताव,
- यसअन्तर्गत प्राप्त आर्थिक सहयोग पाठ्यपुस्तक तथा सन्दर्भपुस्तकहरू खरिद गर्नका लागि मात्र प्रयोग गर्नुपर्नेछ,
- म्याद नाघी प्राप्त भएका र रीत नपुगेका आवेदनउपर कुनै कारबाही हुनेछैन।

### ३.२.३ फर्निचर खरिदका लागि अनुदान (Grants for Purchasing Furniture)

जनस्तरबाट सञ्चालित सामुदायिक क्याम्पसहरूमा कक्षा सञ्चालन तथा पुस्तकालयका निम्ति आवश्यक पर्ने फर्निचर खरिदका लागि विश्वविद्यालय अनुदान आयोगद्वारा **सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूलाई अनुदान दिने निर्देशिका**का आधारमा अनुदान उपलब्ध गराउन सकिनेछ। अगिल्लो वर्षमा यस शीर्षकअन्तर्गत अनुदान पाएकालाई आगामी दुई आ.व.मा थप अनुदान दिइनेछैन। यस कार्यक्रमलाई निम्नानुसार सञ्चालन गरिनेछ :

- क्याम्पसको लेटरहेडमा अख्तियार प्राप्त पदाधिकारी वा व्यक्तिद्वारा हस्ताक्षरित अनुरोधपत्र,
- तालिका (बक्स १) मा उल्लेख भएअनुसारको प्रस्ताव (अपूरो प्रस्तावलाई मान्यता दिइनेछैन),
- यसअन्तर्गत प्राप्त सहयोग कक्षाकोठा तथा पुस्तकालय फर्निचर खरिदका लागि मात्र प्रयोग गर्नुपर्नेछ,
- म्याद नाघी प्राप्त भएका र रीत नपुगेका आवेदनउपर कुनै कारबाही हुनेछैन।

### ३.२.४ उपकरण खरिदका लागि अनुदान (Grants for Purchasing Equipments)

सामुदायिक क्याम्पसहरूमा शैक्षिक तथा प्रशासनिक कार्य दक्षतापूर्वक सम्पादन गर्न Lab Equipments, Computer, Projector, Printer, Scanner & Photocopier खरिदका लागि **सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूलाई अनुदान दिने निर्देशिका**को आधारमा अनुदान दिइनेछ। अगिल्लो वर्षमा यस शीर्षकअन्तर्गत अनुदान पाएकालाई आगामी दुई आ.व.मा थप अनुदान दिइनेछैन। यस कार्यक्रमलाई निम्नअनुसार सञ्चालन गरिनेछ :

- क्याम्पसको लेटरहेडमा अख्तियार प्राप्त पदाधिकारी वा व्यक्तिद्वारा हस्ताक्षरित अनुरोधपत्र पेस गर्नुपर्नेछ,
- बक्स १ मा उल्लेख भएअनुसारको प्रस्ताव प्रस्तुत गर्नुपर्नेछ (अपूरो प्रस्तावलाई मान्यता दिइनेछैन),
- यसअन्तर्गत प्राप्त सहयोग उपकरण खरिदका लागि मात्र प्रयोग गर्नुपर्नेछ,
- म्याद नाघी प्राप्त हुने र रीत नपुगेका आवेदनउपर कुनै कारबाही हुनेछैन।

## भवन निर्माण, पुस्तक, फर्निचर एवं उपकरण खरिदका लागि अनुदानका आधारहरू

- भवन निर्माणका लागि विद्यार्थी सङ्ख्याका आधारमा अधिकतम रु. ३ करोडसम्म अनुदान उपलब्ध गराइनेछ,

- भवन निर्माण शीर्षकअन्तर्गत हालसम्म नियमित तथा परियोजना (उच्चशिक्षा सुधार परियोजना) मा निकासा भएको रकम परिमार्जित सूत्रअनुसार प्राप्त हुने अधिकतम रकममा घटाई बाँकी हुनआउने रकममात्र प्राप्त गर्नेछन् ,
- भवन निर्माण अनुदानअन्तर्गत रु. २ करोड वा सोभन्दा माथि अनुदान माग भएका खण्डमा स्थलगत अनुगमनका आधारमा निर्णय गरिनेछ,
- भौतिक विकास अनुदानअन्तर्गत पाउने अधिकतम अनुदान रकमभन्दा कमको प्रस्ताव पेस भएमा सोहीअनुसारको अनुदान उपलब्ध हुनेछ,
- विद्यार्थी सङ्ख्याका आधारमा पाठ्यपुस्तक, फर्निचर एवं उपकरण खरिद अनुदान उपलब्ध गराउँदा विगत दुई वर्षको एकीकृत सिलिङ गरी निम्नानुसारले छुट्टै व्यवस्था पनि कायम गरिनेछ :

| **नियमित तर्फका क्याम्पसहरू ( Regular Community Campuses)** | | |
|---|---|---|
| विद्यार्थी सङ्ख्या | भवन (रु.) | पुस्तक/फर्निचर/उपकरण (रु.) |
| १५० भन्दा कम | १ करोड | ५ लाख |
| १५१ देखि २५० | १.५ करोड | ७.५ लाख |
| २५१ देखि ३५० | २ करोड | ८.५ लाख |
| ३५१ देखि ७०० | २.५ करोड | १० लाख |
| ७०१ देखि माथि | ३ करोड | १२.५ लाख |

| **उच्चशिक्षा सुधार परियोजनामा सहभागी क्याम्पसहरूका हकमा(HERP Supported Campuses)** | | |
|---|---|---|
| विद्यार्थी सङ्ख्या | परियोजनामा निकासा भएको रकम | भवन (रु.) |
| १५० भन्दा कम | | १ करोड |
| १५१ देखि २५० | | १.५ करोड |
| २५१ देखि ३५१ | | २ करोड |
| ३५१ देखि ७०० | | २.५ करोड |
| ७०१ देखि माथि | | ३ करोड |

- हिमाली र पहाडी जिल्लमा अवस्थित क्याम्पसहरूका लागि क्रमशः १०% र ५% अनुदान एकीकृत सिलिङमा थप हुनेछ,

### ३.२.५ अतिरिक्त क्रियाकलापका लागि संरचना विकास कार्यक्रम (Infrastructure Development Grants for Extracurricular Activities)

विद्यार्थीको समग्र विकासका लागि अतिरिक्त क्रियाकलाप महत्वपूर्ण रहन्छ । अतिरिक्त क्रियाकलाप उच्च शैक्षिक संस्थामा रहेका पूर्वाधारमा निर्भर रहने र सामुदायिक रूपमा सञ्चालित क्याम्पसमा अतिरिक्त पूर्वाधारको कमी रहेको अवस्था छ । अतिरिक्त क्रियाकलापको पूर्वाधार निर्माण (Infrastructure for Indoor & Outdoor extra curricular activities) का लागि सहयोग उपलब्ध गराउनु कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । अतिरिक्त क्रियाकलापका लागि पूर्वाधार बढाउन खेलमैदान निर्माण तथा त्यसमा आवश्यक पर्ने सामाग्री खरिद गर्नका लागि सामुदायिक रूपमा सञ्चालित क्याम्पसबाट तालिका (बक्स १) अनुसार प्रस्तावना माग गरिनेछ । क्याम्पसका प्रस्तावको मूल्याङ्कनका आधारमा अधिकतम रु. १२ लाखसम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।

### पेस गर्नुपर्ने कागजातहरू

- क्याम्पसको लेटरहेडमा अख्तियार प्राप्त पदाधिकारी वा व्यक्तिद्वारा हस्ताक्षरित अनुरोधपत्र,
- तालिका (बक्स १) मा उल्लख भएअनुसारको प्रस्ताव । (प्रस्ताव पेस गर्दा तालिका (बक्स २) मा माग गरेको तथ्याङ्कका साथै थप पूर्वाधार निर्माण औचित्य पुष्टि गर्न विवरण उल्लेख हुनुपर्नेछ,

- बाह्य अतिरिक्त क्रियाकलाप (Outdoor Extracurricular Activities) को पूर्वाधार निर्माणको हकमा क्याम्पसको आफ्नो स्वामित्वमा भएको जग्गामा निर्माण गर्नुपर्नेछ र सोका लागि जग्गाधनी प्रमाणपत्र संलग्न गर्नुपर्नेछ र इनडोर अतिरिक्त क्रियाकलाप (Indoor Extracurricular Activities) का लागि भवन क्याम्पसको आफ्नै नाममा निर्मित भवनमा सो पूर्वाधार निर्माण गर्नुपर्नेछ,
- प्राविधिक विज्ञले तयार पारेको प्रस्तावित खेलकुद निर्माणको नक्सा (Engineering design) र अनुमानित लागत (cost estimate) पेस गुर्नपर्ने (अपूरो प्रस्तावलाई मान्यता दिइनेछैन) ।

### ३.३ विशेष अनुदान (Special Grants)

क्याम्पसमा औपचारिक रूपमा पठनपाठन सुरु भई दुई वर्ष पूरा गरिसकेका तर नियमित अनुदान प्राप्त नगरेका सामुदायिक क्याम्पसहरूलाई **सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूलाई अनुदान दिने निर्देशिका**अनुसार विशेष अनुदान उपलब्ध गराइनेछ । यस्तो अनुदान पाठ्यपुस्तक तथा सन्दर्भपुस्तक, फर्निचर र उपकरण खरिदका लागि मात्र उपलब्ध गराइनेछ । अनुदान प्राप्त गर्न क्याम्पसहरूले आयोगले जारी गरेका सूचनाको अन्तिम मितिभित्रै दर्ता भइसक्ने गरी तालिका (बक्स १) मा उल्लेख भएको ढाँचाको प्रस्तावसहित **अनुसूची-१** मा उल्लेख भएका थप कागजातसहित निवेदन पेस गर्नुपर्नेछ । विशेष अनुदान प्राप्त गर्नका लागि न्यूनतम कुल विद्यार्थी सङ्ख्या हिमाली जिल्लामा ५० जना, पहाडी जिल्लामा ६० जना, तराइ/भित्री मधेसका जिल्लामा ७५ जना र काठमाडौं उपत्यकाभित्र १०० जना हुनुपर्नेछ ।

## पेस गर्नुपर्ने कागजातहरू

- क्याम्पसको लेटरहेडमा अख्तियार प्राप्त पदाधिकारी वा व्यक्तिद्वारा हस्ताक्षरित अनुरोधपत्र,
- सम्पूर्ण विवरण खुल्ने गरी भरिएको तथ्याङ्क फारम (Statistical Data Form),
- पछिल्लो दुई वर्षको लेखापरीक्षण प्रतिवेदन २ -२ प्रति,
- तालिका (बक्स १) मा उल्लेख भएअनुसारको प्रस्ताव पेस गर्नुपर्नेछ (अपूरो प्रस्तावलाई मान्यता दिइनेछैन),
- दोस्रो वर्षको परीक्षामा सामेल भएको प्रमाण खुल्ने कागजपत्र,
- जिल्ला समन्वय समिति र नगरपालिका/गाउँपालिकाबाट सामुदायिक क्याम्पस भनी प्रमाण खुलेको पत्र,
- क्याम्पसको शैक्षिक, भौतिक, सामाजिक, आर्थिक अवस्थासहित सबल तथा दुर्बल पक्ष एवं भावी चुनौतीहरूसमेत उल्लेख भएको साधारण सभाबाट पारित वार्षिक प्रतिवेदन,
- क्याम्पसको विधान २ प्रति ।

क्याम्पसको विधानमा निम्नलिखित बुँदाहरू खुलेको हुनुपर्नेछ र आयोगमा पेस गर्दा त्यसलाई हाइलाइट गर्नुपर्नेछ :

- व्यक्तिगत/समूहगत/संस्थागत कुनै पनि किसिमले *नाफा आर्जन गर्ने हेतुले नभई समुदायबाट नाफारहित रूपमा सञ्चालित* भनी विधानमा लेखिएको हुनुपर्ने,
- क्याम्पसको साधारण सभाको सदस्य हुन सबै नेपाली नागरिक योग्य हुने व्यवस्था विधानमा उल्लेख गरेको हुनुपर्ने,
- व्यवस्थापन समितिको कार्यकालको निश्चित अवधि विधानमा तोकिएको हुनुपर्ने र पुनर्गठन भएमा सोको प्रमाण समावेश हुनुपर्ने,
- कुनै पनि कारणले क्याम्पस सञ्चालन हुन नसक्ने अवस्थामा क्याम्पसको सम्पूर्ण चल-अचल सम्पत्ति सम्बन्धन दिने विश्वविद्यालय वा नेपाल सरकारको हुने बेहोरा विधानमा उल्लेख भएको हुनुपर्ने ।

## विशेष अनुदानका लागि आवश्यक आधारहरू

विशेष अनुदान प्राप्त गर्न योग्य क्याम्पसले पाठ्यपुस्तक तथा सन्दर्भपुस्तक, फर्निचर र उपकरण खरिद गर्न विद्यार्थी सङ्ख्याका आधारमा निम्नानुसार अनुदान दिइनेछ तर कम रकममा काम गर्ने गरी प्रस्ताव गरेका क्याम्पसहरूका हकमा प्रस्तावित रकममा नबढाई अनुदान दिइनेछ :

| विद्यार्थी सङ्ख्या | रकम |
|---|---|
| १५० जना भन्दा कम | रु. ३,००,०००।- ( ३ लाख ) |
| १५१ देखि ३५० जना | रु. ४,००,०००।- ( ४ लाख ) |
| ३५१ देखि ७०० | रु. ५,००,०००।- (५ लाख ) |
| ७०१ देखि माथि | रु. ५,५०,०००।- (५ लाख ५० हजार ) |

### ४. उच्चशिक्षामा विशिष्टताको प्रवर्द्धन कार्यक्रम (Nurturing Excellence in Higher Education Program- NEHEP)

मुलुकको उच्चशिक्षा क्षेत्रलाई गुणस्तरीय, प्रतिस्पर्धी एवं राष्ट्रिय प्राथमिकतासँग सान्दर्भिक बनाई विकास गर्न नेपाल सरकारले राष्ट्रिय उच्चशिक्षा कार्यक्रम तयार गरेको छ। यस कार्यक्रमको प्रमुख उद्देश्य ज्ञानमा आधारित समाज र अर्थतन्त्रको विकासका लागि उच्चशिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनुसन्धानमुखी, प्रविधिमैत्री, रोजगारोन्मुख र समावेशी बनाउँदै लैजानु रहेको छ । यसप्रकार राष्ट्रिय उच्चशिक्षा विकास कार्यक्रममा निर्धारित लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने उद्देश्यका लागि विश्व बैंकको ६० मिलियन युएस डलर ऋण सहयोगमा उच्चशिक्षामा विशिष्टताको प्रवर्द्धन कार्यक्रम सन् २०२१ देखि सन् २०२६ सम्म कार्यान्वयनमा आएको छ । यो कार्यक्रममा सहयोग गर्नेसम्बन्धी वित्तीय सम्झौता नेपाल सरकार, अर्थ मन्त्रालय र विश्व बैंकबीच १९ अगस्ट २०२१ मा सम्पन्न भई सेप्टेम्बर १६, २०२१ देखि कार्यक्रम लागु भएको छ।

### ४.१ उद्देश्य

राष्ट्रिय उच्चशिक्षा कार्यक्रमबाट उच्चशिक्षाका निम्नलिखित क्षेत्रहरूको विकास एवं विस्तार गर्ने उद्देश्य रहेका छन् :

**(क) उच्चशिक्षामा समतामूलक पहुँचको अभिवृद्धि गर्ने**

- साधारण र विज्ञान तथा प्रविधि विषयमा भर्ना दर अभिवृद्धि गर्ने,
- गरिब तथा विपन्न वर्गका विद्यार्थीलगायत दुर्गम प्रदेशका उच्च शैक्षिक संस्थालाई छात्रवृत्ति सहायता कार्यक्रम सञ्चालन गर्ने ।

**(ख) उच्चशिक्षालाई श्रम बजारको आवश्यकतासँग आबद्ध गर्ने**

- पाठ्यक्रम परिमार्जन एवं अध्यापन र मूल्याङ्कनमा सुधार गर्ने,
- शिक्षक र शैक्षिक नेतृत्वहरूको दक्षता अभिवृद्धि गर्ने,
- उच्चशिक्षा क्षेत्र र उद्योगबीच सहकार्य, अनुसन्धान तथा उद्यमशीलता, प्रकाशन, पेटेन्टिङ आदि कार्यक्रम सञ्चालन गर्ने ।

**(ग) सुशासन, क्षमता अभिवृद्धि र उच्चशिक्षामा वित्तीय लगानी एवं नियमनको प्रावधान गर्ने**

- गुणस्तर सुनिश्चितता तथा प्रत्यायन, गुणस्तर प्रवर्द्धन र स्वायत्तताको सुदृढीकरण गर्ने,
- शैक्षिक क्यालेण्डर लागु गर्ने,
- विशिष्टता केन्द्र प्रवर्द्धन गर्ने,
- विश्वविद्यालयहरू/उच्च शैक्षिक संस्थाहरूलाई पुर्नसंरचना गरी सुशासनको विकास गर्ने,

- कार्यसम्पादनमा आधारित अनुदानलाई सुदृढ गर्दै लैजाने ।

**(घ) उच्चशिक्षाको डिजिटलाइजेशनलाई सुदृढ गरिने**

- अनलाइन/मिश्रित शिक्षणमा विद्यार्थीको सहभागिता बढाउने,
- उच्चशिक्षा व्यवस्थापन तथा सूचना प्रणालीलाई सदृढ पार्न डिजिटल लर्निङ प्लेटफर्म, इ-स्रोतहरूको आदानप्रदान र अनलाइन प्रशासन विकास गर्ने ।

**४.२ कार्यक्रमका भागहरू** (Major Components)

उच्चशिक्षामा विशिष्टताको प्रवर्द्धन कार्यक्रमअन्तर्गतका भागहरू निम्नलिखित छन् :

भाग १ - नतिजा/परिणामहरूका लागि कार्यक्रम (Program for Results, P for R)

भाग २ - परियोजनामा वित्तीय लगानी (Investment Project Financing, IPF)

# अनुसूची ३

**गण्डकी प्रदेश सामुदायिक क्याम्पस विवरण फाराम तथा प्रश्नावली**

**प्रदेश सरकार**
**शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय**
**गण्डकी प्रदेश**
**गण्डकी प्रदेश उच्च शिक्षा पूर्वाधार विकास एवं अनुदान प्रणालीका लागि मानक विकास, २०७९**

श्री क्याम्पस प्रमुख/प्राचार्यज्यू,

गण्डकी प्रदेश शिक्षा नीति, २०७८ मा उच्च शिक्षा सम्बन्धमा उल्लेखित कार्यनीतिमा विद्यार्थी सङ्ख्या, सञ्चालन गरेको विषय, शुल्काको सिमा, छात्रबृत्ती, आर्थिक कारोवारमा पारदर्शीता र भौतिक पूर्वाधार, सेवा पुऱ्याएको क्षेत्र र समुदाय, समाजमा पुऱ्याएको योगदान लगायतका मापदण्डका आधारमा सामुदायीक क्याम्पस/कलेजहरूको वर्गिकारण गरी आर्थिक तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउन सामुदायीक क्याम्पस/कलेजहरूको भौतिक एवम् शैक्षिक पूर्वाधार विकासलाई र अनुदान प्रणाली व्यवस्थित गर्न आवश्यक मानक विकास गर्ने उद्देश्यले शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयबाट एक अध्ययन गर्ने निधो भएको छ । सो अध्ययनका लागि क्याम्पस/कलेजको विवरण साथै आवश्यक जानकारी लिनु पर्ने भएकाले तपसिलको फारम तथा प्रश्नावली भरी यथा सम्भव छिटो रिटर्न ईमेल मार्फत फिर्ता पठाइदिन अनुरोध गरिन्छ ।

## गण्डकी प्रदेश पब्लिक क्याम्पस विवरण फाराम तथा प्रश्नावली

***क्याम्पसको आधारभूत जानकारीः***

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वि.१. | क्याम्पसको नामः | ...................................... ...................................... | | | | |
| वि.२. | स्थापना भएको वर्षः | ................ | वि.३. | क्याम्पसको प्रकारः | (क) सामुदायीक (ख) अन्यः ....... | |
| वि.४. | प्रदेशः गण्डकी | वि.५. जिल्लाः | .................... | वि.६. | पालिकाः | ................................ |
| वि.७. | वडानं. ........... | वि.८. | क्याम्पसको अवस्थितिः | | (क) बजार क्षेत्र | (ख) गाँउ क्षेत्र |
| वि.९. | टेलीफोन नं. .......................... | वि.१०. | संपर्क मोवाइल नं. ————————. | | | |
| वि.११. | Email: ———————— | वि.१२. | Website: ————————————. | | | |
| वि.१३. | क्याम्पस एकल तथा वहु संकायः | (क) एकल संकाय | | (ख) वहु संकाय | | |
| वि.१४. | संकायहरूको नामः | (क) व्यवस्थापन | | (ख) शिक्षाशास्त्र | | |
| | | (ग) मानविकी | | (घ) विज्ञान | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (ङ) ......................... | | (च) ......................... | |
| वि.१५. | कार्यक्रमका तहः | (क) स्नातक तह मात्र | (ख) स्नातकोत्तर तह मात्र | (ग) दुबै तह | |

*विद्यार्थी विविरण तल उल्लेख गर्नुहोसः*

| विवरण | विविरण | स्नातक तह | स्नातकोत्तर तह | जम्मा |
|---|---|---|---|---|
| वि.१६. | विद्यार्थी संख्याः | | | |
| वि.१७. | महिला विद्यार्थी संख्याः | | | |
| वि.१८. | दलित विद्यार्थी संख्याः | | | |
| वि.१९. | शैक्षिक रूपमा विपन्न जनजाति (EDJ) विद्यार्थी संख्याः | | | |
| वि.२०. | बिद्यार्थी भर्ना संख्याः | | | |
| वि.२१. | दोस्रो वर्ष तथा सेमेष्टरमा कायम रहेको विद्यार्थी संख्याः | | | |
| वि.२२. | यस वर्ष परीक्षामा सामेल भएको विद्यार्थी संख्याः | | | |
| वि.२३. | नियमित विद्यार्थी उत्तीर्ण प्रतिशतः | | | |
| वि.२४. | पुरा छात्रबृत्ती प्राप्त गर्ने विद्यार्थी संख्याः | | | |
| वि.२५. | आंशिक छात्रबृत्तीः | | | |
| वि.२६. | इन्टर्नशीपमा भाग लिने विद्यार्थी संख्याः | | | |
| वि.२७. | कार्यक्रम अवधि भरको जम्मा शुल्कः | | | |
| वि.२८. | पालिका भन्दा बाहिरका विद्यार्थी प्रतिशतः | | | |

*शिक्षण जनशक्ति (शिक्षक), प्रशासनिक जनशक्ति (कर्मचारी) विविरण तल उल्लेख गर्नुहोसः*

| | | | | | |
|---|---|---|---|---|---|
| वि.२९. | शिक्षक संख्याः | ....... | वि.३०. | पूर्णकालिन शिक्षक संख्याः | ....... |
| वि.३१. | महिला शिक्षक संख्याः | ....... | वि.३२. | करार सेवाका शिक्षक संख्याः | ....... |
| वि.३३. | MPhil शिक्षक संख्याः | ....... | वि.३४. | PhD शिक्षक संख्याः | ....... |
| वि.३५. | जम्मा कर्मचारी संख्याः | ....... | वि.३६. | जम्मा महिला कर्मचारी संख्याः | ....... |
| वि.३७. | जम्मा कार्यलय सहयोगि संख्याः | ....... | वि.३८. | जम्मा पूर्णकालिन कर्मचारी संख्याः | ....... |
| वि.३९ | फ्याकल्टी डिभलप्मेन्टमा सामेल भएका शिक्षक संख्याः | | | | ....... |
| वि.४०. | सभा, सम्मेलन, सेमिनार, वर्कशप तथा तालिममा सामेल भएका शिक्षक संख्याः | | | | |
| वि.४१. | जनशक्ति विकास कार्यक्रममा सामेल भएका कर्मचारी संख्याः | | | | ....... |

| | | |
|---|---|---|
| वि.४२. | जर्नल आर्टिकल प्रकाशन गरेका कुल शिक्षक संख्याः | ....... |
| वि.४३. | क्याम्पसका सबै शिक्षकले प्रकाशन गरेका जम्मा जर्नल आर्टिकल संख्याः | ....... |

***क्याम्पसको जमिनको विविरण तल उल्लेख गर्नुहोसः***

| | | | | |
|---|---|---|---|---|
| वि.४४. | क्याम्पसको कुल जमिनको क्षेत्रफलः ...... रोपनी | | वि.४५. | आफ्नो जमिनको क्षेत्रफलः ..... रोपनी |
| वि.४६. | आफ्नो जमिनको क्षेत्रफलः .......... रोपनी | | वि.४७. | जमिनको चक्लावन्दी ......... ठाउँमा |
| वि.४८. | आफ्नो जमिनको जग्गा धनी प्रमाण पुर्जाः | | (क) छ | (ख) छैन |
| वि.४९. | जमिनको क्षेत्रफल प्रयाप्त छ, छैन? | (क) यथेष्ट छ | (ख) निर्वाह चल्छ | (ग) अपुग छ |

***क्याम्पसको भवन तथा कोठाहरूको विविरण र प्रयाप्तता तल उल्लेख गर्नुहोसः***

| | | | | | |
|---|---|---|---|---|---|
| वि.५०. | भवनको स्वामित्व | | (क) आफ्नो | (ख) भाडाको | |
| वि.५१. | भवनमा जम्मा कोठा संख्याः | .......... | वि.५२. | जम्मा कक्षा-कोठो संख्याः | ............. |
| वि.५३. | पुस्तकालय कोठाको क्षेत्रफलः | .......... | वि.५४. | प्रयोगशाला कोठा संख्याः | ............. |
| वि.५५. | परिसरमा जम्मा पुरुष सौचालय संख्याः | ....... | वि.५६. | परिसरमा जम्मा महिला सौचालय संख्याः | ...... |
| वि.५७. | कक्षा-कोठाको प्रयाप्तता कस्तो छ? | | (क) यथेष्ट छ | (ख) निर्वाह चल्छ | (ग) अपुग छ |
| वि.५८. | सबै किसिमका कोठाको प्रयाप्तता कस्तो छ? | | (क) यथेष्ट छ | (ख) निर्वाह चल्छ | (ग) अपुग छ |

***आइटी तथा सिकाई साधन सम्बन्धी विवरण तथा मूल्याङ्कन तल उल्लेख गर्नुहोसः***

| | | | | |
|---|---|---|---|---|
| वि.५९. | कम्प्यूटर संख्याः ____________ | (क) यथेष्ट छ | (ख) निर्वाह चल्छ | (ग) अपुग छ |
| वि.६०. | प्रिन्टर संख्याः ____________ | (क) यथेष्ट छ | (ख) निर्वाह चल्छ | (ग) अपुग छ |
| वि.६१. | फोटोकपी मसिन संख्याः ____________ | (क) यथेष्ट छ | (ख) निर्वाह चल्छ | (ग) अपुग छ |
| वि.६२. | मल्टीमिडिया संख्याः ____________ | (क) यथेष्ट छ | (ख) निर्वाह चल्छ | (ग) अपुग छ |
| वि.६३. | सूचना प्रविधि प्रयोगशाला (IT & Computer Lab) छ, छैन? | | (क) छ | (ख) छैन |
| वि.६४. | सूचना प्रविधि प्रयोगशालाको क्षमता कति छ? | (क) यथेष्ट छ | (ख) निर्वाह चल्छ | (ग) अपुग छ |
| वि.६५. | अन्य प्रयोगशालाहरू छन्, छैनन्? | | (क) छन् | (ख) छैनन् |
| वि.६६. | अन्य प्रयोगशालाको प्रकार कस्तो छ? | (क) ........ | (ख) ............ | (ग) ........... |
| वि.६७. | इन्टर्नशीपको नियमितिता छ, छैन? | | (क) छ | (ख) छैन |
| वि.६८. | पुस्तकालय सिट संख्याः ____________ | (क) यथेष्ट छ | (ख) निर्वाह चल्छ | (ग) अपुग छ |
| वि.६९. | पुस्तक संख्याः ____________ | (क) यथेष्ट छ | (ख) निर्वाह चल्छ | (ग) अपुग छ |

| | | | | |
|---|---|---|---|---|
| वि.७०. | सबै किसिमका भौतिक पूर्वाधारको प्रयाप्तताः | (क) यथेष्ट छ | (ख) निर्वाह चल्छ | (ग) अपुग छ |

*अनुसन्धान तथा प्रोजेक्ट सम्बन्धी जानकारी तल दिनुहोसः*

| | | | |
|---|---|---|---|
| वि.७१. | शिक्षकको लागि अनुसन्धान बजेट छ, छैन? | (क) छ | (ख) छैन |
| वि.७२. | संगठित शिक्षक प्रोजेक्ट कार्य छ, छैन? | (क) छ | (ख) छैन |
| वि.७३. | विद्यार्थीहरूका लागि अनुसन्धान बजेट छ, छैन? | (क) छ | (ख) छैन |
| वि.७४. | संगठित विद्यार्थी प्रोजेक्ट कार्य छ, छैन? | (क) छ | (ख) छैन |

*बजेट तथा आयस्रोत सम्बन्धी विवरण तथा मूल्याङ्कन तल दिनुहोसः*

| | | | |
|---|---|---|---|
| वि.७५. | UGC QAA प्रकृयामा समेल भएको छ, छैन? | (क) छ | (ख) छैन |
| वि.७६. | वार्षिक बजेट रकमः | रु...................... | |
| वि.७७. | नियमित वार्षिक UGC अनुदान रकमः | रु...................... | |
| वि.७८. | नियमित वार्षिक गण्डकी प्रदेश अनुदान रकमः | रु...................... | |
| वि.७९. | विशेष (नियमित) वार्षिक अनुदान रकमः | रु...................... | |
| वि.८०. | अन्य वार्षिक अनुदान रकमः | रु...................... | |
| वि.८१. | कलेजको नियमित फी आय | रु...................... | |
| वि.८२. | कलेजको व्याज, भाडा आदीबाट नियमित आय | रु...................... | |
| वि.८३. | कलेजको अन्य आय | रु...................... | |
| वि.८४. | मानव संसाधनको स्थायीत्वका लागि आर्थीक योगदान छ, छैन? | (क) छ | (ख) छैन |
| वि.८५. | मानव संसाधनको तलव स्केल आङ्गिक क्याम्पस सरह छ, छैन? | (क) सरह छ | (ख) कम छ |
| वि.८६. | अक्षयकोष (Endowment Fund) छ, छैन? | (क) छ | (ख) छैन |
| वि.८७. | गुणस्तरीय कार्यक्रमहरू सञ्चालन गर्न बजेट अपुग छ, छैन? | (क) छ | (ख) छैन |
| वि.८८. | गुणस्तरीय कार्यक्रमहरू सञ्चालन गर्न कति बजेट अपुग छ? | रु...................... | |

*तलका विषयमा अनुदानको आवश्यकता के-कस्तो छ उल्लेख गर्नुहोसः*

| **क्र.सं.** | **क्षेत्र** | **विषय** | **खासै आवश्यक छैन** | **आवश्यक छ** | **ज्यादै ठूलो आवश्यक छ** |
|---|---|---|---|---|---|
| **वि.८९.** | **भौतिक पूर्वाधार** | कक्षा-कोठा | | | |
| | | पुस्तकालय | | | |

| क्र.सं. | क्षेत्र | विषय | खासै आवश्यक छैन | आवश्यक छ | ज्यादै ठूलो आवश्यक छ |
|---|---|---|---|---|---|
| | | आईटी ल्याव | | | |
| | | विज्ञान लगायत अन्य ल्याव | | | |
| **वि.९०.** | **सिकाइका साधनहरू** | पुस्तक | | | |
| **वि.९१.** | **ई-रिसोर्सेज** | ई-रिसोर्सेज | | | |
| **वि.९२.** | **अनुसन्धान** | क्षमता विकास तालिम् तथा कायशाला गोष्ठी | | | |
| | | जर्नल प्रकाशन अनुदान | | | |
| | | शिक्षक/विद्यार्थी अनुसन्धान अनुदान/सहयोग | | | |
| **वि.९३.** | **क्षमता विकास** | शिक्षक, कर्मचारी | | | |
| | | शैक्षिक कार्यक्रम विस्तार | | | |
| **वि.९४.** | **विद्यार्थी कार्यक्रम** | आउटडोर खेल संरचना | | | |
| | | इन्डोर खेल संरचना | | | |
| | | ECA/CCA | | | |
| | | छात्रबृत्ति | | | |

| **वि.९५.** | **तपाईलाई लागेका अन्य अनुदान प्रदान गर्नु पर्ने भए सो सम्बनधमा तल लेख्नुसोस्** |
|---|---|
| | |

*विवरण भर्ने र प्रमाणित गर्ने अधिकारी*

**विवरण भर्ने अधिकारी** **प्रमाणित गर्ने अधिकारी**

| | | | |
|---|---|---|---|
| दस्तखत | ___________________ | दस्तखत | ___________________ |
| नामः | ___________________ | नामः | ___________________ |
| पदः | ___________________ | पदः | ___________________ |
| सम्पर्क नं. | ................................ | | |

**Related to वि.१९**

## Source: PERFORMANCE PROGRESS MONITORING FORM — २०७५

## (Participating Community Campuses)

### ANNEX - ३: EDUCATIONALLY DISADVANTAGED STUDENTS' LIST

**Literacy Rate by Ethnic/Caste Groups, २०११ Census - Educationally Disadvantaged Ethnic/Caste Groups**

**National Literacy Rate : ६५.९४%**

| SN | Ethnic/caste Groups | Male | | | Female | | | Total Literacy (%) |
|---|---|---|---|---|---|---|---|---|
| | | Literate | Total | Literary (%) | Literate | Total | Literary (%) | |
| १ | Amat | ११२३ | १७१६ | ६५.४४ | ६७५ | १६९६ | ३९.८ | ५२.७ |
| २ | Badhaee | ९०४४ | १३३११ | ६७.९४ | ५२५७ | १२३८८ | ४२.४४ | ५५.६५ |
| ३ | Badi | ११४६३ | १५९२५ | ७१.९८ | ९९११ | १८०८४ | ५४.८१ | ६२.८५ |
| ४ | Bantar/Sardar | १२९६५ | २४१३७ | ५३.७१ | ८७६१ | २५१०१ | ३४.९ | ४४.१२ |
| ५ | Baraee | २५३५६ | ३६४८८ | ६९.४९ | १५२७७ | ३५१४० | ४३.४७ | ५६.७३ |
| ६ | Bhote | ३८५४ | ५७२७ | ६७.३ | ३१५८ | ६४४६ | ४८.९९ | ५७.६ |
| ७ | Bin | ११८५३ | ३२९५३ | ३५.९७ | ६२०४ | ३२६६२ | १८.९९ | २७.५२ |
| ८ | Bote | ३०५५ | ४५१७ | ६७.६३ | २६६८ | ४८७० | ५४.७८ | ६०.९७ |
| ९ | Brahmu/Baramo | २३३९ | ३३११ | ७०.६४ | २३३८ | ४०८३ | ५७.२६ | ६३.२५ |
| १० | Byasi/Sanka | ११९७ | १६६९ | ७१.७२ | ८२८ | १७४६ | ४७.४२ | ५९.३ |
| ११ | Chamar/Harijan/Ram | ६८५७४ | १४८५१६ | ४६.१७ | ४०५६९ | १४६२५८ | २७.७४ | ३७.०३ |
| १२ | Chepang/Praja | १६१३० | २९५९१ | ५४.५१ | ११९९९ | २८७४६ | ४१.७४ | ४८.२२ |
| १३ | Chidimar | २६४ | ५६१ | ४७.०६ | १८८ | ५५२ | ३४.०६ | ४०.६१ |
| १४ | Dalit Others | ४३५५१ | ६३७८३ | ६८.२८ | ३२११४ | ७०६८२ | ४५.४३ | ५६.२७ |
| १५ | Damai/Dholi | १३५६०० | १९१४८६ | ७०.८१ | १२५२०९ | २२५६२५ | ५५.४९ | ६२.५३ |
| १६ | Danuwar | २४७२५ | ३५९७७ | ६८.७२ | १९६३३ | ४०२२० | ४८.८१ | ५८.२१ |
| १७ | Dhandi | ५३२ | ८८४ | ६०.१८ | ३०१ | ८५७ | ३५.१२ | ४७.८५ |
| १८ | Dhankar/Kharikar | ५७९ | ११८० | ४९.०७ | ३७७ | ११५७ | ३२.५८ | ४०.९१ |
| १९ | Dhanuk | ५९६९९ | ९७८४९ | ६१.०१ | ३५३६९ | ९७०९६ | ३६.४३ | ४८.७७ |
| २० | Dhobi | २६६११ | ४९११० | ५४.१९ | १४७३७ | ४६८४० | ३१.४६ | ४३.०९ |
| २१ | Dhunia | २८३८ | ६३३३ | ४४.८१ | १५७९ | ६५२७ | २४.१९ | ३४.३५ |
| २२ | Dolpo | ६९३ | १८०२ | ३८.४६ | ३६८ | १९४० | १८.९७ | २८.३५ |
| २३ | Dom | १४७५ | ५५९४ | २६.३७ | ७७९ | ५५०३ | १४.१६ | २०.३१ |
| २४ | Dusadh/Pasawan/Pasi | ४०८१६ | ९२९२८ | ४३.९२ | २३८८७ | ९००२४ | २६.५३ | ३५.३७ |
| २५ | Gaderi/Bhedhar | ७३४३ | ११९०८ | ६१.६६ | ४३८३ | ११४६९ | ३८.२२ | ५०.१६ |
| २६ | Gangai | १२३१७ | १६४२६ | ७४.९८ | ८७८४ | १६८६१ | ५२.१ | ६३.३९ |
| २७ | Ghale | ६८८६ | ९४८७ | ७२.५८ | ६३५१ | ११३५७ | ५५.९२ | ६३.५१ |
| २८ | Hajam/Thakur | ३६४४२ | ५४२४८ | ६७.१८ | २१५८८ | ५०५८९ | ४२.६७ | ५५.३५ |
| २९ | Halkhor | ८२६ | १८१२ | ४५.५८ | ५०१ | १७११ | २९.२८ | ३७.६७ |
| ३० | Hayu | ८५४ | १२१३ | ७०.४ | ७११ | १३७८ | ५१.६ | ६०.४ |

| SN | Ethnic/caste Groups | Male | | | Female | | | Total Literacy (%) |
|---|---|---|---|---|---|---|---|---|
| | | Literate | Total | Literary (%) | Literate | Total | Literary (%) | |
| ३१ | Hyolmo | ३३९१ | ४८१९ | ७०.३७ | २८७७ | ५२८६ | ५४.४३ | ६२.०३ |
| ३२ | Janajati Others | ४२३ | ५५९ | ७५.६७ | ३२६ | ५८२ | ५६.०१ | ६५.६४ |
| ३३ | Jhangad/Dhagar | ९३९४ | १६२६६ | ५७.७५ | ७३१७ | १७४४६ | ४१.९४ | ४९.५७ |
| ३४ | Kahar | १४५२१ | २४०४७ | ६०.३९ | ८१६४ | २२८८८ | ३५.६७ | ४८.३३ |
| ३५ | Kalar | २६९ | ४५४ | ५९.२५ | २२२ | ५०१ | ४४.३१ | ५१.४१ |
| ३६ | Kamar | ५४० | ८०३ | ६७.२५ | ३५८ | ७९२ | ४५.२ | ५६.३ |
| ३७ | Kami | ३५७९३७ | ५०६७२२ | ७०.६४ | ३२६५३२ | ५९७१८५ | ५४.६८ | ६२ |
| ३८ | Kanu | ३८३४२ | ५८१०७ | ६५.९९ | २१३३४ | ५२२६८ | ४०.८२ | ५४.०७ |
| ३९ | Kewat | ४१७४६ | ६७७९६ | ६१.५८ | २६४५३ | ६९०९६ | ३८.२८ | ४९.८२ |
| ४० | Khatwe | २०१५६ | ४३२८२ | ४६.५५ | ११५३४ | ४५४१९ | २५.३९ | ३५.७२ |
| ४१ | Khawas | ६२७७ | ८१५६ | ७६.९६ | ४८८० | ९००१ | ५४.२२ | ६५.०३ |
| ४२ | Kisan | ४७३ | ७४४ | ६३.५८ | ४४५ | ८२६ | ५३.८७ | ५८.४७ |
| ४३ | Koche | ४९२ | ७३४ | ६७.०३ | ३३५ | ७२५ | ४६.२१ | ५६.६८ |
| ४४ | Koiri/Kushwaha | ९६८०९ | १४१२६३ | ६८.५३ | ५९२२० | १३२४८९ | ४४.७ | ५७ |
| ४५ | Kori | २४४६ | ५६२९ | ४३.४५ | १२२२ | ५११३ | २३.९ | ३४.१५ |
| ४६ | Kumal | ३६५२० | ५१०४८ | ७१.५४ | ३१८३२ | ५७२९१ | ५५.५६ | ६३.०९ |
| ४७ | Kumhar | १६७३९ | २८३७० | ५९ | ९५१६ | २६८३९ | ३५.४६ | ४७.५६ |
| ४८ | Kurmi | ६६३०१ | १०६२८५ | ६२.३८ | ३६५३० | ९८५६७ | ३७.०६ | ५०.२ |
| ४९ | Kusunda | ८४ | ११८ | ७१.१९ | ७५ | १३५ | ५५.५६ | ६२.८५ |
| ५० | Lhomi | ४३४ | ६७२ | ६४.५८ | ३६४ | ८२० | ४४.३९ | ५३.४९ |
| ५१ | Lhopa | ७१५ | १२०७ | ५९.२४ | ४२८ | १२४५ | ३४.३८ | ४६.६२ |
| ५२ | Lodh | ८३१९ | १४६६६ | ५६.७२ | ४३४६ | १४२२५ | ३०.५५ | ४३.८४ |
| ५३ | Lohar | २९३२० | ४४८५० | ६५.३७ | १७९१२ | ४३८८१ | ४०.८२ | ५३.२३ |
| ५४ | Majhi | २४०१३ | ३६६४२ | ६५.५३ | १९७३३ | ३८७६५ | ५०.९ | ५८.०१ |
| ५५ | Mali | ४११२ | ६७७९ | ६०.६६ | २४९७ | ६५३२ | ३८.२३ | ४९.६५ |
| ५६ | Mallaha | ३६७५० | ७६९५२ | ४७.७६ | १९६८१ | ७४४८२ | २६.४२ | ३७.२६ |
| ५७ | Munda | ६८८ | ९७८ | ७०.३५ | ५४२ | ११८८ | ४५.६२ | ५६.७९ |
| ५८ | Musahar | २७७२५ | १०३०६४ | २६.९ | १६८९८ | १०१४०६ | १६.६६ | २१.८२ |
| ५९ | Musalman | २७००७६ | ५०९१२७ | ५३.०५ | १७१३२६ | ५०४१२८ | ३३.९८ | ४३.५६ |
| ६० | Nachhiring | २२९० | ३१३६ | ७३.०२ | १८५१ | ३२५० | ५६.९५ | ६४.८४ |
| ६१ | Natuwa | ५४६ | १३४७ | ४०.५३ | २९६ | १२८२ | २३.०९ | ३२.०३ |
| ६२ | Nuniya | १४४६५ | ३१९४१ | ४५.२९ | ७२४९ | २९६९९ | २४.४१ | ३५.२३ |
| ६३ | Nurang | ५९ | १०२ | ५७.८४ | ६१ | १६१ | ३७.८९ | ४५.६३ |
| ६४ | Pahari | ३६०६ | ५९८९ | ६०.२१ | २८८९ | ६२४० | ४६.३ | ५३.११ |
| ६५ | Pattharkatta/Kushwadiya | ८१५ | १३८६ | ५८.८ | ६०८ | १४०८ | ४३.१८ | ५०.९३ |
| ६६ | Rajbhar | २८८३ | ४३५० | ६६.२८ | १७८८ | ४१४६ | ४३.१३ | ५४.९८ |
| ६७ | Rajdhob | ४४३५ | ६०२३ | ७३.६३ | २५६९ | ५८५४ | ४३.८८ | ५८.९७ |
| ६८ | Raji | ११०५ | १७९३ | ६१.६३ | ९१३ | १९२५ | ४७.४३ | ५४.२८ |
| ६९ | Raute | १३० | २७५ | ४७.२७ | ९७ | २५७ | ३७.७४ | ४२.६७ |
| ७० | Sarbaria | १२५० | २१८० | ५७.३४ | ७३७ | २१२३ | ३४.७२ | ४६.१८ |
| ७१ | Sarki | १०४४०५ | १५०७५७ | ६९.२५ | ९७२६७ | १८१२६३ | ५३.६६ | ६०.७४ |

| SN | Ethnic/caste Groups | Male | | | Female | | | Total Literacy (%) |
|---|---|---|---|---|---|---|---|---|
| | | Literate | Total | Literary (%) | Literate | Total | Literary (%) | |
| ७२ | Satar/Santhal | १२६९२ | २२६५२ | ५६.०३ | ९४७१ | २३२३३ | ४०.७७ | ४८.३ |
| ७३ | Sonar | २०४९७ | २९२४५ | ७०.०९ | १३४८८ | २७७९१ | ४८.५३ | ५९.५९ |
| ७४ | Sunuwar | १७७५५ | २४२२४ | ७३.३ | १५४५९ | २६४३७ | ५८.४७ | ६५.५६ |
| ७५ | Tajpuriya | ६२४८ | ८३९० | ७४.४७ | ४६६६ | ९०२८ | ५१.६८ | ६२.६६ |
| ७६ | Tamang | ४७८४०८ | ६७४०८४ | ७०.९७ | ३९८४९३ | ७२६७३१ | ५४.८३ | ६२.६ |
| ७७ | Tatma/Tatwa | २२९५३ | ४६०६२ | ४९.८३ | १३०९८ | ४६११८ | २८.४ | ३९.११ |
| ७८ | Teli | १२६५९० | १७२०६३ | ७३.५७ | ७७८१४ | १५९५९४ | ४८.७६ | ६१.६३ |
| ७९ | Terai Others | ३१५१४ | ४८२७१ | ६५.२९ | १८३९९ | ४४५९४ | ४१.२६ | ५३.७५ |
| ८० | Thami | ७९९९ | १२३६३ | ६४.७ | ६६२० | १३११२ | ५०.४९ | ५७.३९ |
| ८१ | Tharu | ५७७५७८ | ७८१११५ | ७३.९४ | ४५११०१ | ८१५८७३ | ५५.२९ | ६४.४१ |
| ८२ | Topkegola | ४१९ | ६३६ | ६५.८८ | ३५७ | ७०८ | ५०.४२ | ५७.७४ |
| ८३ | Undefined Others | ४८६७ | ६९१५ | ७०.३८ | ३९३३ | ७१६५ | ५४.८९ | ६२.५ |
| ८४ | Walung | ३९६ | ५६८ | ६९.७२ | २९४ | ५५२ | ५३.२६ | ६१.६१ |
| ८५ | Yadav | ३११८९४ | ४८६३८३ | ६४.१३ | १७५९४१ | ४५५७२६ | ३८.६१ | ५१.७८ |
| | **Total** | **८६६३४७६** | **११५३०६३१** | **७५.१३** | **७१०९७०९** | **१२३८९७७९** | **५७.३८** | **६५.९४** |

**Reference: Population Monograph of Nepal Volume II (Social Demography)**

# अनुसूची ४

# स्थलगत अवलोकन फाराम

शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, नेपाल

**उच्च शिक्षा पूर्वाधार विकास एवम् अनुदान प्रणालीका लागी मानक विकास**

**स्थलगत अवलोकन फाराम (Field Observation Form)**
**(सामुदायिक क्याम्पसहरुमा अनुदानको आवस्यकता रहेका क्षेत्रहरुको पहिचान)**

## १. क्याम्पसको जानकारी (Campus Information):

क्याम्पसको नाम : ____________________________________________

ठेगानाः ____________________________________________

*कृपया उपयुक्त विकल्पमा ठिक चिन्ह ☑ लगाउनु होला।*

क) क्याम्पसमा सञ्चालित तह : ☐ स्नातक ☐ स्नातकोत्तर ☐ अन्यः _________

ख) सञ्चालित कार्यक्रमहरु :

स्नातक : ____________________________________________

स्नातकोतर : ____________________________________________

ग) विद्यार्थी सङ्ख्या :

स्नातक : _____________ स्नातकोतर : __________

## २. भौतिक पूर्वाधारको अवस्थाः

| विवरण | राम्रो नभएको | ठिकै | राम्रो रहेको | कैफियत |
|---|---|---|---|---|
| क्याम्पसको भवनहरु | | | | |
| क्याम्पसको जग्गाको अवस्था | | | | |
| कार्यालयहरुको अवस्था | | | | |
| कक्षाकोठाहरुको अवस्था | | | | |
| पुस्तकालयको अवस्था | | | | |
| प्रयोगशालाहरुको अवस्था | | | | |
| खेलकुदको पूर्वाधारहरु | | | | |
| शिक्षक कोठाहरु | | | | |
| सेमिनार हल | | | | |
| सूचना प्रविधिको पूर्वाधार | | | | |
| पिउने पानीको अवस्था | | | | |
| शौचालयको अवस्था | | | | |

*भौतिक पूर्वाधारको मर्मत, सुधार तथा विकासको लागि अनुदानको आवश्यकताको विवरण :*

## ३. शिक्षण र सिकाई :

| विवरण | राम्रो नभएको | ठिकै | राम्रो रहेको | कैफियत |
|---|---|---|---|---|
| कक्षाकोठाको फर्निचर | | | | |
| कक्षाकोठाको वातावरण | | | | |
| पुस्तकालय सामाग्रीहरु | | | | |
| Online/E-स्रोतहरुको उपलब्धता | | | | |
| शिक्षकहरुको व्यवस्था | | | | |
| शिक्षण र सिकाईको विधि | | | | |
| शिक्षण र सिकाईमा प्रविधिको प्रयोग | | | | |
| शिक्षकहरुको क्षमता विकास | | | | |
| शैक्षिक क्यालेन्डरको कार्यान्वयन | | | | |
| विधार्थीहरुको उतिर्ण रेट | | | | |
| विधार्थीहरुको drop-out रेट | | | | |
| विधार्थीहरुको रोजगारीको अवस्था | | | | |
| विधार्थीहरुको उद्यमशीलता | | | | |

*शिक्षण र सिकाईको स्थर सुधारको लागि अनुदानको आवश्यकताको विवरण:*

## ४. आइसीटी सुविधा तथा उपलब्धताः

क) कम्प्युटर प्रयोगशाला : ☐ भएको ☐ नभएको

ख) कम्प्युटर सङ्ख्या (प्रयोगमा रहेका): __________

ग) इन्टरनेट सुविधा : ☐ जडान गरिएको ☐ जडान नगरिएको

घ) इन्टरनेटको क्षमता (MBPS मा ) : ☐ १० भन्दा कम ☐ १० — २०

☐ २० भन्दा बढी

ङ) निशुल्क wifi सुविधा : ☐ रहेको ☐ नरहेको

च) कोभिड-१९ महामारीको समयमा Online Class संचालन : ☐ गरेको ☐ नगरेको

**सूचना प्रविधि सम्वन्धी सुविधाको अवस्थाः**

| विवरण | राम्रो छैन | ठिकै छ | राम्रो छ | कैफियत |
|---|---|---|---|---|
| कम्प्युटर ल्याब | | | | |
| कम्प्युटरको सङ्ख्या | | | | |
| शिक्षककोठामा कम्प्युटरको व्यवस्था | | | | |
| कम्प्युटर प्रयोग गर्न पाउने समय | | | | |
| कम्प्युटरको अवस्था | | | | |
| कम्प्युटर सम्वन्धी प्रशिक्षण | | | | |
| इन्टरनेटको सुविधा | | | | |

*सूचना प्रविधि सम्वन्धी सुविधाको स्थर सुधारको लागि अनुदानको आवश्यकताको विवरणः*

## ५. अनुसन्धान तथा प्रकाशनः

क) अनुसन्धान व्यवस्थापन इकाई (Research Management Cell) : ☐ भएको ☐ नभएको

ख) जर्नल प्रकाशन : ☐ भएको ☐ नभएको

ग) अनुसन्धान क्षमता विकास र प्रवर्धनको लागि बजेट : ☐ रहेको ☐ नरहेको

(रहेको भए वार्षिक रकमः _______________ )

**अनुसन्धान तथा प्रकाशनको अवस्थाः**

| विवरण | राम्रो छैन | ठिकै छ | राम्रो छ | कैफियत |
|---|---|---|---|---|
| RMC को पूर्वाधार | | | | |
| जर्नलको गुणस्तर | | | | |
| जर्नल प्रकाशनको नियमितता | | | | |
| अनुसन्धान सम्वन्धि कार्यक्रमहरु | | | | |
| अनुसन्धानको लागि अनुदान | | | | |
| क्याम्पस website | | | | |
| वार्षिक रिपोर्ट प्रकाशन | | | | |
| रणनैतिक योजना प्रकाशन | | | | |
| Tracer Study | | | | |

*अनुसन्धान तथा प्रकाशनको लागि अनुदानको आवश्यकताको विवरणः*

| |
|---|
| |

## ६. विधार्थी कल्याण तथा समाजिक कार्यहरुः

क) विधार्थी कल्याण इकाई (Student Welfare Cell) : ☐ भएको ☐ नभएको

ख) विधार्थीहरुलाई छात्रवृत्तिको व्यवस्थाः ☐ रहेको ☐ नरहेको

ग) विधार्थी कल्याण तथा समाजिक कार्यहरुको लागि बजेट : ☐ रहेको ☐ नरहेको

(रहेको भए वार्षिक रकमः ________________ )

**विद्यार्थी कल्याण तथा सामाजिक कार्यहरूको अवस्थाः**

| विवरण | राम्रो छैन | ठिकै छ | राम्रो छ | कैफियत |
|---|---|---|---|---|
| छात्रवृत्तिको व्यवस्था | | | | |
| अतिरिक्त क्रियाकलापहरु (ECA) | | | | |
| विधार्थी परामर्श इकाई | | | | |
| विधार्थी क्षमता विकास कार्यक्रमहरु | | | | |
| Alumni कार्यक्रमहरु | | | | |
| स्वास्थ्य सेवा | | | | |
| महिला कोठाको अवस्था | | | | |
| अपाङ्गता मैत्री पूर्वाधार | | | | |
| खेलकुद सामग्रीहरु | | | | |
| सामुदायिक कार्यक्रमहरु | | | | |

*विधार्थी कल्याण तथा समाजिक कार्यहरुको लागि अनुदानको आवश्यकताको विवरणः*

**७. माथि उल्लेखित बाहेक अन्य अनुदान सम्वन्धि आवश्यकताको उल्लेख गर्नुहोस् ।**

...........................................................................................................

...........................................................................................................

...........................................................................................................

...........................................................................................................

...........................................................................................................

समय र सूचनाको लागि धेरै धेरै धन्यवाद

## अनुसूची ५

## उच्च शिक्षा पूर्वाधार विकास तथा अनुदान प्रणालीका लागि मानक विकास सम्बन्धी क्याम्पस प्रमुखहरू सँग सुझाव सङ्कलन कार्यशालामा सहभागीहरूको विवरण

| क्र.स. | सहभागीको नाम थर | पद | संस्थाको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | श्री रमेश अधिकारी | क्या. प्रमुख | श्री भानुभक्त बहुमुखी क्याम्पस, तनहुँ | |
| २ | श्री हेमराज महत्तो | क्या. प्रमुख | श्री मध्यवर्ती बहुमुखी क्याम्पस, नवलपुर | |
| ३ | श्री ऋषिराम वुढाथोकि | क्या. प्रमुख | श्री जनप्रकाश बहुमुखी क्याम्पस, कास्की | |
| ४ | श्री गोरख बहादुर जि.सि | क्या. प्रमुख | श्री म्याग्दी बहुमुखी क्याम्पस, म्याग्दी | |
| ५ | श्री सच्चिदान्द यादव | क्या. प्रमुख | श्री वालिङ्ग बहुमुखी क्याम्पस, स्याङ्गजा | |
| ६ | श्री केशव राज काफ्ले | क्या. प्रमुख | श्री जन ज्योति बहुमुखी क्याम्पस, तनहुँ | |
| ७ | श्री महा प्रसाद हड्खले | क्या. प्रमुख | श्री आदिकवि बहुमुखी क्याम्पस, तनहुँ | |
| ८ | श्री राम चन्द्र दुवाडी | क्या. प्रमुख | श्री द्रव्य शाह बहुमुखी क्याम्पस, गोरखा | |
| ९ | श्री धर्मराज बराल | क्या. प्रमुख | श्री गुसेश्वर बहुमुखी क्याम्पस, पोखरा | |
| १० | श्री कृष्ण प्रसाद पौडेल | क्या. प्रमुख | श्री गौरीशंकर बहुमुखी क्याम्पस, कास्की | |
| ११ | श्री बिरन्जी गौतम | क्या. प्रमुख | श्री कालिका बहुमुखी क्याम्पस, कास्की | |
| १२ | श्री सुरेश कुमार मानन्धर | क्या. प्रमुख | श्री कन्या बहुमुखी क्याम्पस, पोखरा | |
| १३ | श्री दिपेन्द्र खड्का | क्या. प्रमुख | श्री कृष्ण गण्डकी क्याम्पस, बागलुङ | |
| १४ | श्री बालकृष्ण कँडेल | क्या. प्रमुख | श्री भीमसेन क्याम्पस, बागलुङ | |
| १५ | श्री कृष्ण बराल | क्या. प्रमुख | श्री जनप्रिय बहुमुखी क्याम्पस, पोखरा | |
| १६ | श्री हरि बाबु थापा | क्या. प्रमुख | श्री मर्स्याङ्दी बहुमुखी क्याम्पस, लमजुंग | |
| १७ | श्री बावुराम सिग्देल | क्या. प्रमुख | श्री त्रिभुवन बहुमुखी क्याम्पस,स्याङ्जा | |
| १८ | श्री मुक्ति प्रसाद रेग्मी | क्या. प्रमुख | श्री पुष्पलता ज ए बहुमुखी क्याम्पस, लमजुंग | |
| १९ | श्री दिपेन्द्र पौडेल | क्या. प्रमुख | श्री सूर्य भक्त पतना देवी बहुमुखी क्याम्पस | |
| २० | श्री बाबुराम राना मगर | क्या. प्रमुख | श्री लुम्बिनी आदर्श डिग्री क्याम्पस, नवलपुर | |
| २१ | श्री गणेशमान गिरी | क्या. प्रमुख | श्री मध्यविन्दु क्याम्पस, नवलपुर | |
| २२ | श्री गरु प्रसाद सुवेदी | क्या. प्रमुख | श्री कुमारवर्ती बहुमुखी क्याम्पस, नवलपुर | |
| २३ | श्री संजिव पन्त | क्या. प्रमुख | श्री गल्याङ् बहुमुखी क्याम्पस, स्याङ्जा | |
| २४ | श्री बुद्धि बहादुर राना | का. सदस्य | उच्च शिक्षा पूर्वाधार विकास | |
| २५ | श्री भोजराज न्यौपाने | उपसचिव | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय | |
| २६ | श्री टंक प्रसाद ढकाल | शा. अ. | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय | |

# अनुसूची ६

## उच्च शिक्षा पूर्वाधार विकास तथा अनुदान प्रणालीका लागि मानक विकास सम्बन्धी विज्ञ सँग सुझाव सङ्कलन कार्यशालामा सहभागीहरूको विवरण

| क्र.स. | सहभागीको नाम थर | पद | संस्थाको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | श्री देवेन्द्र लामिछाने | सचिव | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय | |
| २ | श्री मन माया भट्टराई पगेनि | सचिव | मुख्य मन्त्री तथा मन्त्रिपरिषद् कार्यालय | |
| ३ | प्रा.डा. इन्द्र प्रसाद तिवारी | संयोजक | उच्च शिक्षा पूर्वाधार विकास | |
| ४ | प्रा.डा. विकास के.सी. | प्राध्यापक | पृथ्वीनारायण बहुमुखी क्याम्पस पोखरा | |
| ५ | डा. कपिल अधिकारी | डीन | गण्डकी विश्वविद्यालय | |
| ६ | श्री तोय नाथ लम्साल | उपसचिव | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय | |
| ७ | डा. टंक राज अधिकारी | अध्यक्ष | गुसेश्वर बहुमुखी क्याम्पस | |
| ८ | श्री निर्मल प्रसाद बराल | क्या. प्रमुख | पश्चिमाञ्चल क्याम्पस पोखरा | |
| ८ | श्री तिलक प्रसाद सिलवाल | उपसचिव | शिक्षा विकास निर्देशनालय पोखरा | |
| १० | श्री जानकी देवी शर्मा | शा. अ. | मुख्य मन्त्री तथा मन्त्रिपरिषद् कार्यालय | |
| ११ | डा. सूर्य बहादुर जी.सी. | का. सदस्य | उच्च शिक्षा पूर्वाधार विकास | |
| १२ | श्री बुद्धि बहादुर राना | का. सदस्य | उच्च शिक्षा पूर्वाधार विकास | |
| १३ | श्री पुष्पराज पौडेल | उपसचिव | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय | |
| १४ | श्री ऋषिराज बास्तोला | शा. अ. | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय | |
| १५ | श्री बद्री प्रसाद वाग्ले | स. अ. | राष्ट्रिय वाल अधिकार परिषद | |
| १६ | श्री भोजराज न्यौपाने | उपसचिव | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय | |
| १७ | श्री टंक प्रसाद ढकाल | शा. अ. | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय | |
| १८ | श्री सूर्य प्रसाद अधिकारी | लेखा अधिकृत | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय | |
| १९ | श्री मन कुमारी पौडेल | शा. अ. | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय | |

# अनुसूची ७
## अध्ययनसँग सम्बन्धित केही तस्विरहरू



उच्च शिक्षा पूर्वाधार विकास तथा अनुदान प्रणालीका लागि मानक विकास सम्बन्धी क्याम्पस प्रमुखहरू सँग सुझाव सङ्कलन कार्यशाला उद्घाटनसत्रमा सहभागीहरूलाई सम्बोधन गर्दै माननीय मन्त्री श्री मेखलाल श्रेष्ठ



उच्च शिक्षा पूर्वाधार विकास तथा अनुदान प्रणालीका लागि मानक विकास सम्बन्धी क्याम्पस प्रमुखहरू सँग सुझाव सङ्कलन कार्यशालामा सहभागी क्याम्पस प्रमुख र अन्य सहभागीहरू




सामुदायिक क्याम्पसहरूको स्थलगत अवलोकन भ्रमणको सिलसिलामा गुप्तेश्वर बहुमुखी क्याम्पस, कुश्मा, पर्वतमा कार्यदलका सदस्यहरू र क्याम्पस प्रशासनका सदस्यहरूको सामूहिक फोटो



सामुदायिक क्याम्पसहरूको स्थलगत अवलोकन भ्रमणको सिलसिलामा आदिकवि भानुभक्त क्याम्पस, दमौली, तनहुँमा कार्यदलका सदस्यहरू र क्याम्पस प्रशासनका सदस्यहरूको सामूहिक फोटो



सामुदायिक क्याम्पसहरूको स्थलगत अवलोकन भ्रमणको सिलसिलामा जनप्रकाश बहुमुखी क्याम्पस, भण्डारढिक, कास्कीमा कार्यदलका सदस्यहरू र क्याम्पस प्रशासनका सदस्यहरूको सामूहिक फोटो




सामुदायिक क्याम्पसहरूको स्थलगत अवलोकन भ्रमणको सिलसिलामा शिवालय बहुमुखी क्याम्पस, कुश्मा, पर्वतमा कार्यदलका सदस्यहरू र क्याम्पस प्रशासनका सदस्यहरूको सामूहिक फोटो